# बादी समुदायको पहिचान र अवस्था






नेपालगंज उप-महानगरपालिका
बाँके

कमिट नेपाल बाँके

Empowered lives.
Resilient nations.

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
(युएनडीपी) नेपाल

# बादी समुदायको
# पहिचान र अवस्था

नेपालगंज उप-महानगरपालिका
बाँके

कमिट नेपाल बाँके

संयुक्त राष्ट्संघीय विकास कार्यक्रम
(युएनडीपी) नेपाल

**प्रथम प्रकाशन** : २०७६

**प्रकाशक:**
**सामुदायिक सशक्तिकरण तथा रुपान्तरण (कमिट) नेपाल**
नेपालगंज-७ बाँके, प्रदेश ५, नेपाल
फोनः ९७७-८१-५२६६८१
ईमेलः commit.nepal@gmail.com
वेव साइटः http//www.commit.nepal.org.np

**अध्येता/लेखक:**
गोपाल नेपाली/ केशव नेपाली

**प्रकाशन सहयोगी:**
**संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) नेपाल**
यु. एन. हाउस पुल्चोक पो.ब. नं. १०७, काठमाण्डौ, नेपाल

**नेपालगंज उपमहानगरपालिका**
वि.पि. चोक नेपालगंज बाँके,
प्रदेश ५, नेपाल

**प्रथम संस्करण** : २०७६ (५०० प्रति)

ISBN : 978-9937-0-6882-6

**प्रतिलिपी अधिकार** ©: २०७६
**सामुदायिक सशक्तिकरण तथा रूपान्तरण (कमिट) नेपाल**

**मुद्रक : क्रियटिभ प्रोडक्सन प्रा.लि., फोन नं. ९७७-१-५७०५७४१**

अस्वीकरण
यस पुस्तकमा व्यक्त विचार, तथ्याङ्क तथा फोटो लेखक तथा कमिट नेपाल बाँकेका हुन् । यसले युएनडीपी नेपाल तथा नेपालगंज उपमहानगरपालिका बाँकेको कुनै प्रतिनिधित्व गर्दैन ।

# प्रकाशकीय

सामुदायिक सशक्तीकरण तथा रूपान्तरण (कमिट) नेपाल विगत लामो समयदेखि स्थानीय स्तरमा रही बादी तथा अति सीमान्तकृत समुदायमा आधारित तथा स्थापित संस्था हो । यो संस्था वि.सं. २०६५ सालमा बाँके जिल्लाको नेपालगंजमा स्थापना भएको एक सामाजिक संस्था हो । यस संस्थाले आफ्नो स्थापना कालदेखि बादी, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायसँग काम गर्दै आएको छ । यस संस्थाले समाजमा रहेको जातिवाद, जातीय भेदभाव, छुवाछूत, सामाजिक अन्धविश्वास र कुरीतिका विरूद्ध सशक्त रूपमा आवाज उठाउँदै आएको छ ।

विशेषतः बादी समुदायको लुटिएको अस्मितालाई उनीहरूको पौराणिक उच्च इतिहासलाई कायम गर्नको लागि सामाजिक अभियानहरू सञ्चालन गर्दै आइरहेको छ । बादी समुदाय नेपालको वर्णव्यवस्थामा आधारित सामाजिक संरचनामा सवै भन्दा पछाडि पारिएको समुदाय हो । यो समुदायका परम्परागत आफ्नै छुट्टै पहिचान, कला र संस्कृतिहरू रहेका छन् । यो समुदायको इतिहास एउटा असल, सुन्दर, कला संस्कृतिको धनी रहेको हामी पाउँछौं । तर राज्यका शासकहरूले उनीहरूलाई उपयोगमात्रै गर्दै आए ।

विश्व मानव समाज विकास र वैज्ञानिक चमत्कारको अवस्थामा पुगिसकेको छ तर नेपाली समाज भने जात, लिङ्ग, धर्म, वर्णका आधारमा हुने विभेद जस्ता रूढीवादी परम्पराबाट ग्रसित छ । निश्चित रूपमा, मानव जगत जंगली युगबाट कृषि युगमा परिवर्तन भएपछि मालिक र दास, सामान्त र नोकर अनि पुँजीपति र मजदुर वा धनी र गरिबमात्र नभएर हिन्दू वर्णव्यवस्थामा विविध जात–जातिको समेत विकास गरियो । जुन समुदाय आधारभूत पेसा र संस्कृति अपनाउँथे, मिहिनेती हुन्थे, त्यस्ता समुदायलाई तल्लो जाति, अछूत जातिमा समेत रूपान्तरण गरियो । त्यहि अछूतभित्रको पनि अछूत जाति बनाइएको जाति बादी समुदाय हो । यो समुदाय ऐतिहासिक कालदेखि नै दासीका रूपमा राजा, महाराजहरूले आफ्नो मनोरञ्जनको लागि प्रयोग गर्दै आएको देखिन्छ । यस अध्ययनले बादी समुदायको ऐतिहासिक परिचय, बादी समुदायको भूमि र आत्मसम्मानको आन्दोलन, बादी समुदायमा समाजिक धब्बाको रूपमा रहेको यौन शोषण लगायत वर्तमानमा बादी समुदायको पहिचान र सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, राजनैतिक प्रतिनिधित्व, नागरिकता लगायतका विषयमा बादी समुदायको वास्तविकता झल्काउने कोसिस गरेको छ ।

बादी समुदाको बारेमा अहिलेसम्म लेखिएका पुस्तक, अध्ययन अनुसन्धानका प्रतिवेदन तथा विभिन्न साहित्यिक कृतिहरूद्वारा बादी समुदायको एउटा पाटो यौन व्यवसाय गर्ने जाति भनेर जसरी भ्रम फैल्याइएको छ । मलाई विश्वास छ, यो पुस्तकले ती सवै भ्रमलाई चिर्ने छ । बादी समुदायकै लेखक तथा अध्येताहरूले सुक्ष्म रूपमा अध्ययन अनुसन्धान गरी प्रकाशित यो पुस्तकले बादीको यर्थात चित्रण गर्ने मेरो विश्लेषण छ । साथै, यो पुस्तक हालै कमिट नेपाल बाँकेबाट १० जिल्लामा गरिएको नमुना सर्भेक्षणमा आधारित भई प्रकाशित गरिएको छ ।

बादी समुदायको अवस्था विश्लेषण गरी पुस्तकको आकार दिई प्रकाशन गर्ने कार्यका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याई हामीलाई पटक-पटक सल्लाह सुझाव दिनु हुने सल्लाहकार नेपालगंज उप-महानगरपालिकाका मेयर डा. धवल शम्शेर राना, प्रोफेसर डा. जनार्दन आचार्य र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) नेपालका श्री बिन्दा मगरका साथै व्यवस्थापन समितिका सदस्यहरू श्री कौशल कुमार धोबी, श्री देउमल सुनार र श्री मन्जु नेपालीलगायत पुस्तक प्रकाशन कार्यमा हामीलाई सल्लाह सुझाव दिनु हुने नेपालगंज उप-महानगरपालिकाका उप-मेयर श्री उमा थापा मगर, यस बादी समुदायको ऐतिहासिक कार्यमा आर्थिक रूपमा सहयोग प्रदान गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) नेपाल र नेपालगंज उप-महानगरपालिकाका साथै बादी समुदायका सम्पूर्ण अगुवा र बादी समुदायप्रति कृतज्ञता ब्यक्त गर्दछु ।

यस अध्ययनलाई सम्पन्न गर्ने कार्यमा लागेका अवस्था पहिचान तथा पुस्तक प्रकाशन व्यवस्थापन समितिका संयोजक तथा अध्येता/लेखक केशव नेपाली र अनुसन्धाता गोपाल नेपालीप्रति हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु । यसैगरी बादी समुदायको दश वर्षीय रणनैतिक योजना तर्जुमा गोष्ठीका सहजकर्ता देव विर बस्न्यात र यस पुस्तकको पाण्डुलिपी सम्पादन गर्नुहुने अर्जुन कुमार विश्वकर्मा तथा सबिता कोइरालाज्यूलाई धन्यवाद । अन्त्यमा, अध्ययन कार्यमा स्थानीय स्तरबाट आफ्नो अमूल्य विचार दिनु हुने सम्पूर्ण उत्तरदाता एवम् स्रोत व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु ।

**प्रकाश नेपाली**
अध्यक्ष
कमिट नेपाल बाँके

# हाम्रो भनाई

भनिन्छ, इतिहास जित्नेको मात्र लेखिन्छ । इतिहास सधै पक्षपाती हुन्छ, किनभने यसले सधै शक्तिशाली तथा शासकहरूकै क्रियाकलाप, कामको लेखाजोखा गर्ने गर्दछ । बादी समुमाय सधै उत्पीडित तथा शासित भएकाले इतिहासको कालखण्डमा उनीहरूले गाउँ, समाज, सरकार र राज्यमा गरेको बलिदानीपूर्ण योगदानको इतिहास लेखिएन । उनीहरूले जितेकै भए पनि उनीहरूसँग शक्ति नभएका कारण उनीहरूको इतिहास लेखिएन । शासकको इतिहास बहादुरीको मात्र होइन उनीहरूले अपनाएको सँस्कृति तथा संस्कारको पनि लेखिन्छ तर ऐतिहासिक रूपमा नै कला संस्कृतिका धनी बादीहरू त्यो विषयमा कहिल्यै परेनन् ।

नेपालको दलित आन्दोलनमा इतिहासकारहरूको अभाव भएको महसुस हुन्छ । दलित आन्दोलनको वीरतापूर्ण इतिहास लेख्ने जमर्को कसैले गरेनन् । तर फाट्ट फुट्टरूपमा आफ्नो जातको वारेमा लेख्ने कोसिस भने भएको देखिन्छ । विशेषगरी कामी, दमाईं र सार्की समुदायले आफ्नो इतिहास खोतल्ने प्रयासमा गरेको देखिन्छ । दलितभित्रका यी तीन जातिले आफ्नो वंशावलीसमेत तयार गरिसकेको अवस्थामा बादी समुदाय भने यो विषयमा अनभिज्ञ नै देखिन्छ ।

निश्चित रूपमा, जातव्यवस्थाको मूल विशेषता भनेको तहगत श्रेणी सिर्जना गरेर फरक जातबीच अन्तरघुलन हुन नदिनु हो । यसै मनोवृत्तिका कारण पनि दलितभित्र एकताको कमि भएको महसुस हुन्छ । यसरी विभाजित दलितभित्रको बादीले पनि आफ्नो इतिहास आफै लेख्नु पर्छ भन्ने मान्यता कहिल्यै राखिएन । जातका आधारमा हुने विभेद र अपमानलाई सधै सहेर बसेको देखिन्छ । यस्तै आफ्नो इतिहास आफै लेख्नुपर्छ भन्ने मान्यताबाट यो पुस्तक सोचिएको मात्र छ, तर यसका पनि धेरै कमि कमजोरीहरू रहेका हुन सक्छन् । आगामी दिनहरूमा प्राप्त सुझावका आधारमा ती कमजोरीहरू हटाउँदै बादी समुदायको वास्तविक इतिहास, पहिचान तथा अवस्था लेख्ने कोसिस भइरहने छ ।

यो पुस्तक सयौं बादी आमाहरू, जसको अस्मिता लुटिएको थियो, लुटिएको अस्मिताको बीचमा आफ्ना सन्तानलाई कसरी न्यानो माया दिएका थिए, हजारौं बुबाहरू, जसले मादलको बर्ता, बल्छी र जालसँगै आफ्नो जीवन व्यतित गरे, ती लाखौं दाजुहरू, जसले अत्याचारको जंजीरबाट उम्कन खोज्दा लात र बुट खाए, लाखौं भाइहरू, जो परिवर्तको लागि लड्दैछन्, उनीहरूको कथा बनाउन खोजिएको हो ।

यो खोजी कार्यमा विभिन्न व्यक्ति संस्थाहरूको प्रत्यक्ष र अप्रत्यक्षरूपमा सहयोग रहेको छ । उनीहरूप्रति सबैमा हार्दिक नमन व्यक्ति गर्दछौं । साथै, यस अध्ययन टोलीमा सहयोग गर्नु हुने सबै सहकर्मीहरूप्रति आभार व्यक्त गर्दछौं । आफ्नो अमूल्य समय दिएर हामीलाई तथ्याङ्क दिनु हुने उत्तरदाता, पुस्तक लेखनमा आफ्नो अमूल्य सुझाव दिने विभिन्न स्रोत व्यक्ति, तथा बादी अगुवाहरूप्रति पनि साधुवाद । यो अध्ययनको लागि हामीलाई जिम्मेवारी दिने संस्था सामुदायिक सशक्तीकरण तथा रूपान्तरण (कमिट) नेपाल र यसका अध्यक्ष प्रकाश नेपाली तथा कमिट नेपाल परिवारप्रति आभार व्यक्त गर्दछौं ।

**गोपाल नेपाली**
अनुसन्धाता

**केशव नेपाली**
अध्येता तथा संयोजक
बादी समुदायको अवस्था पहिचान
तथा पुस्तक प्रकाशन व्यवस्थापन समिति
२०७६

फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०३१६
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय,
नेपालगञ्ज, बाँके,

## शुभ कामना

सामुदायिक शसक्तिकरण तथा रुपान्तर (कमिट) नेपाल संस्थाद्धारा बादी समुदायको नमूना सर्भेक्षण गरि तथ्यगत खोज र अनुसन्धानमूलक अध्ययनका साथ उक्त समुदायको १० वर्षे रणनीतिक योजना सम्पन्न गरि **"बादी समुदायको पहिचान र अवस्था"** विषयक पुस्तक प्रकाशन गर्न लागेको सुन्दा साह्रै हर्ष लागेको छ।

मलाई ज्ञात भए सम्म यस संस्थाले आफ्नो स्थापना काल देखि वादी समुदायको अस्मिता रक्षाका लागि गरेको प्रयत्नका साथै अन्य सिमान्तकृत समुदायमा गरेको सामाजिक सशक्तिकरणबाट समग्र मनुष्य जगतमा ज्ञानको पुनर्जागरण गराई सवैमा नयाँ रक्त सञ्चारका साथ समतामूलक समाज निर्माणमा खेलेको भूमिका अतुलनिय रहेको छ । गौरवमय इतिहास बोकेको यस समुदायले नेपालको कला र संस्कृतिमा खेलेको योगदान चिरकाल पर्यन्त रहने कुरामा म विश्वस्त छु।

वादी समुदायकै अग्रज समाजसेवी, लेखक तथा अध्ययताहरुले सुक्ष्म अनुसन्धान गरि प्रकाशित भएको यो पुस्तकले अधिकार र कर्तव्य उन्मुख गराउन सवैलाई थप प्रेरणा प्राप्त गर्न सकोस् भनि सफलताको कामना प्रकट गर्न चाहन्छु। अन्त्यमा गहन अध्ययनका साथ पुस्तक प्रकाशन सम्म अतुलनिय योगदान गर्नुहुने सम्पूर्ण अनुसन्धानकर्ता एवं सम्पादन मण्डल परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। धन्यवाद।

**मिति २०७६ मंसिर ४ गते,**

............................
**डा.धवल शम्शेर राणा**
**नगर प्रमुख**

डा. धवल शमसेर राणा
प्रमुख
नेपालगंज उप-महानगरपालिका

# भूमिका

नेपालमा १२५ जातजाति छन् । प्रत्येक जातीय समुदाय सामाजिक र साँस्कृतिक विविधताको दृष्टिले धनी र मौलिक छन् । नेपालको संविधान २०७२ ले वर्ग, जात, क्षेत्र, भाषा, धर्म र लिङ्गको आधारमा गरिने भेदभावलगायत सबै किसीमका जातीय छुवाछुत अन्त्य गर्ने अठोट लिएको छ । संविधानले अनेकतामा एकता, सामाजिक तथा साँस्कृतिक एकता, सहिष्णुता तथा सद्भाव संरक्षण र सम्वर्द्धन गरेको छ । संविधानले कुनै पनि सार्वजनिक वा नीजि क्षेत्रमा हुने भेदभाव र छुवाछुतको विरूद्धमा हक अधिकार सुनिश्चित गरेको छ । सार्वजनिक सेवा लगायतका रोजगारीमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि संविधानमा थप कानुनी प्रावधान समावेश छ ।

संयुक्त राष्ट्र संघीय सदस्य राष्ट्रहरूले सन् २०१५ मा अवलम्बन गरेको दिगो विकास एजेण्डा २०३० को आधारभूत सिद्धान्त नै कसैलाई पछि नछोड्नु भन्ने नै हो । पछिल्लो दशकमा गरिवी र असमानता न्यूनीकरण, स्वास्थ्य र शिक्षामा सुधार जस्ता महत्वपूर्ण प्रगति हासिल भए पनि विभिन्न भूगोल र स्थानहरूमा असमानता कायम नै छ । भेदभाव, न्यून प्रतिनिधित्व र आधारभूत सेवामा पहुँचको कमी जस्ता अवस्था धेरै मानिसहरूले हाल पनि सामना गरीरहेका छन् ।

१२५ जातीय समुदाय मध्येका बादीहरू कला, सँस्कृति, परम्परा र रीतिरिवाजका दृष्टिले धनी छन् तथापि तिनीहरू देशको सबैभन्दा सीमान्तकृत समुदायमध्ये एक हुन् । बादीहरूलाई 'तल्लो' जात भन्ने मान्यताका कारण तिनको कला, सँस्कृति, परम्परा र रीतिरिवाज जोखिममा परेको छ । बादी समुदायले नेपालको जनसंख्याको ०.१४५ प्रतिशत स्थान ओगटेको छ (राष्ट्रिय जनगणना २०११) र उदाहरण दिएर भन्नु पर्दा, तिनीहरूलाई कानुनी पहिचान जस्ता क्षेत्रमा धेरै पछाडि पारिएको छ ।

सन् २०१८ को नेपाल भ्रमण पश्चातको प्रतिवेदनमा महिला हिंसा, यसका कारण र प्रतिफल सम्बन्धी स्पेशल रापोर्टरले महिला हिंसाले महिला र किशोरीहरूलाई बहुआयामिक र विविध प्रकारका भेदभावका कारण असाधारण रूपमा प्रभाव पारीरहेको भन्नेमा जोड दिएका थिए । यसमा दलित महिला, आदिवासी जनजाति महिलाका अतिरिक्त मधेसी, थारू र बादी समुदायका महिला समावेश छन् ।

संविधान, दिगो विकास लक्ष्य र १५ औं अवधारणा पत्रका सन्दर्भमा सुधार गर्नुपर्ने सवाल र क्षेत्र पहिचान गर्ने लक्ष्य लिएको यस अनुसन्धानलाई युएनडीपी नेपालले सहयोग गरेको छ । तदनुरूप बादी समुदायको पहिचान तथा अवस्थाबारे थप जानकार हुन र समुदायको सशक्तिकरण एवं विकासका लागि रणनीतिक योजना निर्माण गर्न युएनडीपी नेपालले कमिट नेपालसँग साझेदारी गरेको छ ।

बादी समुदायको इतिहास, पूर्ण रूपमा सम्बोधन हुन बाँकी रहेका विद्यमान समस्या, चुनौति र प्रश्नहरू पहिचान गर्ने सम्बन्धमा बृहत जानकारी उपलब्ध गराउने यस अध्ययनको लक्ष्य छ । यो प्रकाशनले यस्ता प्रश्नहरू सम्बोधन गर्ने जमर्को लिएको छ । बादी समुदायको इतिहास, बादी समुदाय सम्बन्धी मिथक र धार्मिक दृष्टिकोण, बादी समुदायको संघर्ष र अभियान, आदिवासी/परम्परागत बादी ज्ञान र शीप, बादीहरूको कानुनी पहिचान, समुदायका सदस्यहरूले सामना गरेका संरचनागत अवरोध र भेदभाव जस्ता सान्दर्भिक सवालहरू यो अध्ययनले उजागर गर्दछ ।

मलाई विश्वास छ यो प्रकाशनले बादीहरूको विद्यमान अवस्थाबारे नयाँ मूल्यवान जानकारीहरू उपलब्ध गर्नेछ । यसले नेपालमा जातीय समुदायको उत्थानका लागि विविध उपायहरू पहिचान गरेको छ । दिगो विकास लक्ष्य प्राप्त गर्नमा समेत यो अध्ययन सहयोगी साबित हुनेछ । बादी समुदाय, तिनको विकासक्रम र तिनले सम्बोधन गर्नुपर्ने चुनौतिलाई लिएर यस प्रकाशनले पाठकहरूको दृष्टिकोण रूपान्तरण गर्नेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।

यस प्रयासमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने कमिट नेपाललाई बधाई दिन चाहान्छु र निश्चित रूपमा, बादी समुदायलाई अध्ययनको क्रममा उपलब्ध सहयोगका लागि कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

कोही पनि पछाडि पर्नु हुन्न भन्ने अवस्था निश्चित गर्न, लैङ्गिक सशक्तिकरण र समावेशीकरणको पक्षमा निरन्तर सहयोग गर्न युनडीपी प्रतिवद्ध छ ।



**आईशानी मेधागंगोडा-लाबे**
आवासीय प्रतिनिधि
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) नेपाल

# विषय-सूची


## बादी समुदायको पहिचान तथा अवस्था विश्लेषण अध्ययन

अध्ययनको महत्त्व र औचित्य ........ १
अध्ययनको उद्देश्य ........ ३
अध्ययन विधि ........ ४
गुणात्मक अध्ययन विधि ........ ५
संख्यात्मक अध्ययन विधि ........ ६
अध्ययन गरिएको क्षेत्र ........ ७
अध्ययन गरिएका घरधुरी संख्या ........ ७
सर्वेक्षणमा सहभागीहरूको लैङ्गिक र उमेरगत अवस्था ........ ८
अध्ययनको सीमा ........ ११

## अध्याय-१ : बादी समुदायको परिचय

१.१ ऐतिहासिक पृष्ठभूमि ........ १२
१.२ बादी शब्दको उत्पत्ति ........ १३
१.३ उत्पत्तिको इतिहास/मिथक/किंवदन्ती ........ १७
१.४ बादी समुदायको थर र उप-समूह ........ २२
१.५ बादी समुदायका संस्कारहरू ........ २५
१.६ बादी समुदायको कला र संस्कृति ........ ३६
१.७ नेपालको जात व्यवस्था र बादी समुदाय ........ ३७

## अध्याय-२ : बादी समुदायको पहिचान, विभेद र बहिष्करण

२.१ पहिचान ........ ४०
२.२ विभेद ........ ४१
२.३ बहिष्करण ........ ४३

## अध्याय-३: बादी आन्दोलन: आत्मसम्मानको लडाइँ


३.१ बादी प्रतिरोधको शृङ्खला ........ ४६
३.२ बादी आन्दोलनमा संघ/संस्थाहरूको भूमिका ........ ६३
३.३ राज्यबाट गरिएका घोषणा तथा सम्झौताहरु ........ ६४
३.४ सरकारबाट उपलब्ध सेवा सुविधा ........ ७२
३.५ राज्यबाट प्रदान गरिएका कानुनी हैसियत तथा वैधानिकता ........ ७३


## अध्याय-४ : बादी समुदायको वर्तमान अवस्था विश्लेषण


४.१ बादी समुदाय र शिक्षा ........ ७६
४.२ भूस्वामित्व र बादी समुदाय ........ ८३
४.३ बादी समुदायको आर्थिक अवस्था र विपन्नता ........ ८६
४.४ परम्परागत पेशा, व्यवसाय तथा रोजगारी ........ ९१
४.५ बादी समुदायको रोजगारीमा पहुँच ........ ९८
४.६ बादी समुदायको स्वास्थ्य अवस्था ........ १००
४.७ बादी समुदायको सामाजिक अवस्था ........ १०५
४.८ सांस्कृतिक विभेदीकरणमा बादी समुदाय ........ १०९
४.९ बादी समुदायको प्रतिनिधित्वको अवस्था ........ ११४
४.१० बादी समुदायको मानव अधिकारको अवस्था ........ ११८
४.११ बादी समुदायको नाचगान तथा यौन उत्पीडन ........ १२२


## अध्याय- ५ : रणनीतिक योजना तथा कार्यान्वयन


५.१ बादी समुदायको रणनीतिक योजना (२०२०-२०३०) ........ १३०


## अनुसूची


अनुसूची १ : वि.सं. २०६८ सालको जनगणना अनुसार बादी समुदायको जिल्लागत जनसांख्यिक विवरण ........ १४९

अनुसूची २ : बादी समुदायको अवस्था पहिचान तथा पुरूतक प्रकाशन व्यवस्थापन समिति ........ १५२
अनुसूची ३ : नमूना सर्भेक्षण २०७६ का गणकहरूको सूचि ........ १५३
अनुसूची ४ : सर्वेक्षण गरिएका प्रदेश जिल्ला र स्थानीय तह ........ १५४
अनुसूची ५ : अवस्था पहिचान तथा रणनीतिक योजना गोष्ठीका सहभागीहरु ........ १५८
अनुसूची ६ : बादी समुदायको नमूना सर्वेक्षणका प्रश्नावली ........ १६१

सन्दर्भ सामाग्री १६९

# बादी समुदायको पहिचान तथा अवस्था विश्लेषण अध्ययन

## अध्ययनको महत्त्व र औचित्य

बादी समुदाय दलितभित्रको पनि अति पिछडिएको दलित, अछूत, अपहेलित तथा शोषणमा पारिएको गरिब समुदाय हो । उनीहरूलाई राज्य तथा विभिन्न निकायबाट वञ्चित बनाइएको छ । विगतमा बादीहरूलाई परम्परागत कला तथा संस्कृतिका धनी समुदायका रूपमा चिनिन्थ्यो । उनीहरूले गाउने गीत, नाच सम्मानित थिए । बादी समुदायलाई पहाडी क्षेत्रका राजा रजौटा, मुखिया तथा जमिनदारहरूले विवाह समारोह, चाडपर्वहरूमा नाच्ने, गाउने तथा मनोरञ्जन गर्नका निमित्त निमन्त्रणा गर्ने गर्दथे । त्यसबेलाको समयले बादी समुदायको सम्मानजनक इतिहास बोकेको थियो ।

तर पछि आएर केही राजा रजौटा, मुखिया तथा जमिनदारहरूले बादी समुदायका केही परिवारका अविवाहित महिला तथा चेलीबेटीहरूलाई यौन शोषणमा पारेको पाइन्छ । उनीहरू यस्तो शोषणमा पर्नुको मुख्य कारण गरिबी थियो । त्यसैले उनीहरू कमजोर थिए । निम्छरो थिए । समाजका शक्तिशाली ठालू भनीनेहरूसँग लड्न सक्दैनथे । एउटा प्रचलित भनाई छ– 'खाली पेटले केही पनि देख्दैन' । बस्, अशिक्षा, बेरोजगारी, बैकल्पिक सीपको कमि, कमजोर आर्थिक अवस्थाका कारणले केही बादी परिवारहरू बिस्तारै यौन शोषण तथा भेदभावमा परे ।

यसरी केही अविवाहित महिलाहरूको संलग्नताले गर्दा पुरै बादी समुदायलाई नै यौन पेशा गर्ने समुदाय भनी कलङ्कित गरियो । समाजमा भेदभावपुर्ण व्यवहार गरियो । यसकै परिणाम स्वरूप उनीहरू गरिबी, बेरोजगारी, अशिक्षा, भूमिहीनता जस्ता समस्या भोग्दै आइरहेका छन् । त्यस्तै छुवाछूत एवम् जातजन्य विभेदका कारण कठोर मानसिक यातनाबाट प्रताडित छन् ।

बादी समुदाय सीप र कलाका धनी हुँदाहुँदै पनि आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिकलगायत सबै पक्षबाट पछाडि पारिएको छ । यस समुदायको धर्म, संस्कृति, मूल्य-मान्यता त्यति धेरै भिन्न छैन । नेपाली धर्म, भाषा र संस्कृतिसरह नै देखिन्छ । यद्यपि, बोलीमा कतै कतै आफ्नै मातृभाषा पनि बोल्ने गरिन्छ । बादी समुदायको परम्परागत पेशा भनेको नाचगान गर्ने, बाद्यवादनका सामग्री (मादल, ढोल र तबला आदी) बनाउने तथा बिक्री वितरण गर्ने रहेको छ । त्यसैगरी उनीहरूले माछा मार्ने जाल बुन्ने, माछा मार्ने, सुल्पा, चिलिम र टरिया बनाउने पनि गर्दछन् ।

बादी समुदाय विशेषगरी नदी किनार, खोला छेउ र ओडारमा बसी धुमन्ते जीवनयापन गर्दथ्यो । अहिले उनीहरू अल्पसङ्ख्यक सीमान्तकृत समुदायको रूपमा परिचित रहेका छन् ।

यस अध्ययनले बादी समुदायको वर्तमान आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक अवस्थाको खोजी गर्न केन्द्रित रहेको छ । यसक्रममा प्राप्त भएका सत्य तथ्य कुराहरू जनमानसमा पुऱ्याएर समाजमा यस समुदायसम्बन्धी रहेको भ्रम हटाउन अध्ययनको महत्त्व रहने विश्वास गरिछ । यसका साथै, अध्ययनबाट प्राप्त भएका तथ्याङ्कको आधारमा समुदायलाई समाजमा स्थापित गर्न मद्दत पुग्ने छ । र, समुदायमा देखिएका समस्याहरूलाई स्वयम बादी समुदायद्वारा अपनत्व लिइने छ । यसकारण बादी समुदायका समस्या र सवालहरूको निराकरण गर्न, स्थानीय, प्रदेश र सङ्घीयसरकारलाई जिम्मेवार बनाउन यस अध्ययनको औचित्य रहेको छ । समाजमा यस समुदायलाई हेरिने र गरिने ब्यवहारमा फरकपना ल्याउन यो अध्ययन गरिएको छ ।

बादी समुदायको अवस्था विश्लेषण गरी यसको पहिचान र वर्तमान अवस्था पहिचान गर्न नेपालका प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा अध्ययन गरिएको छ । त्यसक्रममा यी प्रदेशअन्तर्गतका बादी समुदायको सघन बसोबास रहेका १० वटा जिल्लाहरूमा नमुना सर्वेक्षण गरिएको हो । सर्वेक्षणमा सम्बन्धित जिल्लाकै गणकहरूबाट प्रत्यक्ष अन्तर्वार्ता बिधिबाट सर्भेक्षण गरी तथ्याङ्क सङ्कलन गरियो । यसका अलावा बादी समुदायका मुख्य

सूचनाकर्ता, अगुवाहरू तथा अन्य बुद्धिजीवी व्यक्तित्वहरूसँग समेत प्रत्यक्ष अन्तर्वार्ता विधिबाट सूचना सङ्कलन गरिएको थियो ।

## अध्ययनको उद्देश्य

नेपालमा पहाडी, नेवारी, मधेसी दलित गरी मुख्य रूपमा तीन प्रकारका दलित समुदाय रहेका छन् । यहाँ दलितसम्बन्धी अध्ययन न्यूनरूपमा भएको देखिन्छ ।

पहाडी दलितहरूमध्ये केहीको सामान्य अध्ययन भए पनि बादी, गन्धर्व र मधेसका दलितहरूको विस्तृत अध्ययन भएको छैन । पहाडी दलितभित्र पनि पींधमा रहेको बादी समुदायको अध्ययन विस्तृतरूपमा हुन सकेको छैन । केही व्यक्तिहरूले आफ्नो सोधपत्रको लागि अध्ययन गरिएको पाइए पनि ती अध्ययनमा बादी समुदायको वास्तविक इतिहास, कला संस्कृति, उनीहरूको अवस्था र पहिचानसम्बन्धी तथ्य कमै देखिन्छ । बादी समुदायबारे केही सामान्य आलेखको रूपमा लेख, रचनाहरू भेटिन्छन् तर ती संख्यात्मक र गुणात्मक रूपमा विस्तृत छैनन् । त्रिभुवन विश्वविद्यलय अन्तर्गत समाजशास्त्र तथा मानवशास्त्रको केन्द्रिय विभागले "नेपालका बादी" भन्ने विषयमा अध्ययन गरेको देखिन्छ, जो यस समुदायका बारेमा गहकिलो जानकारी दिने सामग्री हो । यद्यपि, नेपालका बादीहरूबारे अझै सूक्ष्म रूपमा अध्ययन हुन आवश्यक रहेको देखिन्छ ।

यस बादी समुदायको पहिचान र अवस्था विश्लेषण अध्ययनको मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन्ः

(१) विभिन्न सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक अवस्थाको पहिचान गरी बादी समुदायका सवालहरू खोजी गर्ने,

(२) बादी समुदायका वर्तमान समस्या तथा सवालहरूलाई नेपाल सरकार तथा सम्बन्धित सबैलाई जानकारी गराउने,

(३) यस किसिमका सवालहरूलाई सम्बोधन गर्न १० वर्षे रणनीतिक योजना तर्जुमा गर्ने,

(४ बादी समुदायसँग सम्बन्धित नीतिगत तथा संवैधानिक ब्यवस्था, संयुक्त राष्ट्र सङ्घीय दिगो विकास लक्ष्य प्राप्तिका लागि, अभियान, पैरवी र सचेतनाको कार्य गर्ने,

(५) बादी समुदायको अधिकार, न्याय, आत्मसम्मानका लागि यस समुदायसँग सरोकार राख्ने सरकारी तथा गैरसरकारी निकायका बीचमा समन्वय सहकार्य र सञ्जाल स्थापना गर्ने ।

## अध्ययन विधि

'बादी समुदायको पहिचान र अवस्था' विषयक यस अध्ययन नेपालका बादी समुदायको पहिचान, विगत तथा वर्तमानको अवस्थासम्बन्धी गरिएको हो । यो अध्ययन दलितभित्र पनि सबैप्रकारका जातीय उत्पीडनमा पारिएको बादी समुदायको पहिचानमा आधारित रहेको छ । विभिन्न विद्वान्हरूले धेरै प्रकारका अध्ययन विधिहरू प्रतिपादन गरेका छन । बादी समुदायको यस अध्ययनमा गुणात्मक एवम संख्यात्मक गरी मिश्रित अध्ययन विधिको अवलम्बन गरिएको छ ।

यस अध्ययनलाई बढी तार्किक र विश्वसनीय बनाउनको लागि बादी समुदायको ऐतिहासिक उत्पत्तिदेखि अहिले सम्मको अवस्थाको विश्लेषण गर्ने प्रयास गरिएको छ । जसको लागि विभिन्न लेखकहरू, साहित्यकारहरू तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्येताहरूद्वारा लेखिएका पुस्तक, लेख, रचना, समाचार, अध्ययन प्रतिवेदन तथा पत्रपत्रिकामा प्रकाशित समाचारहरूको सिंहावलोकन गरिएको थियो । यसका साथै, बादी समुदायसँग सम्बन्धी नियम कानुन, अदालती अभ्यास तथा सरकारले बादी समुदायसँग गरेका सहमति तथा सम्झौताहरूको विस्तृत अध्ययन गरिएको थियो ।

जात व्यवस्थाले सामाजिक, आर्थिक क्षेत्रमा मात्र नभएर प्राज्ञिक तहमा पनि अध्ययन, अनुसन्धान तथा अन्वेषण हुन नसकिरहेको सन्दर्भमा यस अध्ययनको माध्यमद्वारा बादी समुदायको यथार्थ अवस्था उजागर गर्ने प्रयत्न गरिएको छ ।

त्यसैले बादी समुदायको समग्र इतिहास लेखनको कडी यस अध्ययनले अवश्य सघाउने आशा गर्न सकिन्छ । यसका लागि अध्ययनका दुई महत्त्वपूर्ण विधिहरू गुणात्मक तथा संख्यात्मक अध्ययन विधि अवलम्बन गरिएको छ ।

## गुणात्मक अध्ययन विधि

यस अध्ययनलाई पुरा गर्नको लागि गुणात्मक अध्ययन विधिको सहयोग लिइएको थियो । त्यसक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्येताहरूले लेखेका पुस्तक, जर्नल आर्टिकल तथा रिपोर्टहरूको अध्ययन गरिएको थियो । बादी समुदायको घना बस्ती भएका जिल्लाहरू तथा प्रदेश अनुसार नेपालका सातमध्ये तीनवटा प्रदेशका दश जिल्लालाई अध्ययनको क्षेत्र बनाइएको थियो । त्यसमध्ये प्रदेश नं ५ का दाङ जिल्लाका तुल्सीपुर उपमहानगरपालिका, घोराही उपमहानगरपालिका, दंगीसरण गाउँपालिका र बबई गाउँपालिकामा अध्ययन गरिएको थियो ।

त्यसैगरी बाँके जिल्लाका नेपालगंज उपमहनगरपालिका, कोहलपुर नगरपालिका, राप्ति सुनारी गाउँपालिका र बैजापुर गाउँपालिकामा अध्ययन गरिएको थियो । बर्दिया जिल्लाका मधुवन नगरपालिका, राजापुर नगरपालिका, बारबर्दिया नगरपालिकालाई अध्ययन क्षेत्र बनाइएको थियो । त्यसैगरी कर्णाली प्रदेशका सुर्खेत जिल्लाका गुरवाकोट गाउँपालिका, विरेन्द्रनगर उपमहानगरपालिका, सिम्ता गाउँपालिका र भेरीगंगा गाउँपालिकामा अध्ययन गरिएको थियो । सल्यान जिल्लाका त्रिवेणी गाउँपालिका, छत्रेश्वरी गाउँपालिका, शारदा नगरपालिका, कालीमाटी गाउँपालिका र वनघाड गाउँपालिका तथा रूकुम जिल्लाका चौरजहारी नगरपालिका, सानोभेरी गाउँपालिका, त्रिवेणी गाउँपालिका, मुसीकोट नगरपालिकामा अध्ययन गरिएको थियो । दैलेख जिल्लाका नारायण नगरपालिका, दुल्लु नगरपालिका भैरवी गाउँपालिका, विन्द्रसैनी नगरपालिका र भगवती नगरपालिकामा गरिएको थियो ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशका कैलाली जिल्लाका लम्की चुहा नगरपालिका, गौरीगंगा गाउँपालिका, बर्दगोडीया गाउँपालिका, टीकापुर नगरपालिका र गोदावरी नगरपालिकामा अध्ययन गरिएको थियो । कञ्चनपुर जिल्लाका कृष्णपुर नगरपालिका, शुक्लाफाटा नगरपालिका, भिमदत्त नगरपालिका, वेदकोट नगरपालिका, महाकाली नगरपालिका र पुनर्वास नगरपालिकामा अध्ययन गरिएको थियो । बझाङ जिल्लाका जयपृथ्वी नगरपालिका, चान्ना गाँउपालिका र कोटभैरव गाँउपालिकामा अध्ययन गरिएको थियो, जसमा जम्मा ४४ वटा स्थानीय तहलाई अध्ययन क्षेत्र बनाइएको थियो ।

अध्ययनलाई बढी विश्वसनीय एवम् यथार्थपरक बनाउनको लागि ३० वटा मुख्य सूचनाकर्तासँग अन्तर्वार्ता गरिएको थियो । साथै, प्रत्येक जिल्लालाई आधार मानी एक–एकवटा घटना अध्ययन पनि गरिएको थियो । अध्ययनलाई वस्तुनिष्ठ र वैज्ञानिक बनाउनको लागि विभिन्न द्वितीय तथ्याङ्क सङ्कलन विधिमार्फत पनि सूचना एकीकृत गरिएको थियो । स्थलगत अनुसन्धान तथा सन्दर्भ सामग्रीको अध्ययनपछि लेखिएको मस्यौदा र प्रारम्भिक निष्कर्षलाई सरोकारवालाहरूसँग नेपालगंजमा छलफल गरिएको थियो । *(हेर्नुहोस् अनुसूची ५)*

## संख्यात्मक अध्ययन विधि

संख्यात्मक अध्ययनको लागि घरधुरी सर्वेक्षण गरिएको थियो । यसका निम्ति बादी समुदायको बसोवास भएका जिल्लाहरूको सूची तयार गरिएको थियो । जसअनुसार जनगणना २०६८ का अनुसार सबैभन्दा बढी जनसंख्या भएका जिल्ला तथा तीनवटा प्रदेशलाई मिल्ने गरी जिल्ला छनौट गरिएको थियो । सर्वेक्षणमा ३०० जना प्रत्यक्ष उत्तरदाता, ३० जना मुख्य सूचनाकर्ता छनोट गरिएको थियो, जसमा प्रत्येक जिल्लाबाट ३० जना प्रत्यक्ष उत्तरदाता र ३ जना मुख्य सूचनाकर्तालाई सहभागी गराइएको थियो ।

लैङ्गिक आधारमा सर्भेक्षणमा ५१ प्रतिशत (१५३ जना) महिला र ४९ प्रतिशत (१४७) जना पुरूष उत्तरदाताहरू सहभागी गराइएको थियो । यसका साथै,

सर्वेक्षण गर्नका निम्ति सम्बन्धित जिल्लाका एक-एकजना गणक परिचालित गरिएको थियो । त्यसैगरी मुख्य सूचनाकर्तासँग अन्तर्वार्ताको लागि बादी समुदायका शिक्षित अगुवाहरूलाई सहभागी गराइएको थियो ।

## अध्ययन गरिएको क्षेत्र




## अध्ययन गरिएका घरधुरी संख्या

बादी समुदायको पहिचान र अवस्था पहिचानको लागि गरिएको यस अध्ययनका लागि बादी समुदायको सघन बसोवास भएका ३ वटा प्रदेश, जिल्ला तथा अध्ययनको उद्देश्य अनुरूप पहिचान, इतिहास तथा सहज सूचना प्राप्तिका लागि दशवटा जिल्ला छनौट गरिएको थियो ।

तालिका १

| क्रस | प्रदेशको नाम | जिल्लाको नाम | जम्मा बादीको संख्या | सर्भेक्षण गरिएको संख्या |
|---|---|---|---|---|
| १ | प्रदेश नं. ५ | दाङ | १७१८ | ३० |
| |  | बाँके | ७४० | ३० |
| | | बर्दिया | ९३२ | ३० |
| २ | कर्णाली प्रदेश | रूकुम | ६५७ | ३० |
| |  | सल्यान | ७७३ | ३० |
| | | दैलेख | ७९८ | ३० |
| | | सुर्खेत | १८५५ | ३० |
| ३ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | १२५८ | ३० |
| |  | बझाङ | ४४४ | ३० |
| | | कैलाली | २८२२ | ३० |
| | **जम्मा** | | **११९९७** | **३००** |

*स्रोतः स्थलगत अध्ययन, २०७६ ।*

## सर्वेक्षणमा सहभागीहरुको लैङ्गिक र उमेरगत अवस्था

विगत तीन दशकदेखिको नेपालको जनगणलाई हेर्ने हो भने बादी समुदायको जनसंख्या कहिले वढ्ने त कहिले घट्ने गरेको देखिन्छ । २०४८ सालमा भएको जनगणना अनुसार नेपालका ७२ जिल्लामा रहेका बादीहरूको जनसंख्या ७,०८२ देखिन्छ । त्यसको ठीक दश वर्षपछि २०५८ सालमा लिइएको जनगणनाले बादीको जनसंख्या ४,४४२ देखाएको छ । यो संख्या नेपालको कुल जनसंख्याको

जम्मा ०.०२ प्रतिशत मात्र हो । यद्यपि, त्यस समयमा नेपालको जनसंख्या २.२ प्रतिशतका दरले बढिरहेको थियो (नेपाली, २०६३) ।

त्यसैगरी २०४८ सालको जनगणनाले २.१ प्रतिशतका दरले जनसंख्या बढेको देखाएको छ । यस अवधिमा बादी समुदायको जनसंख्या कसरी ह्वात्तै घट्न पुग्यो । खोजीकै विषय बनेको छ । यसरी २०४८ र २०५८ सालको तुलना गर्दा, जनगणना गर्नेहरू बादी समुदाय बसोवास गरेका जिल्लाहरूमा नै नपुगेको देखिन्छ । २०४८ सालमा ७२ जिल्लामा गणना भएको थियो भने २०५८ सालमा केवल ५३ जिल्लामा मात्र गणना भएको देखाउँछ ।

तर २०६८ सालको जनगणनाअनुसार बादी समुदायको जनसंख्या एक्कासी बढेर ३८,६०३ पुगेको छ । त्यसमा १८,२९८ पुरूषको संख्या रहेको छ भने महिलाको संख्या २०,३०५ रहेको तथ्याङ्कले देखाएको छ । यो संख्या नेपालको कुल जनसंख्याको जम्मा ०.१५ प्रतिशतमात्रै हो । २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालका झण्डै सबै जिल्लाहरूमा बादी समुदायको उपस्थिति रहेको देखिन्छ ।

यसरी पछिल्लो जनगणना अनुसार बादीहरूको जनसंख्या कास्की जिल्लामा (४,०४६) सबैभन्दा बढी भएको देखाइएको छ । त्यसैगरी अन्य जिल्लाहरूमा, डोटी (२,९५८), कैलाली (२,८२२), सुर्खेत (१,८५५), दाङ (१,७१८), जाजरकोट (१,२१७), कञ्चनपुर (१,२५८) बाजुरा (१,८७८) आदि जिल्लाहरूमा बादी समुदायको धेरै जनसंख्या रहेको छ ।

तथापि, २०६८ सालको जनगणनाप्रति पनि बादी समुदाय सन्तुष्ट हुन सकिरहेका छैनन् । तथ्याङ्क सङ्कलन गर्नेहरूनै बादी बस्तीमा नपुग्ने गरेको बादी समुदायको गुनासो रहेको छ । बादी समुदायको यथार्थ र सही गणना गर्ने हो भने करीब एक लाखको हाराहारीमा हुन आउने कुरा स्थलगत अध्ययनका क्रममा बादी समुदायका व्यक्तिहरूले बताएका थिए । यस अध्ययनमा दश जिल्लाहरू, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, बझाङ, सुर्खेत, दैलेख, रूकुम र सल्यानका ३०० जना बादीहरूसँग व्यक्तिगतरूपमा नमुना सर्वेक्षण

गरिएको थियो । जसमध्ये ५१ प्रतिशत महिला र ४९ प्रतिशत पुरूषको सहभागिता रहेको थियो ।

**तालिका २**

| उमेर | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **२० भन्दा मुनि** | ६ | ३.९ | २ | १.४ | ८ | २.७ |
| **२१–३०** | ५० | ३२.७ | ३० | २०.४ | ८० | २६.७ |
| **३१–४०** | ४५ | २९.४ | ४६ | ३१.३ | ९१ | ३०.३ |
| **४१–५०** | २० | १३.१ | ३१ | २१.१ | ५१ | १७.० |
| **५१–६०** | १९ | १२.४ | २५ | १७.० | ४४ | १४.७ |
| **६१–७०** | १० | ६.५ | ९ | ६.१ | १९ | ६.३ |
| **७०–८०** | ३ | २.० | ४ | २.७ | ७ | २.३ |
| **जम्मा** | **१५३** | **१००** | **१४७** | **१००** | **३००** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७६ ।*

यस अध्ययनको तथ्याङ्क विश्लेषणका लागि 'एसपिएसएस' (SPSS) Statistical Package for Social Sciences सफ्टवेयर प्रयोग गरिएको छ । त्यसक्रममा बादी समुदायको सामाजिक, सांस्कृतिक , राजनैतिक, आर्थिक तथा शैक्षिक स्थितिसम्बन्धी प्राप्त भएका तथ्याङ्कलाई व्यवस्थित गरी विवेचना समेत गरियो । यसका सूचकहरूमा, व्यक्तिगत विवरण, बसाइँको इतिहास, शैक्षिक अवस्था, स्वास्थ्य अवस्था, जमिन तथा भूमिहीनताको स्थिति, पेशा, नागरिकता प्राप्तिको अवस्था, मूलधारको राजनीति, जातीय विभेद तथा बहिष्करण र

बादी आन्दोलनको अवस्था, स्थानीय तहमा सहभागिता तथा जातीय विभेद र छुवाछूतको अवस्था इत्यादि राखिएको थियो । यी उल्लेखित सूचकहरूमाथि समूहगत छलफल र व्यक्तिगत अन्तर्वार्ता गरिएको थियो । त्यस्तै द्वितीय स्रोतको माध्यमबाट सूचना खोजी गरी प्रति-परीक्षण समेत गरिएको थियो ।

### अध्ययनको सीमा

बादी समुदायको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, स्वास्थ्य अवस्थाको समस्या तथा समाधानका अवसरको खोजी गरी १० वर्षे रणनीतिक योजना तर्जुमा गर्न यो अध्ययनले निश्चय नै योगदान गर्ने नै छ । यसै सिलसिलामा, बादी समुदायको जनसंख्याको घनत्व, जोखिमता, गरिबी, पछौटेपन जस्ता सूचकमाथि यो अध्ययन केन्द्रित गरिएको छ ।

यद्यपि, परियोजनाको समयसीमा, बजेटको उपलब्धताको सीमितता, संस्थामा उपलब्ध जनशक्ति, कार्य क्षेत्रको गहनता, सामुदायिक जनघनत्व र सामाजिक साँस्कुतिक अवस्था आदि कारणले सबै जिल्लाको विस्तृत अध्ययन गरी तथ्याङ्क सङ्कलन गर्न सकिएन । त्यसकारण बादी समुदायसँग सम्बन्धित कतिपय विषयहरूअझैं पनि आउन सकेको छैन ।

अध्याय

१

# बादी समुदायको परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

नेपालमा १२५ थरीका जात/समुदायहरू बसोबास गर्दछन् । त्यसमध्ये बादी समुदाय एक सीमान्तकृत, पिछडिएको, आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा राजनैतिक रूपमा उत्पीडित समुदाय हो । उनीहरू अति विपन्न तथा वर्षौदेखि पाखा पारिएको समुदायको रूपमा चिनिएको छ । बादीहरूको जनसंख्या करिब ३८,६०३ (२०६८ जनगणना) रहेको छ । उनीहरू नेपालका एक उत्कृष्ट बाद्यवादकका साथै बाद्यबादनका सामग्री निमार्ण गर्ने शिल्पी समुदाय पनि हुन् ।

परम्परागतरूपमा बादीहरू राजा महाराजाहरूको घरमा, विवाह, पास्नी, भोजभतेर तथा पूजाआजामा नाचगान गर्ने समुदाय हो । राजाहरूको घरमा उनीहरूको बास हुने भएको हुँदा उनीहरूलाई अछूतको रूपमा गणना गरिँदैनथ्यो । त्यसैले त्यो समयमा बादी समुदायको हैसियत उच्च रहेको थियो । किनकी, बादीहरू राजा महाराजाको घरमा वस्थे, महारानीको सुडेनी, स्याहारे तथा उनीहरूको हेरचाह गर्ने व्यक्तिको रूपमा रहन्थे । त्यसैले उनीहरू तत्कालीन समयमा अछूत थिएनन् ।

त्यतिबेला बादीहरूको नाच विशुद्ध मनोरञ्जन प्रदान गर्ने थियो । अहिले जस्तो केही परिवारमा आफ्नै छोरी बहिनीलाई नाचगान र यौन व्यवसायमा लगाएर आर्जित रकमबाट परिवार पाल्ने जस्तो थिएन । उनीहरूको नाचगानको मूल मर्म भनेको राजा महाराजहरूलाई विशुद्ध तरिकाले मनोरञ्जन गराउनु मात्र थियो । यसरी बादी समुदाय आफ्नो कला, कौशल र सीपका धनी थिए ।

उनीहरूले आफ्नो बारेमा कहिल्यै सोचेनन् । बरू, तत्कालीन राजा, रजौटा र सामान्तहरूलाई मनोरञ्जन दिएर खुशी पार्नमा उनीहरू तल्लीन रहेको पाइन्छ ।[1]

बादी समुदायको मुख्य पेशा भनेको नै काठ र छालाबाट वाद्यवादनका साधन (जस्तोः मादल, बाउँ, तबला, ढोल, डमरू, सारङ्गी ) आदि बनाउने, बजाउने, बिक्री गर्ने, माटाका सामग्रीहरू बनाउने, साट्ने, माछा मार्ने, टडिया (थारू महिलाले लगाउने माटाको साचोमा चाँदी वा गिलेटद्वारा निर्मित) बनाउने, लोकगीत, लोकसङ्गीत लोक नृत्यद्वारा राजादेखि रैतीसम्मलाई मनोरञ्जन प्रदान गर्ने समुदाय हो । यसैगरी सामाजिक रूपमा मागेर जीविका चलाउने कलाकार जाति हो ।

यो समुदाय पहिले घुमन्ते–फिरन्ते जातिकारूपमा प्रवेश गरेको मानिन्छ । तर पछिसम्म पनि उनीहरूको आफ्नो जग्गाजमिन तथा स्थायी बसोबास थिएन । यस समुदायका मानिसहरू महाभारत र रामायणका कथा भन्दै, राजामहाराजहरूको वीरगाथा सुनाउँदै एक गाउँबाट अर्को गाउँ डुल्दै हिँड्ने गर्दथे । त्यसैले बादी समुदायलाई मागी खाने जातिको रूपमा पनि चिनियो ।

यसरी संक्षिप्तमा भन्दा, बादी समुदायको परिचय, तवला सारङ्गी बजाएर नाचगान गरी राजा रजौटाका दरवारमा, उच्च वर्ग सामन्तहरूका घरमा बिहे भोज, व्रतबन्ध, पास्नीलगायत अन्य खुशीयालीमा सबैलाई मनोरञ्जन दिने एक समुदायको रूपमा बनेको छ । त्यसक्रममा उनीहरू आफ्नो जीवन निर्वाहको लागि एक ठाउँबाट अर्को ठाउँमा पुगेर यस्तो सेवा दिने गर्दथे ।

## १.२ बादी शब्दको उत्पत्ति

वास्तवमा 'बादी' शब्दको उत्पत्तिलाई हेर्दा, उनीहरूको पौराणिक पेशा भनेको वाद्यवादनका सामानहरू बनाउने र प्रयोग गर्ने हो । नाचगानमा वाद्यवादनका सामानहरू बजाउने वा प्रयोग गर्नेलाई वाद्यकार वा वाद्यवादक भनिन्छ । त्यस्तै,

---

१. बादी समुदायको अध्ययन २०७४ गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन ।

जसले नाच्ने वा अभिनय गर्ने गर्दछ, त्यसलाई 'पात्र' भनिन्छ । त्यही 'वाद्यकार' र 'पात्र' शब्दबाट बादी र पातर बनेको हो । अहिले पनि बादीका महिलाहरूलाई पातर भनिन्छ । अहिले पातर भन्ने शव्दले यौन व्यवसायमा संलग्न बादी महिलालाई वुझाउछ । तर पहिले बादी समुदायका सबै महिलाहरूलाई पातर भनिन्थ्यो (नेपाली सन् २०१२) ।[२]

यसप्रकार बादी शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न विचार रहेको पाइन्छ । त्यसमध्ये बादी समुदाय बाद्यवादनसँग सम्बन्धित भएकोले नेपाली बृहत् शब्दकोशले बादीको अर्थ वाद्यवादनसँग सम्बन्धित भएर परिभाषा गरेको देखिन्छ । शब्दकोशका अनुसार बादी भन्नाले वाद्य वाधनलाई बनाउने, फुक्ने, सुरिलो र मनोरञ्जन तथा ताल आदि निकालिने सामग्री बाजा बनाउने रहेको छ । नेपाली बृहत शब्दकोशका आधारमा यो पनि भन्न सकिन्छ कि, बादी समुदाय आफ्नै परम्परा र सामाजिक सङ्गठनको स्वरूप भएको नेपालको दलित जातिभित्रको अलग समुदाय हो । बादी शब्द संस्कृत शब्द "वाद्यवादक" बाट लिइएको हो, जसको अर्थ हुन्छ, 'साङ्गीतिक बाजा बजाउने व्यक्ति' (पोखरेल र अन्य २०७२) ।

यसैगरी Thomas cox ले सल्यान र दाङ जिल्लामा केन्द्रित रहेर गरेको एक अध्ययनमा पनि 'बादी' शव्दको उत्पत्ति 'साङ्गीतिक बाजा बजाउने व्यक्ति भएको हुँदा उनीहरूको पेशा कै आधारमा वाद्यवादनबाट बादी र पात्रबाट पातर भएको' भन्ने कुरा उल्लेख गरिएको छ (कक्स सन् १९९२) । यसरी अध्येता कक्सको तर्कले पनि माथिको भनाई वास्तविक र वैज्ञानिक मान्न सकिन्छ ।

बादीहरू को हुन्? र, यिनको मूल थलो कुन हो? भन्ने सन्दर्भमा मत भिन्नता रहेको भेटिन्छ । कसैले बादी समुदायको उद्‌गम स्थल सल्यान जिल्लालाई नै मानेका छन् । त्यस्तै कतिपयले बादीहरू भारतबाट बझाङ, जाजरकोट र मुसीकोटमा आएका हुन् भन्ने भनाइ राखेका छन् । केहीले बादी र पातरलाई नेपालका विभिन्न मन्दिरमा रहेका देउकी वा देउचेली (देवदासी), कुमारी र झुमा जस्तै नेपाली समाजका मौलिक संस्करण हुन् भनेका छन् ।

२. गोपाल नेपालीको स्नातकोत्तर तहको अप्रकाशित सोधपत्र, सन् २०१२ ।

यसैगरी केही अध्ययनकर्ताले बादीहरू भारतको वैशाली क्षेत्रबाट नेपाल आएको अनुमान गरेका छन् (मजगैया २०५६) । उनीहरूको तर्कमा शक्तिशाली मगध राज्यको आक्रमणबाट परास्त भएर लिच्छविहरू विक्रमको पहिलो-दोस्रो शताब्दीतिर नेपाल पसेका हुन् । तत्कालीन समयमा वैशालीमा वेश्यावृत्ति एक सम्मानित र मर्यादित पेशा थियो । यो पेशा समाजबाट स्वीकार्य थियो । राजा, सामान्त तथा राजपरिवारका उच्च कर्मचारीहरूको मनोरञ्जनका लागि विभिन्न गणिकाहरू रहन्थे । गणिकाहरूले विभिन्न गायन, नृत्य र कामकलाद्वारा उनीहरूको मनोरञ्जन गर्नु पर्दथ्यो । गणिकाहरू जीवनभर अविवाहित रहन्थे । लिच्छविहरू भागेर नेपाल आउने क्रममा ती गणिकामध्ये केही नेपाल आए । र, तिनका वंशज नै बादी हुनसक्छन् (मजगैया २०५६) ।

लिच्छिवीहरू नेपालमा लगभग (100BC-880AD) तिर नेपालको पश्चिमी भेग हुँदै प्रवेश भएका हुन् (कक्स, सन् १९९२) । उनीहरूकै साथमा भारतका सवर्ण जाति स्थायी प्रजाका रूपमा निकै ठुलो संख्यामा आए (शर्मा) । ती प्रजाहरूमध्येको एक समुदाय नै बादी हुन् भन्ने भनाई पनि रहेको छ । यस विषयमा अध्ययनकर्ता थोमस कक्सले पनि बादी समुदाय इसाको चौधौं शताब्दीतिर नेपाल आएको कुरा उल्लेख गरेका छन् (कक्स सन १९९२)। त्यसैगरी अर्को तर्कअनुसार बादी समुदाय नट जातिका हुन् र यिनीहरू भारतको लखनऊ तथा त्यसको वरिपरि (उत्तर-पश्चिम) को क्षेत्रबाट मध्यकालको अन्त्यतिर पश्चिमी नेपालभित्र प्रवेश गरेका हुन् । उनीहरूलाई विभिन्न भुरे टाकुरे राजाहरूद्वारा आफ्नो महलमा नाचगान तथा मनोरञ्जनका लागि यिनीहरूलाई भारतको विभिन्न ठाउँबाट ल्याइएको हो (किसान, नेपाली सन २०१४) ।

सल्यान जिल्लामा राज्य गर्ने राजा राजौटाका सन्ततीहरूले भने अनुसार बादी समुदायहरू भारतको उत्तरप्रदेशको कुमाउ गडवालबाट नेपालमा भित्रिएर नेपालको सल्यान जिल्लामा वसोबास गरेका हुन् । यसैगरी बादी समुदायको प्रथम पुस्ताले नाचगान गर्ने र माटाका भाँडाहरू बनाउने गरेका थिए । त्यस्तै दोस्रो पुस्ताले मादल बनाउने माछा मार्ने पेशालाई थप व्यवसायको रूपमा लिन थाले । तेस्रो पुस्तामा आएर ठूलावडा हाकिम र राजा रजौटाहरूले बादीका छोरीहरूलाई विशेष रूपमा यौन मनोरञ्जनको लागि आमन्त्रित गर्ने

गरेको किंवदन्ती पाइन्छ । यसरी नै चौथो पुस्तामा गएर बाबुको पत्ता नलाग्ने बालबालिकाहरू देखापर्न थाले । पाँचौ पुस्तामा गएर बादीका छोरीहरूलाई रखैलको रूपमा राखिन लागियो । त्यसरी रखैल राखेपछि समाजको डरले ठूलावडा हाकिम तथा राजा रजौटाहरूले बादी परिवारलाई गाउँबाट लखेट्ने गरेको तथ्य पाइन्छ । यसरी गाउँबाट लखेटिएपछि उनीहरू सडकमा झरे र सडकमा नै उनीहरूले नाचगानको पेशालाई अँगाले । त्यसपछि बादी समुदायले नाचगान गर्ने र वाद्यवाधनका सामग्री बनाउने र त्यसबाट आएको चिज वस्तु तथा बक्सीसबाट आफ्नो जीविका चलाउन थाले (पोखरेल सन् २०११) ।

सुरूमा घुमन्ते फिरन्ते वर्गका रूपमा प्रवेश गरेका बादीहरूलाई स्थायी बसोबासको समस्या थियो । त्यसकारण यस समुदायका मानिसहरू जीविकाको निम्ति मादल तवला सारङ्गी बजाउँदै नाचगानको गर्ने पेशालाई अगाडि त बढाए । तर बादी समुदायसँग जग्गा जमिन नभएको, घरवार नभएको, धेरैको नागरिकता पनि नभएको र जीविका चलाउन दिगो आर्थिक बाटो नभएकाले उनीहरू आजसम्म कठिन जीवन बिताउन बाध्य समुदायका रूपमा रहेका छन् ।

केही लेखक तथा अध्येताहरूले बादी समुदाय नेपालकै रैथाने समुदाय हो भन्ने जस्ता तर्कहरू पेस गरेको पाइन्छ । उनीहरूको तर्कअनुसार दलित समुदायका केही जातहरूले राज्य सत्तामा शासन गरेका थिए । त्यसक्रममा बादी समुदायले प्यूठानको बादीकोट (बादी बारा) भन्ने ठाउँमा बादी जातिको राज्य वा बादीहरूले शासन गरेका थिए । यी तर्कहरू अन्य दलित समुदायमा लागु हुनसक्छ तर बादीहरूले राज्य गरेका थिए भन्ने कुरा त्यति तार्किक देखिँदैन ।

इतिहास हेर्ने हो भने पहिले युद्धमा जसको हार हुन्थ्यो, तिनीहरूलाई दास र नोकर बनाइन्थ्यो । दास र नोकरहरू वोल्ने अधिकारबाट वञ्चित हुन्थे । यस्तो अवस्था एक स्याहारे वा मनोरञ्जनकर्ताको रूपमा नेपाल भित्रिएका बादीहरू राज्य सत्ताको नजिक रहे पनि राज्य शासन गरे भन्ने तर्क त्यति वस्तुपरक देखिँदैन । यसै सन्दर्भमा, बादी समुदायको उत्पत्तिका सम्वन्धमा राजनैतिक विश्लेषक एवम लेखक विश्वभक्त दुलाल 'आहुति' का अनुसार बादी समुदाय नेपालको रैथानी समुदाय होइन । उनीहरूलाई १४औं देखि १६औं शताब्दीको

बीचमा भारतको केही भागबाट नेपाल ल्याइएको हो । भारतको बञ्जारा समुदाय, जो तत्कालीन समयमा भारतको एक प्रतिष्ठित गाउने र नाचने समुदाय हो, त्यो समुदाय एक ठाउँमा नबसेर भारतका विभिन्न ठाउँहरूमा नाच्दै गाउदै हिँड्ने गर्दथ्यो । बञ्जाराहरू हिन्दू धर्मप्रति विश्वास गर्दथे । उनीहरूका खलककलाई तत्कालीन भुरे टाकुरे राजाहरूले नेपालका जाजरकोट, मुसीकोट र सल्यानमा आफ्नो मनोरञ्जन पूरा गर्नको लागि ल्याएका थिए ।[३]

यसरी भुरे टाकुरे राजाहरूको शासन रहुन्जेल उनीहरूले अपनाउँदै आएको नाचगानको पेशा सम्मानित र शोभायोग्य थियो । वहादुर शाह लगायतले नेपाल एकीकरणको प्रक्रिया थाले, त्यसपछि विस्तारै भुरे टाकुरे राज्यहरूको अन्त्य हुँदै गयो । फलस्वरूप उनीहरूको पेशामा पनि सङ्कट हुँदै गयो । र, यो पेशाबाट उनीहरू बाँच्न सक्ने स्थितिमा पुगेनन् । राजाहरूले ल्याएको हुँदा उनीहरूको पेशा अन्य दलित जातिको पेशा जस्तो बालीघरे बन्न पनि सकेन । उनीहरूलाई राजाहरूले छोडिदिए पछि सडकमा आए ।

त्यसपछि उनीहरूले सडकमै आफ्नो पुर्ख्यौली पेशा नाचगानलाई निरन्तरता दिए । नाचगान गर्न उनीहरू चिटिक्क परेर बसेका हुन्थे । त्यसैले उनीहरू अरूभन्दा आकर्षक देखिन थाले । त्यही आकर्षण नै बादी समुदायका महिलाहरूका निम्ति यौन शोषणको कडी बन्न पुग्यो । पहिले उनीहरूको नाचगान सम्मानित र शोभान्वित थियो । राजाहरूको विवाह, पास्नी, व्रतबन्ध लगायत अन्य शुभकार्यमा उनीहरूले स्वागत गर्ने गर्दथे । उनीहरूको यस्तो कार्य राजाहरू हुँदै गाउँका प्रमुख मुखिया, जिम्वाल, घाडबुढा, प्रधान आदि सम्म पनि पुग्यो । अन्त्यमा सबैबाट यौन शोषनको शिकार बनेपछि बादी समुदायका केही महिलाहरूले यसलाई पेशाको रूपमा अँगाल्न पुगेका हुन् ।

बादी समुदाय नेपालमा सबै भन्दा बढी रक्तसमिश्रण भएको जाति हो । नेपालका जनजातिभन्दा पनि बाहुन क्षेत्रीहरूमा यिनीहरूको रक्तसमिश्रण बढी भएको भन्ने भनाई सल्यानबाट दाङमा झरेका बादीहरूको पनि रहेको पाइन्छ ।

---

३. विश्वभक्त दुला आहुतीसँग २०६८ सालमा गरिएको कुराकानीका आधारमा ।

त्यसैगरी उनीहरूको विचारमा पनि बादी समुदाय भारतको बञ्जारा समुदायसँग मिल्दो जुल्दो रहेको छ । बादी समुदायका अगुवाहरूले पनि 'बादी' शब्दको उत्पत्ति वादक र पात्र वा पात्री शब्दकै अपभ्रंसबाट बादी र पातरका रूपमा रूपान्तरित हुन गएको अनुमान गरेको पाइन्छ ।

नेपाल बादीहरू पश्चिम नेपालमा प्रवेश गरेको तर्क गरेको पाइन्छ । आहुतिका अनुसार ११ औं शताब्दीमा भारतबाट हिन्दूहरू नेपालमा प्रवेश गरी भुरे टाकुरे राजाका रूपमा राज्य सञ्चालन गर्न थाले । त्यसपछि बादीहरूलाई तिनै राजाहरूले १४ औं शताब्दी पछि नेपाल ल्याएका हुन् । बादीहरू विशेषगरी सल्यान, जाजरकोट, मुसीकोट र वझाङ जिल्लामा पहिलो पटक प्रवेश गरेको अनुमान गरिएको पाइन्छ । त्यो समयमा कोट कोटमा राज्यहरू थिए । केही किंवदन्तीका अनुसार कुनै पर्व परेको समयमा मुसीकोटे राजाले साङ्कोटे (सल्यानी) राजासँग र जाजरकोटे राजाले मुसीकोटे राजासँग बादीहरू मगाउने गर्दथे । यसरी बादी समुदायको उत्पत्ति सम्बन्धमा माथि उल्लेखित विचार हेर्दा बादी समुदायलाई नेपालमा प्रवेश गराउने काम लिच्छविहरूबाट नै भएको हो भन्न सकिन्छ । लिच्छविहरूले आफ्नो मनोरञ्जन गर्नको लागि यो समुदायलाई नेपालमा ल्याएका हुन् भन्ने तर्कप्रति विश्वास गर्न सकिन्छ ।

## १.३ उत्पत्तिको इतिहास/मिथक/किंवदन्ती

बादी समुदायको उत्पत्तिको इतिहासबारे विभिन्न प्रकारका मिथ र कथाहरू रहेको पाइन्छ । सल्यान, जाजरकोट, मुसीकोट तथा बझाङका बादीहरूका आ–आफ्नै तरिकाका कथाहरू रहेका छन् । बादी समुदाय, जो आज जातीय सोपानमा पीधमा रहेको छ । तर ऐतिहासक मिथक र किंवदन्तीले उनीहरूलाई अछूत भएको देखाउँदैन । ती किंवदन्तीमा बादीहरू राजाको सेवा गर्ने र राजाका भान्से भएको देखिएको छ । यहाँ तिनै केही किंवदन्तीहरू उल्लेख गरिएको छ ।

बादी समुदायलाई उपाध्याय बाहुनको सन्तान पनि भनिन्छ । कुनै समयमा इन्द्रलोकमा सधैँ जसो नाचगान र भोजभतेर हुने गर्दथ्यो । इन्द्रको भान्सामा

उपाध्याय बाहुनले मात्र भान्सा गर्न पाउँथे । एकपटक इन्द्रलोकमा पाँचवटा देउताहरूको भोज इन्द्रले नै आयोजना गरेछन् । त्यस भोजमा भोजन तयार गर्नको लागि उपाध्याय बाहुनलाई जिम्मा दिइएछ । त्यसपछि आफ्नो जिम्माअनुसार बाहुनले भोजन तयार गरिरहेको रहेछ । त्यहीबेला उता इन्द्रका परीहरूले ती सबै देउताहरूलाई आफ्नो कला देखाइरहेका थिए । इन्द्रलोकमा अप्सराहरूको त्यो नाचगानलाई भान्से बाहुनले उत्सुक भएर भान्साको (गुजेला) प्वालबाट एकोहोरो हेरिरहेको रहेछ । तर उता भोजन भने जलेर सबै नष्ट भएछ । भान्से बाहुन भान्सा भन्दा पनि परीहरूको नाचगानमा मस्त हुँदा उसलाई भान्सा जलेको कुनै पत्तो नै भएन ।

जब इन्द्रले सबै देवताहरूलाई खानाको लागि आग्रह गरे । त्यसपछि भान्सेलाई खाना पस्कन भने तर भान्से दौडदै गएर इन्द्रको शरणमा परेर भन्यो, "महाराज म परीहरूको नाचमा नै मस्त भएछु, परीहरूको नाच हेर्दाहेर्दै मैले भोजन जलेको पत्तो नै पाइन, माफ पाउँ महाराज" ।

त्यसपछि इन्द्रले, "तिमीलाई नाच सान्है मन पर्छ?" भनेर सोधेछन् ।

त्यो भान्सेले, "हो हजुर मलाई परीको नाचगान र सङ्गीतमा मेरो सानैदेखिको रूची हो, मलाई सङ्गीत सान्है नै मन पर्छ" भनेछ । यसरी इन्द्रले त्यो भान्सेलाई सराप दिएछन्, "आजदेखि तिमी नर्क लोकमा जानू, त्यहाँ तिम्रो टाउकोमा धुलो नहोस्, खुट्टामा हिलो नहोस्, तिम्रो हातले खुर्सानी नफलोस्, मागेपछि सबै मिलोस्, नाचगान गर्नू, छोरी बुहारी, श्रीमति समेतलाई नचाउनू र त्यसैबाट तिमीले आफ्नो जीवन चलाउनू" । अनि इन्द्रले भान्सेलाई स्वर्गलोकबाट नर्कलोकमा पठाए । त्यही उपाध्याय बाहुन इन्द्रले भने झैं गीत गाउँदै, वाद्यवाधन बजाउँदै र बनाउँदै आफ्नो जीविका चलाउँदै आयो । र, तिनैका सन्तान नै बादीहरू हुन् भन्ने मान्यता रहेको छ । आजसम्म पनि बादीहरू गीत गाएर नै जीविका चलाएको देखिन्छ । त्यसैले पनि यस जातिलाई उपाध्याय बाहुनको सन्तान हो भन्ने गरिन्छ । यस्तो किसिमको भनाई भन्ने चलन विशेषगरी सल्यानी र सल्यानबाट झरेका सबै बादीहरूको रहेको छ ।[४]

४. बादी समुदायका अगुवा निर्मल बादीसँग २०६८ साल दाङमा गरिएको कुराकानीका आधारमा ।

यसरी नै बादी समुदायको उत्पत्तिको सम्बन्धमा अर्को एउटा किंवदन्ती पनि यो समुदायमा रहेको छ । जाति विभाजन धेरै पछि भए पनि काम विभाजन भने देवताहरूबाट नै भएको हो भन्ने विश्वास बादीहरूमा रहेको छ । त्यो मिथक अनुसार स्वर्गका देवताले एक दिन काम विभाजन गर्न थालेछन । त्यसका लागि उनले आफ्नो राज्यका सबै मान्छेहरूलाई बोलाएछन् ।

राज्यका सबै मानिसहरू जम्मा भएपछि देवताले भनेछन्, "कसले के के काम गर्ने हो, आफ्नो–आफ्नो काम मलाई भन" । त्यसपछि एक जना महिलाले, "म पूजापाठ गर्न चाहन्छु । मन्दिरको छेउमा तथा देवताको घरमा सधै पूजापाठ गरेर म सेवा गर्न चाहन्छु" भनीन् र उनी बाहुनी बनिन् ।

त्यसैगरी अर्की महिलाले, "म धर्ती खनेर सबैलाई सेवा गर्छु" भनिन् र उनी क्षत्री बनिन् । यसप्रकार सबैले आ–आफ्नो कामको भाग लिए र गए । तर देवताले दरवारमा मनोरञ्जन गर्ने भाग कसैले पनि नलिएकोले मनोरञ्जन दिने काम कसलाई दिने होला भनेर सोचिरहेका थिए ।

अर्को दिन देवता सिकार खेल्न जङ्गलमा गए । त्यहाँ सीता नाचेको र पार्वतीले गीत गाएको देखे । उनले आफ्नै दुईवटी छोरीमध्ये पार्वतीलाई नाच्ने गाउने काम दिए । त्यस दिनदेखि सीतालाई भित्र आऊ भने र पार्वतीलाई तिमी बाहिर बस भने । यसरी आजदेखि पार्वतीले गीत गाउने र मनोरञ्जन दिने काम गर्नुपर्छ भन्ने बुबाको आज्ञाको पालन गरिन् ।

यसैत्रममा बुबाले आफ्नो छोरीलाई वरदान पनि दिए र भने "तिमीलाई भोक नहोस्, भकारी नहोस्, बोक्सी विद्या नहोस्, बारीको साग दाउरा भाँचेर खाए पनि सराप नलागोस्, घरभित्र पसेर नखानू, नदिनेलाई दिने बनाउनू, थुकेर दिए पनि सफा गरौंला"। यसरी ती पार्वती नाच्दै गाउँदै जाँदा कालान्तरमा पार्वतिबाट पातर भएको हो भन्ने भनाई रहेको छ ।

यसरी पार्वतीलाई मनोरञ्जनको पात्र बनाएपछि राजाले उनीसँग विवाह गर्नको लागि एकजना यस्तो मानिस खोजे जोसँग यस्तो गुण होस् कि उसले मादल बनाउन जानोस् र मादलको आवाज निकाल्न सकोस् । त्यो आवाजको धुनले गर्दा पार्वती नाच्ने र गाउन सकून् । उसले पार्वतीलाई मादल बजाएर साथ

दियोस् । त्यसपछि पार्वतीसँग विवाह गर्नको लागि सबै मानिसले मादल बनाउन थाले । सबै काठहरूको परीक्षण गरे । अन्तमा एकजना मानिसले खिर्रा काठको मादल बनाएछ तर त्यसले आवाज दिएन । अनि धेरै प्रयास गरेर नबजेपछि उसले त्यस काठलाई भिरबाट खसाली दिएछ । भिरबाट गुड्दै जाँदा त्यस काठले 'चामल चल्ली' भनेको आवाज त्यो मानिसले सुनेछ । त्यसपछि फेरी त्यो काठलाई ल्याएर चामल र चल्ला (कुखुरा)ले पूजा गरेपछि मादल बजेछ । र, उसले पार्वतीसँग विवाह गरेछ । तिनै पार्वती र उनीसँग विवाह गर्ने मानिसका सन्तानहरूनै कालान्तरमा बादी र पातर भएका हुन भन्ने भनाई सुर्खेत, दैलेख र जाजरकोटका बादीहरूको रहेको छ ।[५]

यस्तै अर्को मिथकअनुसार वेदहरूको आविष्कार गर्ने समयमा ऋग्वेद र सामवेदको समायोजन (फ्युजन) बाट एउटा सुरिलो वाद्यवाधनको आवाज आकाशमा गुञ्जियो । त्यो आवाज धेरै सुरिलो र सङ्गीतमय थियो । सबैलाई मोहित पार्ने खालको थियो । त्यो ध्वनी ग्रहण गर्ने नै बादी समुदाय हो । त्यही ध्वनीका आधारमा बादीहरूले गीत सङ्गीतमार्फत भारतका विभिन्न ठाउँहरूमा मनोरञ्जन दिदै आयो । त्यसपछि सल्यानी राजाले आफ्नो मनोरञ्जनको लागि उनीहरूलाई नेपालमा भित्र्याएको हुन् । उनीहरूको कला, सङ्गीत, नाचगानबाट धेरै नै प्रभावित भएर विभिन्न कोट कोटका राजाहरूले उनीहरूलाई आमन्त्रण गर्न थाले । त्यसैबेलादेखि बादीहरू मध्ये केही सल्यानमा बसोबास गर्न थाले । केही बादीहरू भने मुसीकोट, प्यूठान, बझाङमा बस्न थालेका हुन् । यसरी बादीहरूको जनसंख्या वृद्धि हुँदै गएपछि राजा रजौटाहरूबाट नै यस समुदायका महिलाहरू यौन शोषणमा परे । पछि राजाहरूको सत्ता पतन भएसँगै उनीहरूको परम्परागत पेशा सङ्कटमा पऱ्यो र, बादी समुदायका केही महिलाहरूले बाध्यात्मक रूपमा यौन पेशालाई अपनाएको भन्ने भनाई पनि रहेको छ ।[६]

---

५. सुर्खेतका बादी अगुवा विष्णु बादीसँग २०७६ सालमा गरिएको कुराकानीका आधारमा ।

६. बादी समुदायका अगुवा निर्मल बादीसँग २०७५ मा गरिएको कुराकानीको आधारमा ।

## १.४ बादी समुदायको थर र उप–समूह

नेपाली समाज विशेषतः हिन्दू समाजमा गोत्र र थरको विषयमा धेरै नै भ्रम र अन्यौल रहेको पाइन्छ । हिन्दू समाजमा गोत्र एक प्राचीन पुरूषको वंश परम्परालाई जनाउँछ, जुन एक पुरूषको छोरा, नाति पनाति हुँदै हजारौ वर्षसम्म चल्ने वंश प्रक्रिया हो (आहुति २०७३)। उनीहरू आफु विभिन्न ऋषिमुनिका सन्तान भएको विश्वास गर्दछन् । यसरी एक व्यक्तिबाट सुरू भएको वंश परम्परा सबै सन्ततिहरू त्यही मुख्य परबाजेका सन्तान र उनीहरूको उत्पत्ति भएको मानिन्छ । अर्को शब्दमा भन्दा आफ्ना पुर्खाहरू कुन ऋषिको गोठमा बसेका थिए र उनीहरूको कुन गोठका ऋषिका सन्तति हुन् भन्ने कुरा गोत्रले बुझाउँदछ (आहुति २०७३)।

एक मूल ऋषिबाट आरम्भ भएर बाजे, बाबु, छोरा नाति, पनाति हुँदै अघि बढ्दछ । यसप्रकार मानव समाजमा सुरूमा गोत्र भन्नाले एउटै पुर्ख्यौली रक्तखलकका मानिसको झुण्ड हो । मानव समाजको लामो ऐतिहासिक विकास क्रममा सयौं जाति, हजारौं उपजातिमा विभाजीत र विकसित हुँदै आएको हो । ती मुख्य ऋषिका चेला वा उपऋषिहरूको नामबाट बनेको मान्न सकिन्छ । जति ऋषिका सन्तानहरू छन्, उनीहरू सबै उच्च जातका छन् । कथित तल्लो जात मानिएका जातको वंश ऋषिसँग जोडिएको पाइदैन । उनीहरू पनि कुनै न कुनै ऋषिकै सन्तान हुन् तर समयक्रममा जात घटुवा पारिएका र अछूत मानिएकाहरूलाई यो प्रक्रियामा राखिएन । उनीहरूलाई अछूतको रूपमा हेरिने गरिएको देखिन्छ (आहुती २०७३)।

हिन्दू वर्णव्यवस्था अनुसार तोकिएको पेशागत नाम र तह नै जात हो । सुरूमा चार वर्ण ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र भनेको पेशागत क्षेत्रको मानव समूह र तहगत व्यवस्था थियो । यसप्रकार जातको नाम पनि श्रम वा स्थान विशेषसँग सम्बन्धित हुने गरेका छन् र अहिले पनि प्रचलित जातको नामको चरित्र त्यस्तै कायम नै छ । जस्तैः कर्मिबाट कामी, दमाह बजाउने दमाहीबाट दमाई, जुम्लाको सराक भन्ने स्थानबाट फैलिएका सराकीबाट सार्की, वाद्य अर्थात् बाजाको काम गर्ने वाद्येयीबाट बादी, गाउनेबाट गाइने, द्य (देउता) को

मन्दिर सफा गर्ने, रखवारी गर्ने छाला; चर्म अर्थात् छालाको काम गर्ने चमार आदि आदि (आहुति, २०७३) ।

आहुतिकै तर्क अनुसार, थर वास्तवमा निश्चित व्यक्तिको पारिवारिक परिचय हो । वंश र थर पुरूषबाट सन्तानमा जाने पितृसत्तात्मक परिपाटीका कारण थर यथार्थमा पुरूष वंशगत लहरोको रूपमा एक पुस्ताबाट अर्को पुस्तामा जाने गरेको छ । नेपालमा एउटै थरभित्र विवाह गर्नै नहुने, आफ्नै थरभित्र मात्र विवाह गर्न मिल्नेदेखि थरलाई नामसँगै जोडेर भन्ने परम्परा नै नभएका जातिसम्म बस्दछन् । नेपालका हिन्दूहरूमा सामान्यतया कूलको अर्थ बोकेका एउटै थरका बीच विवाह हुँदैन । नेवारमा एउटै थरभित्र मात्र विवाह हुन्छ । हिमाली भोटे जातिमा नामसँगै थर भन्ने परम्परा नै थिएन तर अहिले नामसँगै थर भन्ने अरूसँगको अन्तरक्रियाले गर्दा उनीहरूले पनि नामसँगै थर लेख्न थालेका छन् (आहुति २०७३)।

बादी समुदायमा गोत्र हुँदैन त भन्ने प्रश्न उठ्नु स्वभाविक हो । माथि भनीए झैं दलित पनि कुनै न कुनै गोठका सन्तति त थिए । तर उनीहरूलाई जात घटुवाका कारण गोत्रमा राखिएन । त्यसैले पनि अहिलेको पुस्ताले आफ्नो गोत्र खोज्न वा पाउन गाह्रो भएको हो । अहिले पनि विज्ञ तथा जान्ने बुझ्केका मानिसहरूसँग यसबारे सही जानकारी भएको देखिँदैन ।

त्यसो भए बादी समुदाय गोत्रबिनाको जात हो त? यस्तो प्रश्नमा एक जना पण्डितले जबाफ दिएछन्, "पात पतिङ्गर, पशु पक्षी र जसको गोत्र पत्ता लागेको छैन, उसको गोत्र कास्यप हो" । यो नै सही उत्तर होइन । बादीहरूको गोत्र हुँदैन भन्ने विषयमा भएका धेरै वहस र छलफलले पनि यस कुराको आधारलाई मानेको पाइँदैन । किनभने, बादीहरूले राजा रजौटाको घरमा स्याहारे र सुसारे भई काम गर्ने गर्दथे । यस समुदायका अगुवाहरूका अनुसार बादीका महिलाहरू राजा रजौटाका रखैलसम्म भएका थिए । यसरी उनीहरूबाट जन्मेका बच्चाहरूलाई बुबाको नाम दिइएन । त्यस्ता बच्चाहरू हुर्कदै गई त्यसै प्रकारको काम गर्दै जाँदा उनीहरूको एउटा निश्चित सन्तान वा वंश नभएको हो । त्यसैले बादीहरू नेपालमा बढी मात्रामा रक्तमिश्रण भएको

समुदाय हो । यही तर्क यस अध्ययनमा सहभागी बादी समुदायका अगुवाहरूको पनि रहेको थियो ।

यसरी गोत्र भन्ने कुरा पुरूषबाट सर्दै उसका सन्ततिहरूमा सर्ने भएको कारण बादी समुदायमा बढी रक्तमिश्रण हुने देखिएको हो । त्यस्तै पुरूषले बादी महिलाबाट जन्मेका सन्ततिलाई अक्सर स्वीकार नगर्ने अवस्थाले यस समुदायको गोत्र हुँदैन भन्न सकिन्छ । यसैगरी विगतमा अन्तरजातीय विवाह गर्दा श्रीमान्को जात खसेर श्रीमतीको जातमा झर्ने चलन हुँदा पनि यस्तो अवस्था भएको हुन सक्छ । उदाहरणका लागि शाही (ठकुरी) ले बादी महिलासँग विवाह गरेमा बादी महिला ठकुरी नभएर ठकुरी पुरूष बादी हुने र उसले ठकुरीको गोत्र राख्न नपाउने सामाजिक नियम छ । जसका कारण, बादीहरूको गोत्र नभएको हो भन्ने भनाई पनि रहेको पाइन्छ ।

बादीसम्बन्धी गरिएका अहिले सम्मको अध्ययनमा बादी परिवारको वंश वा गोत्र भएको देखिएन । तर गोत्रबाहेक बादी समुदायमा थर भने हुन्छ । बादी समुदाय र अन्य समुदायमा नातागोता र साइनो लगाउने कार्यमा कुनै फरक छैन । भाषागत रूपमा पनि अरूले जे साइनो उच्चारण गर्दछन्, बादीहरूले पनि त्यही उच्चारण गर्ने गर्दछन् । तर थर र वंश बादी समुदायमा फरक–फरक छन् । कोही सुनारका सन्तान, गिरी, वुढाथोकी, रोल्पाली बाहुन, सल्यानी साङ्कोटी फालावागी, मुसाकोटी, जाजरकोटी आदिका वंशज वा सन्तान हौं भन्ने चलन बादी समुदायमा रहेको छ । यो समुदायमा बादी, नेपाली, राना, भाँड, दमाई, बैगार, सिंह, कुमाल, दास, वाद्यकार र गाइने आदीजस्ता थरहरू प्रचलनमा रहेको पाइन्छ ।

बादी समुदायका महिलाहरू बादीसँग मात्र विवाह गरेको भए, उनीहरूको सन्तान, नाता–गोता र वंश गोत्र थाहा हुन्थ्यो । उनीहरू राजा, रजौटादेखि गाउँका मुख्य व्यक्तिहरूबाट बच्चा जन्माउने तर उनीहरूले आफ्नो नाम नदिने अवस्था थियो । त्यसैकारण बादी समुदायको वंश नभएको हो भन्ने भनाई विश्वासनीय मान्न सकिन्छ । समता फाउण्डेशनको एक नीति–पत्रले बादी समुदायका केही प्रचलित थरहरू यसप्रकार उल्लेख गरेको छ ।

१. कश्यप; २. कालीयान; ३. कुमाल; ४. केसरी; ५. खनौटे; ६. खाती; ७. गौतम; ८. गाईने; ९. गिरी; १०. चन्द; ११. छिनाल; १२. छिन्वयाल; १३. छिलाल; १४. छिलेल; १५. जुम्लेली; १६. जोगी; १७. जोगीराजयोग; १८. ठकुरी; १९. दमाई; २०. दास; २१. दुमाकी; २२. नगर्ची; २३. नेपाल; २४. नेपाली; २५. पहाडी; २८. पोखरेल; २७. पौडेल; २८. बसेल; २९. बुढाथोकी; ३०. बाढा; ३१. बाध्यकार; ३२. बादी; ३३. बाहय; ३४. बाहुन; ३५. बोरेसाह; ३६. बैकार; ३७. बैगार; ३८. भाँड; ३९. मगर; ४०. राना; ४१. लेकाली; ४२. वैश्य शाही; ४३. सुनार; ४४. सिमाल; ४५. सिंह; ४६. सुन्चेउरी; ४७. हमाल; ४८. हरिथंगा; ४९. हुड्केधिताल । (समता फाउण्डेशन २०७३)

## १.५ बादी समुदायका संस्कारहरु

बादी समुदाय हिन्दू धर्मप्रति बढीनै विश्वास गर्ने समुदाय हो । त्यसैले हिन्दू तथा खस-आर्यले मनाउने चाड पर्व तथा संस्कार र संस्कृतिलाई यो समुदायले अपनाउँदै आएको पाइन्छ । त्यसैले उनीहरूले मान्ने यी संस्कार र संस्कृतिमा अन्य जाति/समुदाय भन्दा पृथक भएको पाइदैन । तर पनि बादीहरूमा यी संस्कार र संस्कृतिलाई ग्रहण गर्ने प्रक्रिया वा मान्ने तरिका भने फरक रहेको पाइन्छ । त्यसैगरी उनीहरूका केही समुदायगत जीवन संस्कार र संस्कृतिहरू रहेका छन् । त्यसबारे यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

### १. गर्भधारण

यस समुदायमा जब पेटमा बच्चा रहेको थाहा हुन्छ, सबै भन्दा पहिले गर्भधारण गर्ने महिलाले आफ्नो श्रीमान्लाई यो कुरा बताउँछे । अरू समुदायका मानिसहरूमा पेटमा भएको बच्चा छोरा भए हुन्थ्यो भन्ने सोचाइ रहेको भेटिन्छ । तर बादी समुदायमा भने पेटमा भएको बच्चा छोरा वा छोरी जे भए पनि स्वीकार्य हुन्छ । छोरा छोरी भनेर विभेद रूपमा हेरेको देखिँदैन ।

यद्यपि कुनै समयमा भने बादीहरूले छोरा भन्दा छोरी भए हुन्थ्यो भन्ने थियो, किनभने त्यतिबेला छोरीको महत्त्व एक्कसी बढेको थियो । बादीहरूमा छोरी

नै परिवारका अन्न दाता हुन् भन्ने चलन थियो । समुदायमा यस्तो सोचाई छोरीहरूलाई नचाउने (यौन पेशामा लगाउने) कार्यको सुरूवात भएपछि बढेको थियो । त्यसैले त्यसवेलादेखि छोरा भन्दा छोरीको महत्त्व हुन गएको हो । तर सबै बादीहरूले यस प्रकारको सोचाइ राख्दैनथे । बादी समुदायमा पनि गर्भवती महिलालाई मिठो खाना दिने र आराम गर्न लगाउने चलन रहेको छ ।

२. **नामाकरण**

बादी समुदायमा बच्चा जन्मेपछि जन्मेको ५, ७, ९, र ११ दिनमध्ये कुनै एक दिनमा बच्चाको न्वारण गर्ने चलन छ । यो समुदायमा प्रायः ५ दिनमा नै न्वारण गर्ने गरिन्छ । न्वारन गर्दा छोरा र छोरीमा कुनै प्रकारको विभेद भने छैन । घरको अवस्था हेरेर जुन दिन इष्टमित्र जमघट हुन सक्छन्, त्यही दिन न्वारण गर्ने निधो पठाइन्छ । अनि त्यसै दिन सबैजना उपस्थित भएर न्वारणको प्रक्रिया थालनी गरिन्छ ।

बादी समुदायका बच्चाहरूलाई प्रायःजसो घरमा नै जन्म दिने चलन छ । उनीहरूमा कहिले काहीँ माइतीमा बच्चा जन्मिएको खण्डमा घर चोख्याउनु पर्छ भन्ने मान्यता रहेको छ । घरको सुत्केरो फालेको दिन नै माइतीमा पनि घर चोख्याइने गरिन्छ । यसरी घर चोख्याउदा रगत देखाउनु पर्दछ भन्ने विश्वास रहेको छ । त्यसका लागि कुखुरा वा बाख्रा काट्ने चलन छ । घरतिरको बाहुनले सुनपानी, जौ, तिल छर्केर ध्वजाहरू ओडाएर घर चोख्याउने गरिन्छ । बच्चाको न्वारणमा बाहुनले जौ, तिल, सुनपानी, माटाको प्यालामा बत्ती बालेर जग्गेमा बेसार र पिठोको पहेलो रेखी हालिन्छ र कुखुरा काटी जग्गेको वरिपरी घुमाइन्छ । जग्गेको आगो माथि बच्चालाई कति दिनमा न्वारण गर्न लागेको हो, त्यति पटक उचालिन्छ । त्यसपछि कराएर सुत्केरो गयो भनेपछि सुत्केरो गएको मानिन्छ । बच्चको आमालाई सफा सुग्घर बनाएर सुनपानी छरेर घरभित्र प्रवेश गराइन्छ । न्वारण नहुन्जेलसम्म आमा र बच्चालाई एउटा कोठामा राखिन्छ । उनले कुनै सामान छुन हुँदैन । गाँउघरले पनि यो घरका मानिसलाई सुत्केरो परेको छ भनी चोखो सामानहरू छुन दिँदैनन् ।

बादी समुदायमा नाम राख्ने प्रक्रिया भने अलि फरक छ । आजभोलिको चलन चल्ती हेर्ने हो भने यस समुदायमा पनि नामकरण गर्नको लागि जसले भोज भतेर र जग्गेको आयोजना गर्दछ, उसैले आफ्नो बच्चाको नाम राखेको पाइन्छ । तर विगतमा बादी समुदायमा यसप्रकारको चलन थिएन । पहिले उनीहरूमा बच्चाको नाम महिना, बार, ठाउँको आधारमा राखिन्थ्यो । जस्तोः आइतबार जन्मेको हो भने आइते, आइति, नेप्टि, थेप्चि, असारमा जन्मेको असारे आदि ।

### ३. **छैठी**

बादी समुदायमा छैठी गर्ने परम्परा थिएन । पहिले उनीहरू राजा, महाराजाको घरमा चाडपर्व र विभिन्न रीतिरिवाजमा नाचगान गर्न जान चलन थियो । त्यहाँ उनीहरूले राजा, रजौटाले गरेको छैठी गरेको देखे । त्यसपछि उनीहरूले पनि सिको गरेर छैठी गर्न थालेको भन्ने गरेको पाइन्छ ।

छैठीमा बादी समुदायले रातभरि नाचगान गर्दै रमाइलो गरी रात कटाउने गर्छन् । राम्रो राम्रो गीत र सङ्गीतले भाग्य लेख्न आउने भाविनीलाई मोहित गर्छ भन्ने विश्वास उनीहरूमा रहेको छ । त्यसैले भाविनीले बच्चाको राम्रो भाग्य लेखोस् भन्ने उद्देश्यले रातभरि रमाइलो गरी रात कटाउने गरिन्छ । त्यो रात गीत र सङ्गीतमय बनाइन्छ । यदि रातभरि कुनै प्रकारको सङ्गीतको आवाज आएन भने भाविनीले राम्रो भाग्य लेख्दैनन् भन्ने मान्यता यस समुदायमा रहेको छ । त्यस्तै अहिले बालकको सिरानीमा कापी कलम राख्ने चलन पनि रहेको छ, जसले गर्दा बालक पछि गएर राम्रो मान्छे बनोस् भन्ने कामना गर्ने चलन रहेको छ ।

### ४. **पास्नी**

बादी समुदायमा साँझ र बिहानको छाक टार्न गाउँ-गाउँ माग्दै हिंड्नु पर्ने बाध्यता थियो । त्यसैले उनीहरूले आफ्ना बालबालिकाहरूको पास्नी गर्दैनथे । तर परिवर्तित समयसँगै आजभोलि बादीहरूले पनि आफ्ना बालबालिकाहरूको पास्नी गर्न थालेको पाइन्छ । यो समुदायमा पहिले छोरा ६ महिना र छोरी ५

महिना पुगेपछि जाउलो चटाउने गरिन्थ्यो । यसपछि बालबालिकाहरूलाई अन्न खुवाउन सुरू गर्ने चलन थियो । तर आजभोलि भने बादी समुदायमा पनि सानोतिनो भोज गरी बालबालिकाको पास्नी गर्न थालेको देखिन्छ ।

### ५. कपाल काट्ने

बादी समुदायमा कपाल काट्नको लागि भने निश्चित नियमहरू हुन्छन् । बच्चा जब नौ महिनाको हुन्छ, तब उसको कपाल काट्नु पर्ने हुन्छ । कपाल काट्नको लागि बच्चाको मामाको भूमिका महत्त्वपूर्ण मानिन्छ । बच्चाको कपाल उसको मामाले मात्र काट्ने चलन बादी समुदायमा पनि रहेको छ । कपाल काट्दा विशेष प्रकारको भोज भतेर नगरे पनि मामालाई मिठो खाना दिइन्छ । मामालाई एक जोर कपडा दिइन्छ । मामाले पनि बच्चालाई एक जोर कपडा दिने चलन छ । काटेको सबै कपाल हरियो टपरीमा राखिन्छ । कपाललाई भुइँमा खस्न दिइँदैन र त्यसलाई धुप बत्ती बालेर टपरीसँगै नदी वा खोलामा बगाउने गरिन्छ । त्यो कपाल समुन्द्रमा पुग्यो भने बच्चाको आयु लामो हुन्छ भन्ने विश्वास बादी समुदायमा रहेको छ । यदि नौ महिनामा कपाल काट्न सकिएन भने कहिले पनि जोडा महिनामा कपाल कार्टिंदैन । बिजोड महिना वा बिजोड वर्ष पारेर कपाल काटिन्छ ।

### ६. व्रतबन्ध

छेवर वा व्रतबन्ध जस्तो जीवन कर्म अन्य जातिमा अनिवार्य जस्तै हुन्छ । तर बादी समुदायमा व्रतबन्ध र ८४ गर्ने चलन छैन । व्रतबन्धको कार्य बाह्मणहरूले गर्ने र बादी समुदायको व्रतबन्धमा बाहुनहरू उनीहरूको घरमा नआउने हुँदा यो समुदायमा यो कर्म गरेको पाइदैन । त्यस्तै समुदायले जनै पनि लगाउँदैनन् । उनीहरूले व्रतबन्ध नगर्ने भएकोले पनि जनै लगाउने चलन छैन । यो समुदायका अगुवाहरूले भने अनुसार जनै क्षेत्री र बाहुनले लगाउने भएकोले उनीहरूले बादीहरूलाई लगाउन दिंदैनथे ।

## ७. विवाह

विवाह संस्कार सबै जात-जाति र समुदायमा एक महत्त्वपूर्ण जीवन कर्म हो । बादी समुदायमा बच्चा जन्मेको दिनमा नै छोरी भए मेरो बुहारी हुन्छे भनेर बच्चाको फुपुले डोरी बाँधिदिने चलन थियो । अर्थात् बादी समुदायमा मामा छोरी विवाह गर्ने चलन सबैभन्दा बढी थियो । तर आजभोलि यो चलन विस्तारै हट्दै गएको पाइन्छ ।

यो समुदायमा मागी विवाह गर्दा सबै भन्दा पहिले आफ्नो नजिकको नाता पर्ने व्यक्तिलाई दूत बनाइन्छ । दूतले केटा पक्षको बारेमा केटी पक्षको घरमा गएर कुरा खोल्ने कार्य गर्दछ । यदि केटीका बुबा-आमा सकारात्मक भएमा केटाका बुबा-आमा केटीकोमा जान्छन् । यसैक्रममा केटाकेटी एकअर्कालाई देखाउने गरिन्छ । त्यसपछि कुरा पक्का गर्नको लागि पहेंलो टीका रातो अचानो गर्ने गरिन्छ ।[७]

यसरी केटीका बुबा-आमाले १ वर्ष वा ६ महिनाको मग्नीको भाका राख्छन् । र, यसै भाका अनुसार मग्नी गरिन्छ । मग्नीमा केटी पक्षको मागअनुसार केटा पक्षले राँगा, खसी, सुँगुर, कसार आदी लिएर केटीको घरमा जाने गर्दछन् । अनि टीकाटाला गरेर मग्नी सफल हुन्छ । त्यसपछि उनीहरूले फेरी १ वर्ष ६ महिनाको विवाहको भाखा राख्ने गर्दछन् । विवाहमा पनि केटी पक्षको मागअनुसार कति चारलिने[८], कति जन्ती लिने भनेर किटान गरिने गरिन्छ ।

पहिले बादी समुदायमा दुई दिनमा मात्र विवाह सम्पन्न हुने चलन थियो । उनीहरूको विवाहमा बाजागाजा बजाउन पाइदैनथ्यो । बाहुनहरू विवाह गर्न नजाने भएको हुँदा उनीहरूले आफ्नो इष्टले नै बाहुनको रूपमा काम गर्दछ । विवाहको सबै कार्य सोही बाहुनबाट नै सम्पन्न हुने गर्दछ । जब सबै काम पुरा गरेपछि जन्तीहरू केटी पक्षको घरमा जाने गर्छन् । यसरी जन्ती केटीको घर नजिक पुगेपछि दुई जना भाते कौवा दुधेलो बोकेर आउँछन् । तिनले

---

७. रातो अचानो गर्ने भनेको खसी, कुखुरा, राँगा, सुँगुर काट्नु भनेको हो ।

८. यसको अर्थ, छोरी पक्षको माग अनुसार राँगा, खसी, सुँगुरको माग गर्नु हो ।

कति जना जन्ती छन्, को को जन्तीले के के खान्छन् भनी खबर पठाउने काम गर्छन् । भाते कौवा माइतीमा पुगेर माइती पक्षले बोलाएपछि मात्र जन्ती घरमा जान्छन् । त्यसपछि केटीको बुबाले र केही कन्याहरूले कलस बोकेर स्वागत गर्ने गर्छन् । तर आजभोलि माइती पक्षका दमाईंले बाजाले स्वागत गरेको पाइन्छ । त्यसबेला जन्ती पक्षले बाजा बजाउनेहरूलाई सक्दो पैसा दिएर सहयोग गर्नु पर्दछ । आगनमा जन्तीको आगमन भएपछि खानपिन सुरू हुन्छ ।

यसरी भोलिपल्ट बिहान विवाहको कार्य सुरू हुन्छ । त्यसपछि माइती तर्फबाट बाहुनको रूपमा रहेको इष्टले टीका टाला गरिदिन्छ । परिवारका सबैले गोडा धुवाइ गर्ने गर्दछन् । अनि सालको पातमा कपाल फालेर दान दक्षिणा दिएर बिदाई चार मागेर जन्ती विदा गरिन्छ । बिदाई चाडमा पनि राँगा, सुँगुर, खसी, लड्डु आदि माइती बुझाउने पनि गरिन्छ । यसरी माइतीबाट बिदा भएपछि जन्ती दुलही लिएर केटाको घरमा फर्किन्छन् । दुलहीलाई केटाको घरमा ल्याएपछि दुलहाका बुबा–आमाले टीकाटालो गरेर भित्र्याउँछन् ।

### ८. ढोका छेकाइ

नव दुलहीलाई भित्र्याउने क्रममा दुलहाका बहिनी र अन्य सानो नाता पर्नेले ढोका छेकेर बस्ने गर्छन् । त्यतिबेला दुलहीले केही पैसा, सुन, गहना दिएपछि मात्र उनलाई भित्र पस्न दिइन्छ । यसैलाई नै ढोका छेकाइ भनिन्छ । बुध र बिहीबार पारेर भतेर गरी विवाहको लगन हेरेर घरपरिवारको बाहुनले फेरी विवाह गरिदिन्छन् । विवाह गर्दा केराको पातमा रेखी हालेर सिन्दूर हाल्ने गरिन्छ । यसरी सिँदुर हालेपछि विवाह सम्पन्न भएको मानिन्छ ।

### ९. मृत्यु संस्कार

यो समुदायमा कुनै मानिसको मृत्यु भैसकेपछि, सबै भन्दा पहिले उसलाई घरको कोठादेखि बाहिर आँगनमा ल्याइन्छ । त्यसपछि उसको शारिरीक अवस्थाअनुसार खुट्टा खुम्चेको भए, खुट्टा सिधा बनाउने गरिन्छ । लासको अगाडि पछाडि फलामका चक्कु, कर्द, खुकुरी गाडिन्छ । यी सामग्री नगाडिएमा मरेको लास बढ्छ भन्ने विश्वास बादीहरूमा रहेको छ ।

त्यसपछि मृत्यु भएको व्यक्तिको दुई वटा औंला धागोले बाँधिन्छ । खुट्टाको औला पनि बाँधिन्छ । त्यसपछि छातिमा हरियो टपरिमा एक माना चामल सामलको रूपमा राखिन्छ । आर्थिक हैसियत अनुसार लामो वा छोटो बाटको[९] व्यवस्था गरिन्छ । तर जतिसुकै गरिब भए पनि दुई मिटर भए पनि बाटको व्यवस्था गरिन्छ । सबै कुरा तयार भएपछि लासलाई छोराले मात्र बोक्नु पर्दछ । यदि छोरा छैन भने नजिकको सन्तानले बोक्नु पर्दछ । आर्थिक क्षमताअनुसार धान भुटेर त्यसमा पैसा हालेर बाटोभरि छर्केने चलन पनि यो समुदायमा रहेको छ । यसरी धान र पैसा छर्ने काम मर्ने मान्छेको ज्वाइँ अथवा बाहुनले गर्ने चलन छ । पहिले बादीलाई शङ्ख र बाजा बजाउने अनुमति थिएन । गाँउका ठूलाबडा राजा, महाराजहरूले बादीलाई शङ्ख र बाजा बजाउन दिँदैनथे । बादीले यी वस्तु बजाएमा उसले स्वर्गमा बास पाउँदैन र बाजा नै जुठो हन्छ भन्ने जस्ता अफबाह फैलाएका थिए । यसरी घरको कर्म सकेपछि लासलाई बोकेर घाटमा लगिन्छ । घाटमा आधा खुट्टा पानीमा डुब्ने गरी राखिन्छ । र, लासलाई मट्टी दिने चलन अनुसार जेठो छोराबाट मट्टी दिइन्छ । त्यसपछि मात्र अरू मलामीले लासमा मट्टी दिने गर्छन् ।

अर्कोतिर, विगतमा बादी समुदायका व्यक्तिको लास जलाउन नमिल्ने चलन थियो । यो चलन चलाउन ठूलावडाले नै लगाएका हुन् । लास जलाउने कार्यको सुरूवात बाहुनले नै गरेको हुँदा बाहुनको सहभागिता बिना लास जलाउन पाइदैनथ्यो । त्यसैले बादीहरूले आफै लास जलाउन त्यतिबेला पाउँदैनथे ।

यो समुदायमा लासमा दाग बत्ती जेठो वा कान्छो छोराले दिने चलन छ । माइलो छोराले दिन त्यति उपयुक्त मानिँदैन । आगो दिँदा जेठो छोराले सलो किन्नु पर्छ भन्ने मान्यता पनि रहेको छ । सलो किन्दा दुई चार रूपैयाँ सलोमा हाल्नु पर्छ । मृतकको शरीरको कुनै भाग नजलेको खण्डमा वा जलेपछि सानो टुक्रालाई बाटमा बाँधेर बगाउनु पर्छ । यसको अर्थ भनेको मृत्यु भएको मानिस

---

९ मान्छे मरेपछि वाँसको काठमा वाँधेको सेतो कपडा ।

काशी पुगे भन्ने विश्वास हो । त्यस्तै त्यो टुक्रलाई कुनै धार्मिक तीर्थमा लगेर सेलाइएर नुहाइने पनि गरिन्छ । यसैगरी किरिया बस्ने परिवारका सबैले त्यहीँ घाटमा नै कपाल काट्ने गर्दछन् । कपाल काट्ने कार्य बादीका बाहुनले गर्नु पर्दछ । त्यसपछि किरिया बस्ने सबैले सेतो कपडा लगाउँछन् र सबै मलामीहरूले नुहाउँछन् वा पानी शरीरमा छर्कन्छन् ।

अन्य जाति/समुदायमा घाटमा नै कति दिनमा शुद्ध हुने भनेर किटान गरिन्छ । तर बादी समुदायमा सबै मलामीहरू घर नजिक पुगेपछि त्यहाँ ढुङ्गाले च्यापेर राखिएको आगो र काँडालाई सबैले टेकेर, जौं, तिल, सुनपानी हालेर चोखिने कार्य गरिन्छ । त्यसपछि त्यहीँ ठाउँमा बसेर कति दिनमा शुद्ध हुने भनी सबैले छलफल गर्ने गर्दछन् । यसक्रममा ३, ५, ७, ९, ११ वा १३ दिन कति दिन मान्ने हो तोकिने गरिन्छ । यसरी बुढापाकाको सल्लाह बमोजिम आर्थिक अवस्था विचार गरेर शुद्ध हुने दिन तय गरिन्छ ।

बादी समुदायमा प्रायजसो बढीमा ७ दिनसम्ममा शुद्ध हुने चलन रहेको छ । यो दिनमा बाहुनको विशेष भूमिका रहन्छ । शुद्ध हुने दिन भन्दा एक रात अगाडि काट्टो (धुपाउरो) फाल्ने दिन भनेर बिहानको ३/४ बजेतिर खोलाको किनारमा जाने गरिन्छ । उनीहरूत्यहाँ गएर कुखुराको मासु, दूध-दही आदि खान्छन् र त्यहीँ नै किरियापुत्री लगायत अरूले नुन खाने गर्छन् ।

यसरी शुद्ध हुने दिनमा अन्य समुदायका मानिसहरू आएर नखाने हुँदा उनीहरूको लागि फलफूलको व्यवस्था गरिएको हुन्छ । शुद्ध हुने दिनमा बाख्रा वा सुँगुर काटेर भोज गर्ने चलन रहेको छ । बाहुनले सेतो दहीको टीका बनाएर छोरी चेलीलाई दान दक्षिणा दिने गर्छन् र घरको चारैतिर सुनपानी छर्केर शुद्ध गर्ने गर्दछन् । त्यसपछि बाहुनलाई घर परिवारले हैसियत अनुसारको दान दक्षिणा दिई भतेर खुवाएर बिदा गर्छन् ।

### १०. धर्म

बादी समुदाय हिन्दू धर्मावलम्बी नै हो । राजा महाराजको दरवारमा उनीहरूको बास भएको हुनाले उनीहरू पनि स्वतः हिन्दू धर्मप्रति विश्वास गर्न पुगे । उनीहरूलाई प्रकृति पूजा गर्ने समुदायको रूपमा पनि हेरिन्छ । उनीहरूले

विभिन्न देवी देउताहरूको पूजा गर्ने गर्दछन् । जस्तैः कालीमाटी देउती, बंगव्याल देउता, खैराबांगकी देउती, दाह्नेमष्ट, दुधेमष्ट, बयर, भैयाँर, सालमनी, घटाल, मोहन्याल, कालजैसी ब्रह्मा, चाम्रे ब्रह्मा आदि मुख्य रहेका छन् ।

यसरी देव देवता मान्ने तरिका भने ठाउँ अनुसार फरक-फरक रहेको छ । यी सबै पूजाआजा पुरूषले गर्ने गर्दछन् । पूजाआजाको समयमा मासु, मदिरा सेवन गर्न पाइन्छ । सुदूरपश्चिमको डोटी जिल्लाको शालमनी देउताको प्रमुख पूजारीका रूपमा बादी समुदायका पुजारी हुने व्यवस्था छ । यससम्बन्धी एक इतिहास रहेको छ, जो अध्ययनको विषय पनि हो । यसरी हेर्दा, बादी समुदायले हिन्दू धर्मावम्बीहरूले मान्ने सबै देवी, देवताको पूजाआजा गर्ने गर्छन् । यस अध्ययनका अनुसार झण्डै ८० प्रतिशत बादीहरू हिन्दू धर्माप्रति विश्वास गर्ने गरेको देखिएको छ ।

### ११. **बाँदो उठाउने**

हिन्दू धर्माप्रति विश्वास गर्ने, देवी देवताको पूजा गर्ने सबै हिन्दूहरूले कुनै न कुनै प्रकारको भाकल गरेको देखिन्छ । कसैले मन्दिरमा गएर भाकल गरेका हुन्छन् भने कसैले देवी देवतालाई सम्झेर भेंडा, कुखुरा चढाउने वा भाकल गरेका हुन्छन् । बादी समुदायमा पनि भाकल गर्ने चलन रहेको छ । परिवारको कुनै सदस्य विरामी हुँदा वा कुनै समस्या आइपरेमा देवी देउतालाई भाकलका रूपमा बाँदो उठाइन्छ । बाँदो उठाउनको लागि चारवटा सालको पात दुई दुई पात एउटै स्थानमा राखिन्छ । त्यस पातमा एक एक रूपैयाको सिक्का दुवै स्थानमा राखिन्छ । अनि पातमा सेता राता ध्वजा राखिन्छ । त्यसपछि थोरै चामल राखी एक लोटा सुन पानी बनाई सामग्री राखेको पातमा एक अञ्जुली पानी छर्दै भाकल गरिन्छ । पटक पटक पानी सामग्रीमाथि हाली देउताको नाम लिँदै पूजा गरी भाकल गरिन्छ । छुट्टाछट्टै देउताका लागि फरक-फरक बाँदो उठाइन्छ । वाँदोको रूपमा कुखुरा तथा भेंडा राख्ने चलन बादी समुदायमा रहेको छ ।

## १२. **भैयाँर पूजा**

भैयाँर पूजालाई बादी समुदायमा एक महत्त्वपूर्ण पूजाको रूपमा लिने गरिन्छ । यो पूजा विशेषगरी मंसिर महिनामा गरिन्छ । यसका निम्ति विभिन्न थरीका सामग्री आवश्यक पर्दछ । जस्तैः चामल, २ वटा कुखुरा (भाले ,पोथी), अदुवा, नुन, खुर्सानी, तेल र टपरी, दुना आदी । यो पूजा साँझपख वा रात पर्ने समयमा गरिन्छ । जङ्गलको छेउ, नदीको किनार वा खेतमा एउटा ढुङ्गा राखी पहिले थान बनाइन्छ अनि त्यसमाथि कुखुरा काटी रगत चढाइन्छ । यसैगरी थान भन्दा अलि टाढा पकाउनको लागि चुलो बनाइन्छ । त्यहाँ भात र कुखुराको मासु पकाउने गरिन्छ । मासु पकाउदा तेल, नुन र अदुवाबाहेक अरू केही राखिँदैन । मासु पकाइसकेपछि २ वटा दुनामा मासुभात र थोरै रक्सी वा जाँड दुनामा राखेर थानमा चढाइन्छ । यसरी थानमा चढाइसकेपछि थान भन्दा अलि टाढा गएर दुई वटा ढुङ्गा बेस्सरी बजाउनु पर्दछ ।

बादी समुदायका अगुवाहरूका अनुसार, भैयाँर देउता बहिरो हुन्छ । त्यसकारण ढुङ्गा बेस्सरी बजाएर देउतालाई बोलाउने काम गरिन्छ । देउतालाई पकाएका कुराहरू चढाइसके पश्चात् आफ्नो लागि मसाला वा अन्य चिजको प्रयोग मासुमा गरिन्छ । त्यसपछि पकाइएको मासुभात त्यहीँ ठाउँमा प्रसादका रूपमा खाएर आउने गरिन्छ । मासु पकाउदा झ्वाई पारी आवाज निकाल्न निषेध गरिएको छ । तर कुनै घरमा जेठो छोराको जन्म भएको भए सुँगुरको पाठो पनि पुत्याग्रोका रूपमा त्यसै साथ बली चढाइन्छ । भैयाँर पूजा विशेषगरी छोरा छोरी जन्मे पछिको मंसिर महिनामा गर्ने चलन रहेको छ ।

## १३. **हिरन खुवाउने चलन**

यो समुदायमा मानिस विरामी भएपछि घरेलु उपचारको नाममा धामी झाँक्री गर्ने चलन अहिले पनि रहेको छ । धामी झाक्रीले विरामी ठिक नभएको खण्डमा मात्र अस्पताल लाने गरिन्छ । यदि विरामी भएको ब्यक्तिको अन्तिम घडी आएको छ र उसलाई सास जान गाह्रो भएको छ भने त्यस्तो अवस्थामा

उसले घिरो मानेको छ (कसैलाई सम्झेको वा कसैको चिन्ता मानेको छ) भन्ने विश्वास अनुसार उसलाई दही, दूध वा पानीको हिरन[१०] हालिन्छ ।

हिरन भनेको मर्ने व्यक्तिले आफ्नो नजिकको नाता गोतालाई सम्झेको कारण उसको मृत्यु हुन नसकेको भन्ने विश्वास अनुसार घरका सबै परिवारलाई सम्झेर प्रत्येक व्यक्तिको नाम लिएर मर्न लागेको व्यक्तिलाई हिरन खुवाइन्छ । जुन व्यक्तिको नाम लिएर हिरन खुवाउँदा उसको मृत्यु हुन्छ, त्यस व्यक्तिको घिरो मानेको (चिन्ता मानेको) रहेछ भन्ने विश्वास गरिन्छ । यस प्रक्रियालाई नै हिरन हाल्ने भनिन्छ ।

## १४. ठाडो किरिया

बादी समुदायको स्थायी बसोबास हुँदैनथ्यो । त्यसैले समुदायमा कुनै व्यक्तिको मृत्यु हुँदा मृत्य संस्कार गर्न कठिन हुन्थ्यो । उनीहरूलाई १३ औं दिनसम्म जुठो बार्न पनि असजिलो हुने गर्थ्यो । त्यस्तै दुई दिन अरूको घरमा माग्न नगए, घरमा खानाको अभाव हुन्थ्यो । त्यसकारण बादी समुदायमा ठाडो किरिया गर्ने चलन रहेको छ । ठाडो किरिया भनेको मरेको दिनको भोलिपल्ट दिउँसोको १२ बजेपछि शुद्ध हुने किरिया नै ठाडो किरिया हो ।

यस्तो गर्नुको कारण के हो भने मान्छे मरेपछि कसैको घरमा जान हुँदैन । बादीको घरमा जुठो परेको छ भनी कसैले पनि आफ्नो घर वरपर नै जान दिँदेनन् । त्यसैले उनीहरूले धेरै लामो समयसम्म जुठो राख्न मान्दैनथे । यो समुदायमा नजिकको आफन्त नभएको बादीको मृत्यु भएमा पनि उसको ठाडो किरिया गर्ने चलन छ ।

## १५. श्राद्ध

यो समुदायमा विशेषगरी बाबा र आमाको श्राद्ध गर्ने चलन छ । मरेको महिना वा तिथि जुनसुकै भए पनि दशैंको सोह्र श्राद्ध सुरू भएपछिको औंसीको

---

१०. मान्छे मर्न लागेको वेलामा खुवाइने सुनपानी, दही आदि खानेकुरा (प्रयोगात्मक नेपाली शब्दकोश २०६६ तृतीय संस्करण) ।

तिथि पारेर श्राद्ध गरिन्छ । नेपालको मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रमा यो दिनलाई डुमे औंसी पनि भनिन्छ । श्राद्धमा मरेका मान्छेका नाउँमा खीरको पिण्ड चढाउने चलन छ । तर श्राद्धमा भने माछा अनिवार्य नै हो । सबै बादी जातमा श्राद्ध गर्दा माछा पकाउनै पर्छ । यदि माछा नभएको खण्डमा मासुले पनि चलाउने गरिन्छ । बादी जातमा श्राद्ध गर्दा माछा, मासु र रक्सी अनिवार्य चिज हुन् ।

### १६. डुमे औंशी

डुमे औंसी दशैंको सोह्र श्राद्ध सुरू भएपछिको अन्तिम दिन औंसीको दिन हो । वर्षमा एक पटक गरिने श्राद्ध बादी समुदायले भने जुन दिन वा तिथिमा आफ्नो बुबा–आमा वा पुर्खाको मृत्यु भएको हो, त्यो दिन श्राद्ध गर्न पाउँदैनथे । तत्कालीन शासकहरूले बादीहरू अछूत जात भएको कारण अछूतहरूले एकैदिन श्राद्ध गर्नू भनी उर्दी जारी गरेको हुनाले यो समुदायले औंसीको दिन श्राद्ध गर्ने चलन रहेको थियो । सोह्र श्राद्धभित्रका अन्य जुन तिथिमा आफ्ना पुर्खा मरेको भए पनि बादीहरूले औंसीको दिनमामात्र श्राद्ध गर्न पाउने भएकोले यही दिनमात्र श्राद्ध गरेको देखिन्छ । मध्यपश्चिम र सुदूरपश्चिमा बादी जातलगायत अन्य दलित जातलाई अन्य गैरदलितले हेपेर डुम भन्ने चलन भएको र सबै डुमहरूलाई एकै दिन श्राद्ध गर्न दिएकोले पनि यस दिनलाई डुमे औंसी भनीएको हो । यसबारे बादी समुदायका अगुवाहरूसँग कुरा गर्दा उनीहरूले पनि यो चलन पहिले देखिनै चलेको हुँदा यसै दिन श्राद्ध गर्ने गरेका बताउँछन् । बादी समुदायले आजसम्म पनि औंसीको दिनमात्र श्राद्ध गर्दछन् । यसबाहेक भदौ १ गते भदौरे संक्रान्ति, मंसिर र जेठ महिनामा पुज्ने रोटे पूजा र उत्सव बादी जातिका प्रमुख मौलिक चाडपर्व हुन् ।

## १.६ बादी समुदायको कला र संस्कृति

बादी समुदाय परम्परादेखि नै कला, संस्कृति र सङ्गीतको धनी समुदाय हो । अवसरको कमिका कारण उनीहरूको कला, संस्कृति र सङ्गीत ओझेलमा परेको छ । अहिले पनि बादी समुदायमा धेरै राम्रा कलाकार, सङ्गीतकार र

वाद्यकारहरू भेटिन्छन् । तर उनीहरूले उचित अवसर पाएका छैनन् । बादीहरू विगतदेखि नै नाचगान, गीत, सङ्गीतको माध्यमबाट आफ्नो जीविका धान्दै आएका समुदाय हो । उनीहरूका पुर्खाले राजा, रजौटाका दरवारमा गाउने गरेका गीत तथा कथक, कजरी, कवाली, ठुम्री, मुजुरा, द्वारीचार, गथ र विभिन्न रासलीला (सामूहिक नृत्य, प्रेमपूर्ण नृत्य) का सङ्गीतहरू आज पनि बादी समुदायमा रहेको पाइन्छ । राजा, रजौटा, मुखिया, जिम्वाल तथा गाँउका ठूलावडाको घरमा नाच्दा लगाउने कर्दन अहिले पनि बादी समुदायमा रहेको पाइन्छ, जो एउटा ठूलो प्रमाण हो ।

दशैं पर्वको अवधिमा दश दिनसम्म गाउने गीतहरू फरक–फरक छन् । यी सबै गीतहरू गाउन सक्ने बादीहरूआज पनि रहेका छन् । राजा महेन्द्रले थालमा नाचेबापत सगुनी पातरलाई तक्मा प्रदान गरेका थिए, जो आज बादीहरूसँग रहेको छ । यसले बादी समुदायको कला र सङ्गीतलाई झलकाउँछ ।

त्यसैले नेपाली लोक संस्कृति झल्कने गीत, सङ्गीतको क्षेत्रमा बादी समुदायका प्रतिभाहरूलाई जोड्न जरूरी छ । तर अवसरको कमिले गर्दा उनीहरू भारतका विभिन्न सहरमा भौतारिँदै गीत, सङ्गीतको माध्यमबाट आफ्नो जीविका चलाएको देख्न सकिन्छ ।

बादी समुदायको कुनै भोज, पर्वमा समुदायका महिलाहरूले कर्दन लगाएर नाच्दा गाउँनै मोहित भएको अहिले पनि देख्न पाइन्छ । कला संस्कृति र नाचगानमा धनी भएता पनि अहिलेसम्म पनि यो समुदायका व्यक्तिहरू राष्ट्रिय स्तरमा कलाकारको रूपमा स्थापित हुन सकेका छैनन । उनीहरूलाई नत बादी समुदायले संरक्षण गर्न सक्यो, नत समाज र राज्यले नै उनीहरूको संस्कृतिलाई संरक्षण दिन सकेको छ ।

## १.७ नेपालको जात व्यवस्था र बादी समुदाय

वर्णव्यवस्था, जात र जातिबीच विभेदको गहिरो खाडल खडा गर्ने एक मार्गदर्शक सिद्धान्त हो (रसाइली २०७६) । वर्ण व्यवस्थामा आधारित जात व्यवस्थाबाट दलित समुदाय ऐतिहासिक दलनमा परेको देखिन्छ । जात व्यवस्थाले दलितमात्र

नभएर गैरदलितहरू पनि त्यतिकै पीडामा रहेको देखिन्छ । तर यसको मात्रामा भने केही फरक छ । दलितहरू अत्यन्त पीडित छन् भने गैरदलितहरू दलितको तुलनामा कम पीडामा रहेको देखिन्छ ( रसाइली २०७६) । यसरी जात व्यवस्थाको कारण गैरदलितहरू केही मात्रामा पीडित भएको देखिए पनि मूलतः खस–आर्यहरू जातीय पिरामिडमा गर्व गर्दछन, किन कि यही जात नै उनीहरूको लागि प्रगति र उन्नतिको सिँढी बनेको छ । तर दलितका लागि भने जात व्यवस्था दुर्दशा र ऐतिहासिक दलनको मूल कारक बन्न पुगेको छ ।

लेखक रसाइलीका अनुसार जात व्यवस्थाकै कारण बाहुनले बाहुनलाई, क्षत्रीले क्षत्रीलाई, जनजातिले जानजातिलाई र दलितले दलितलाई भेदभाव तथा छुवाछूत गर्ने गर्दछन् । त्यसैले आफूभित्रै एकले अर्कोलाई गर्ने विभेदकै कारण जातीय विभेद झन् फैलिँदै जटिल बन्दै गइरहेको छ । र, सारमा यस्तो प्रवृत्तिले समाजमा जात व्यवस्था पुनरउत्पादन गरिरहेको छ । यसरी जात व्यवस्थाको मुख्य विशेषता भनेकै तहगत श्रेणी सिर्जना गरी फरक–फरक जातबीच सामाजिक अन्तरघुलन हुन नदिनु हो र उनीहरूमाथि शासन गर्नु हो (रसाइली २०७६) ।

नेपालमा विभेद र उत्पीडनको सबैभन्दा पिँधमा दलित र दलित महिलाहरू छन् । त्यसको अझैं पिँधमा बादी समुदाय र बादी महिलाहरू छन् । बादी समुदाय जातीय भेदभाव तथा छुवाछूतबाट सबैभन्दा बढी उत्पीडनमा रहेको देखिन्छ, किनभने हिन्दू वर्ण व्यवस्थामा बादी समुदाय सामाजिक सोपानमा सबैभन्दा तल पारिएको छ । बादी समुदायमाथि हुने सबैखाले विभेदहरूको ठूलो हिस्सा बादी महिलाहरूले भोग्न बाध्य छन् । त्यस्तै उनीहरू आन्तरिक रूपमा हुने गरेको जातीय विभेद तथा छुवाछूतको चपेटामा उत्तिकै परेका छन् ।

जातजन्य विभेदको सुरूवात राजा मनु (इ.पू. २००– इ.पू. ३००) कै समयदेखि हुँदै आएको तथ्य विभिन्न दस्तावेजहरूमा उल्लेख छ । जयस्थिति मल्लको सुधारमा नेपाली जनतालाई विभिन्न जातमा विभाजन गरी यी काम गर्न हुने र यो काम गर्न नहुने कुरा उल्लेख गरिएको छ ।[११] त्यसैगरी नेपालको मुलुकी

११. Downloads/jayasthiti-malla-sudar%20(1).pdf

ऐन १९१० ले जात व्यवस्थालाई झन् कठोर बनायो र समाजका हरेक तहमा लागु गर्दै आयो । यसरी शासकहरूले कानुन बनाएरै छुवाछूत तथा भेदभावलाई प्रश्रय दिएको देखिन्छ ।

राष्ट्रिय दलित आयोगले दलित समुदायमा २६ जात-जातिहरूको पहिचान गरी सूचीकृत गरेको छ । दलित भित्रका कामी, सार्की, दमाईंलाई गरिने विभेद भन्दा बादी समुदायलाई गरिने विभेद धेरै फरक प्रकृतिको छ । बादी समुदायलाई अन्य दलितको तुलनामा धेरै कठोर ब्यवहार गरेको देखिन्छ । उनीहरू गैरदलितद्वारा विभेदित त हुन्छन् नै, जातजन्य असमान कार्य स्वयम दलितबाट पनि भोग्नु पर्दछ । बादी भएकै कारण दलितले पनि उनीहरूलाई हेला-होचो गर्ने गर्छन् । बादी अगुवाहरूको अनुभव अनुसार यो समुदायका ब्यक्तिले कसैको खेतवारी टेक्न हुँदैनथ्यो । बादीले टेक्यो भने अन्न उब्जनी हुँदैन भन्ने सोचाइ समाजमा व्याप्त थियो ।

अहिले पनि समाजमा बादीहरूलाई हेर्ने दृष्टिकोण नै फरक पाइन्छ । बादी समुदायका महिलाहरूलाई देख्ने बित्तिकै पेसेवर (नकारात्मक ढङ्गले) को रूपमा हेर्ने गरिन्छ । यो पनि एक प्रकारको विभेद नै हो । बादी महिलालाई देख्ने बित्तिकै कसैको घर बिगार्ने हुन् भन्ने आरोप लगाएर विभेद गर्ने गरिन्छ । बादी समुदायका पुरूष तथा महिलालाई बोलाउने र गाली गर्ने शब्दहरूनै फरक प्रकार हुन्छन् । बादी समुदायका महिलाहरूलाई रण्डी, वेश्या, पातर जस्ता शब्दहरूले अपमानित गर्ने गरेको देखिन्छ । बादी समुदायका सबै महिलाहरू यौन पेशा मा संलग्न छैनन् तर समाजमा उनीहरूलाई यसै नजरबाट हेरिन्छ । वास्तवमा यस प्रकारको दृष्टि पनि विभेद नै हो ।

स्वाभिमानपूर्वक जीवनयापन गर्न कठिन भएका बादी समुदायको जीवनको सबैभन्दा चुनौतिपूर्ण पक्ष भनेकै सामाजिक प्रतिष्ठा हो । तर उनीहरू आफूमा लागेको कलङ्क मेटाउन सङ्घर्ष गर्दा पनि समाजले त्यस्तो वातावरण दिन सकेको देखिँदैन । बादी समुदायको इतिहास, संस्कृति, मौलिक परम्पराको षड्यन्त्रपूर्वक नास गराइएको हो । अझैं पनि मौलिक संस्कृतिको अवशेष भेट्न सकिन्छ । समानता, आत्मसम्मान, न्याय, स्वतन्त्रता, समावेशीकरण तथा विभेदबाट मुक्तिका निम्ति बादी समुदायको समष्टिगत आन्दोलनको आवश्यकता अझैं खड्किरहेको देखिन्छ ।

अध्याय

२

# बादी समुदायको पहिचान, विभेद र बहिष्करण

## २.१ पहिचान

नेपालको सन्दर्भमा पहिचान एक पेचिलो विषय बनेको छ । जसरी कुनै देशभित्रका पृथक भाषा, लिपि, धर्म, संस्कृति, भूमि र सभ्यतासहित साझा पहिचान भएको मानव समुदायलाई जाति भने झैं कुनै जातिको आफ्नै भाषा, संस्कृति, धर्म र परम्परागत चालचलन, रीतिरिबाज हुन्छन् । वास्तवमा त्यही नै आफ्नो पहिचानको रूपमा लिन सकिन्छ । पहिचान कुनै पनि समुदायको ऐतिहासिक सभ्यातासँग जोडिएको हुन्छ । अहिले जातीय पहिचानको चर्चा परिचर्चा हुने गरेको देखिन्छ । वास्तवमा जातीय पहिचान भनेको कुनै व्यक्ति वा समुदायको पहिचान जातिको आधारमा गरिने नै जातीय पहिचान हो ।

बादी समुदायका पनि विभिन्न प्रकारका संस्कार र संस्कृति तथा परम्पराहरू छन् । ती ऐतिहासिक परम्परा नै बादी समुदाको पहिचान हो । तर नेपालको सन्दर्भमा, बादी समुदायको पहिचान भनेको देहव्यापार गर्ने जातिको रूपमा परिचित भएको छ, जो बिल्कुल गलत हो । उनीहरूको ऐतिहासिक परिचय के ले दिने गरेको छ, त्यो नै उक्त जातिको पहिचान हो ।

अब नेपाली समाजले बादी समुदायको पहिचानका बारेमा सोच्ने बेला आएको छ । इतिहासमा एउटा कार्य गरेर आफ्नो पहिचान स्थापित गरिसकेको समुदायलाई बीचमा केही बाध्यात्मक कारणले गरिएको क्रियाकलापलाई उनीहरूको परम्परागत पहिचानको रूपमा लिन मिल्दैन । समयको कुनै कालखण्डमा बादी महिलाहरूलाई बाध्य पारेर उनीहरूद्वारा गरिएको केही

परिस्थितिजन्य उपजलाई सबै बादी समुदायको पहिचानको रूपमा लिन मिल्दै मिल्दैन ।

वास्तवमा बादी समुदायको पहिचान भनेको त गायन, सङ्गीतकार, घोड चढी हो । आफ्नो कला, गला तथा क्षमता र सामर्थ्यले आर्जेको पहिचानलाई मेटाएर गलत किसिमको पहिचान थोपर्नु सही होइन । यो न्यायसङ्गत हुन सक्दैन । बादी समुदायमाथि लादिएको यसप्रकारको पहिचान विडम्बनापूर्ण छ । पहिचानको लडाइँ आज संसारभरि जारी नै रहेको अवस्था छ । यस परिप्रेक्ष्यमा बादी समुदायले पनि आफ्नो पहिचानको खातिर एकजुट हुन आवश्यक देखिन्छ । नेपाली समाज मूलतः आर्यन तथा मङ्गोल मूलका मानिसहरूबाट बनेको छ । आर्य मूलका मानिसहरू मुख्यगरी चार वर्णहरूः ब्राह्मण, क्षत्री, वैश्य र शूद्र र त्यसपछि विभिन्न जात र उप-जातिमा विभाजीत छन् । तिनै उप-जातिहरूभित्र बादी समुदाय रहेको छ । यसको पहिचान वा परिचय भनेको नै बादी हो ।

## २.२ विभेद

एक व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहलाई गर्ने असमान व्यवहार नै विभेद हो । नेपालमा हिन्दू समाजमा कुनै जाति या समुदायलाई मुख्यगरी जन्म, वंश, वर्णका आधारमा विभेद गर्ने गरेको देखिन्छ । मानव समाजमा धनी र गरिब तथा शोषक र शोषितबीच हुने यस्ता प्रकारका विभेदहरू मानवको सृष्टिसँगै आएको देखिन्छ ।

इतिहास हेर्दा विभिन्न कालखण्डमा मानवले मानवलाई विभिन्न तरिकाले विभेद गरेको देखिन्छ । जन्मको आधारलाई मानिस-मानिसबीचमा विभेदको रेखा कोरियो । खासगरी हिन्दूहरूको धर्मग्रन्थ ऋगवेद (१०, ९०:१२) मा ब्रह्माको मुखबाट ब्रह्माण, बाहुबाट क्षत्री, पेटबाट वैश्य र खुट्टाबाट शूद्र भनी दस्तावेजीकरण गरिएपछि जन्मका आधारमा विभेदको सुरूवात भएको मान्न सकिन्छ । त्यस्तै धर्मग्रन्थमा एक विराट पुरूषको मुखबाट बाहुन, पाखुराबाट क्षत्री, तिघ्राबाट वैश्य र गोडाबाट शूद्र भनी उल्लेख गरिएको छ । वास्तवमा

यस प्रकारका तर्कहरू जन्मको आधारमा विभेद गर्नको निम्ति बनाइएको काल्पनिक तर्क हो । नेपाली समाज अहिले पनि त्यही तर्कको आधारमा विभेद र असमान व्यवहार गर्ने कार्य भई नै रहेको छ ।

को हो त त्यो विराट पुरूष, जसले चार-चार जना सन्तान जन्माएको छ ? के पुरूषले चार-चार जना सन्तान जन्माएको इतिहास छ? के यो तथ्यमा आधारित छ वा वैज्ञानिक छ? छैन भने अवैज्ञानिक तथ्यलाई बोकेर नेपाली समाज कहिले सम्म चल्ने ? यसलाई गम्भीरतापूर्वक उठाइनु पर्दछ । तर यही काल्पनिक तर्कलाई आधार मान्दै जंगबहादुर राणाले मुलकी ऐनमा जातीय विभेदलाई एउटा स्वभाविक प्रक्रिया मानी कानून नै बनाए ।

त्यसले यसैको प्रभाव स्वरूप सम्पूर्ण जनता, सामाजिक, संस्कृतिक समूहलाई उच र निचको वर्णाश्रममा राखेको देखिन्छ । उच्च जात हुनु भनेको उच्च किसिमको काम तथा अवसर प्राप्त गर्नु, उच्च किसिमको सुविधाहरू उपभोग गर्नु हो । त्यस्तै कथित तल्लो जातलाई हेप्ने र कजाउने काम रहेको थियो । यस प्रकारका प्रवृत्ति फैलदै गएर समाजका हरेक तप्कासम्म पुग्यो । यसरी उच्च जातिका निम्ति जातीय र जन्मको आधारमा अरूलाई हेप्नु एक स्वभाविक प्रक्रिया हुन थाल्यो ।

हिन्दू वर्णाश्रमको जाति प्रथाले जात, जातिबीच मात्र विभेदको खाडल बनाएको थिएन । यसले निर्माण गरेको उप-जातहरू बीचमा पनि विभेदको विउ रोपेको थियो, जहा शूद्रभित्र पनि एक जातले अर्को जातलाई उच निचको व्यहार गरेको थियो । यसप्रकार मानव समाजलाई फुटाउ र राज गर भन्ने नीतिलाई अवलम्बन गरी विभिन्न जात र उप-जातको विस्तार गरिएको यथार्थ सजिलै बुझ्न सकिन्छ ।

जातजन्य असमान व्यवहार अविभेदी न्याय र समानमुखी समाजको निम्ति ठूलो चुनौति हो । यसप्रकारको विकराल समाजिक समस्याको कारण उन्नत मानव समाज निर्माण गर्न कठिन देखिन्छ । त्यसैले भारतीय उप-महाद्धीपका खासगरी भारत र नेपालमा जरजर अवस्थामा रहेका जातका आधारमा हुने अमानवीय व्यवहार जरैदेखि निमिट्यान्न पार्न प्रवृत्तिगत सामाजिक सोच र व्यवहारमा आमूल परिवर्तन आउन जरूरी छ ।

## २.३ बहिष्करण

राज्यबाट वञ्चितीकरणमा परेका/पारिएका र आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक तथा धार्मिक/सांस्कृतिक आदि विभिन्न आधारमा कमजोर अवस्थामा रहेका वर्गलाई राज्यको नीति निर्माण, विकास, राजनीति, प्रशासन आदि विभिन्न स्थानमा समान पहुँचको अवसरबाट वञ्चित हुनु नै बहिष्करणमा पर्नु हो । नेपाली राज्यको संरचना र स्वरूप बहुजातीय, बहुभाषीक, बहुधार्मिक, बहुक्षेत्रीय र बहुसांस्कृतिक छ । तर नेपालको शासकीय इतिहासलाई हेर्दा लामो समयदेखि एकल जातीय, एकल भाषीय, एकल लिङ्गीय र एकल धार्मिक समुदायबाट नेपालको राज्य सत्ता सञ्चालन हुँदै आएको देखिन्छ ।

वर्तमान समयमा पनि राज्य सत्ताको शक्ति, साधन र स्रोतमा एकल जातीय पहुँच र प्रभाव विस्तार भएको छ । राज्यको स्वरूप असमावेशी चरित्रको देखिन्छ । राज्य सबैको साझा संस्था हो । सबै नागरिक तथा समुदायको राज्यमा स्वामित्व कायम रहेको हुन्छ । राज्यले कुनै पनि नागरिक वा समुदायलाई धर्म, लिङ्ग, जात, वंश, रंङ, उत्पत्ति वा अन्य कुनै कारणबाट बहिष्करणमा पार्न मिल्दैन । अतः राज्यमा निहीत साधन र स्रोतको न्यायोचित वितरण हुनु पर्दछ । त्यस्तै राज्य सञ्चालन प्रक्रियामा सबै क्षेत्र, समुदाय, लिङ्ग तथा नागरिकहरूको समान सहभागिता हुनु पर्दछ । यसरी उत्पीडित जाति र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्दै उनीहरूलाई मुलप्रवाहीकरण गरिने प्रक्रिया नै समावेशिता हो । समावेशिताले राज्य सञ्चालनको साझा स्वामित्वको भावनालाई समेटेको हुन्छ ।

त्यसैले राज्यद्वारा वञ्चितीकरणमा पारिएका सबै नागरिक तथा समुदायहरूलाई उनीहरूको चाहना र क्षमताअनुसार सहज र सम्मानजनक रूपमा राज्य यन्त्रमा सहभागी गराउन राज्यद्वारा गरिने प्रतिबद्धता नै समावेशिता हो । समावेशिता समग्र छाता नीति हो । समावेशीकरणले पहिचान, प्रतिनिधित्व र पहुँचलाई जोड दिएको हुन्छ । यसैगरी राज्यबाट वञ्चितीकरणमा पारिएका र आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक तथा धार्मिक, सांस्कृतिक आदि विभिन्न आधारमा कमजोर अवस्थामा रहेका वर्गलाई राज्यको नीति निर्माण, विकास, राजनीति,

प्रशासन आदि विभिन्न स्थानमा समान पहुँचको अवसरलाई सुनिश्चित गर्न उनीहरूको पक्षमा राज्यले लिने खास नीतिलाई सकारात्मक विभेद भनिन्छ ।

यसले राज्य सञ्चालनको प्रक्रियाबाट विभिन्न कारणले पछाडि पारिएका जाति, लिङ्ग तथा वर्गहरूको क्षमता अभिवृद्धि, सबलीकरण, सशक्तीकरण र मूलप्रवाहीकरण गर्नमा मद्दत पुऱ्याउँदछ । तर विगतदेखि राज्य सत्ताको बागडोरमा केही निश्चित जाति र वर्गको वर्चश्व रहेको छ । उनीहरूले राज्यको स्रोतलाई आफ्नो पैत्रिक सम्पत्ति ठान्ने, राज्यले प्रदान गर्ने विभिन्न अवसरहरूको फाइदा लिने प्रवृत्ति अझै देख्न सकिन्छ । यस्तो प्रवृत्तिले गर्दा पिछडिएका वर्ग र समुदायलाई रोक्ने र अवरोध गर्ने कार्य अरू अगाडि बढेको छ (नेपाली २०७६) ।

जातको आधारमा गरिने बहिष्करणको प्रमुख मारमा बादी समुदायमा रहेको देखिन्छ । त्यसैले बादी समुदायको उत्थान र विकासको लागि सामाजिक समावेशीकारणको माध्यमबाट जनसङ्ख्याको आधारमा राज्यका हरेका निकायमा समानुपातिक समावेशीलाई अवलम्बन गर्नुको विकल्प छैन । नेपालको संविधानले अवलम्बन गरेका मुख्य अधारहरू, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, राज्यका हरेक तह र निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व जस्ता सवालहरूलाई सुनिश्चित गर्नु आजको आवश्यकता हो ।

संविधानकै मर्मलाई कुल्चिएर जानु प्रजातान्त्रिक अभ्यास हुँनै सक्दैन । अहिलेको आरक्षणको लडाइँ त हुनेखानेहरू र हुदाँखानेहरू बीचको लडाइँ जस्तो भएर आएको देखिन्छ । त्यसैले राज्यले जहिले पनि हुनेखाने भन्दा हुँदाखानेहरूलाई विशेष महत्त्व दिनु पर्दछ । जो हजारौं वर्षदेखि दलनको दलदलमा फसेका हुन्छन्, तिनीहरू राज्यको प्राथमिकीकरणमा पर्नु पर्दछ । लामो संघर्ष, बलिदानी तथा आन्दोलनको परिणाम स्वरूप नेपालमा समावेशिता आएको हो । वास्तवमा सम्मानजनक जीवन निर्वाह गर्न र हुनेखाने र हुँदाखानेबीचको अन्तर नहटेसम्म, कुनै न कुनै स्वरूपमा समावेशिताको आवश्यकता रहन्छ । यसरी राज्यका हरेका निकायमा पछि पारिएका समुदायहरूलाई राज्यको मूलप्रवाहमा ल्याउन सकेमात्र देशमा बहिष्करण अन्त्य भएको मान्न सकिने छ ।

राष्ट्र विभिन्न जात, जाति, धर्म, संस्कृति, समुदाय वा सम्प्रदायको एकीकृत रूप हो (नेपाली, २०७६) । राष्ट्रको समग्र विकास हुनको लागि बहष्किरणमा पारिएका समुदायको सहभागिता समानुपातिक रूपमा हुन आवश्यक देखिन्छ । जसरी १९१० को मुलुकी ऐनले जातका आधारमा हुने विभेदलाई संस्थागत गरी विभिन्न जात-जातिहरूलाई तहगत र उप-जातमा विभाजन गरी एक जातले अर्को जातलाई निषेध गर्ने प्रवृतिको विकास गरेको थियो । त्यसैका आधारमा चलेको समाजलाई बदल्न आवश्यक छ । यसको अर्थ दलितभित्र हुने जातजन्य विभेद, बहिष्करण, प्रतिनिधित्व तथा समान सहभागिता को आवश्यकता रहेको देखिन्छ ।

अध्याय

३

# बादी आन्दोलनः आत्मसम्मानको लडाइँ

## ३.१ बादी प्रतिरोधको शृङ्खला

राज्यका हरेक निकायमा मूलप्रवाहीकरणका निम्ति बादी समुदायले विभिन्न समयमा निरन्तर आन्दोलन गर्दै आएको छ । भनिन्छ, पृथ्वीनारायण शाहको राज्य एकीकरणको क्रममा बादी समुदायकी एक साहसी महिला सोनी पातरले आफ्नो ज्यानको आहुति दिएकी थिइन रे । तर यो कहाँ, कहिले र कुन सन्दर्भमा हो खोजी गर्नु पर्ने विषय देखिन्छ ।[१२] यसबारेमा लिखित दस्तावेज नभेटिए पनि छलफलका क्रममा बादी समुदायका अगुवाहरूले यस विषयमा भन्ने गरेका छन् ।

अहिले २१ औं शताब्दीमा त बादीप्रति राज्यको खासै चासो छैन । झन् त्यो समयमा बादीले मृत्युवरण गरेको विषय महत्त्वका साथ लिइयो होला भनेर अनुमान लगाउन सकिँदैन । उनको त्यो मृत्यु देशका लागि थियो तर राज्यले यसलाई कुनै मान्यता दिएन । त्यो विषय आजसम्म पनि प्रमाणविहीन रह्यो । न त यो विषयमा बादी समुदायले पनि कुनै अध्ययन, खोजी नीति गर्न सकेको देखियो ।

राणा शासनकालमा पनि आफ्नो समुदायलाई कसरी सुरक्षित राख्न सकिन्छ भनेर बादी समुदायमा बादी मुखिया हुन्थे । समुदायका ती अगुवाले बादी आन्दोलनलाई नेतृत्व दिने गरेको कुरा यो समुदायका पाका व्यक्तिहरूले

१२. बादी अगुवा आशा बादीसँग २०६८ मा गरिएको कुराकानीको अधारमा ।

बताएको पाइन्छ । त्यतिबेला बादी महिलाहरू गीत र सङ्गीतको माध्यमबाट मनोरञ्जन दिन राणाहरूको भोज, पार्टीहरू जाने गर्दथे र उनीहरूले त्यसबेला राणाहरूसँग आफ्ना समस्याका बारेमा बिन्तीभाउ गर्थे । यो पनि एक चरणको संघर्षको रूप थियो भन्न सकिन्छ ।

त्यसैगरी २००३ सालतिर राजा त्रिभुवनले बादी महिलाहरूको नाचगानबाट प्रभावित भएर पुरस्कार दिएका थिए । त्यसै अवसरमा बादीहरूले राजालाई आफ्ना समस्याहरूका बारेमा अवगत गराएका थिए । राजा महेन्द्रले पनि बादीहरूलाई उचित बसोबासको व्यवस्थाको लागि कदम चाल्नु भनेकै हुन् तर पुरा हुन सकेन । दोस्रो पटकको नेपालगंज सवारीमा (मिति उल्लेख गर्न नसकेको) बादीहरूले राजा महेन्द्रलाई बिन्ति पत्र राख्ने मौका पाएका थिए । बाँके जिल्लाको खजुरा र सीतापुरमा बादी समुदायलाई केही जग्गा, केही हल राँगा र केही बीउ उपलब्ध गराउन आदेश भएको थियो ।[१३]

तर त्यो समयमा बाँके जिल्लामा औलोको कारण बस्ती बस्न नसक्ने अवस्था थियो । त्यसैले बादी समुदायले उनीहरूलाई दिइएको जमिनमा बसोबास र खेतीपाती गर्न सकेनन् । त्यसपछिको प्रयास भने सफल हुन सकेको छैन । राजा वीरेन्द्र, ज्ञानेन्द्र सबै नेपालका राजाहरूको सवारीमा होस् या अन्य अवसरमा बादीहरूले आफ्ना समस्याका बारेमा बिन्तीभाउ गरेको पाइन्छ । यद्यपि, केही समस्यको समाधान राज्यले पुरा गरे पनि धेरैजसो मागहरू कहिल्यै पनि पुरा हुन सकेनन् ।

२०३६ सालतिर नेपालगंजमा बादी महिलाहरूको आन्दोलन, २०४० सालको वरपर भएको सुर्खेत आन्दोलनले के देखाउँछ भने बादीहरूले गासबास र कपासको लागि सङ्घर्ष गरेको इतिहास देखिन्छ । त्यसक्रममा उनीहरूले राजा र सरकारसँग बिन्ती गरेको पाइन्छ । त्यस्तै २०४७ सालको जनआन्दोलनमा बादीहरूको सहभागिता रहेको थियो ।

---

१३. बादी अगुवा आशा बादीसंग गरिएको कुराकानीको अधारमा ।

त्यसपछि बनेका सबै सरकारसँग बादीहरूले मागपत्र, ज्ञापनपत्र र ध्यानाकर्षण पत्र पेश गरेका थिए । त्यसबेला दाङ, बाँके, बर्दिया, सुर्खेत लगायतका जिल्लाहरूमा केही व्यक्तिहरूले सङ्घर्ष गरेको पाइन्छ । बादी समुदायको एक सूत्रीय माग थियो- बादी समुदायलाई बसोबासका लागि जग्गा उपलब्ध गरिनु पर्ने । त्यस्तै २०४७ साल पश्चात् देखापरेका विभिन्न सामाजिक संघ/संस्थाहरूमार्फत बादी आन्दोलन अघि बढेको देखिन्छ । बादी समुदायले केवल संघर्ष, मागपत्र र बिन्तीपत्रमात्र पेश गरेका छैनन्, आफ्ना समस्याहरू समाधानका निम्ति कानुनी उपचारको बाटोको पनि खोजी गर्दै आएको देखिन्छ ।

वास्तवमा कानुनी सङ्घर्ष पनि बादी आन्दोलनको अर्को महत्त्वपुर्ण पाटो हो । २०६० बैशाख ९ गते तीन वटा समाजिक संस्थाहरू (जनहित संरक्षण मञ्च (प्रो पब्लिक), गैरसरकारी संस्था महासंघ र शिक्षाको लागि सामाजिक जागरण सेफ) मार्फत तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर गरिएको थियो । रिट उल्लेख गरिएको माग यसप्रकार रहेको थियोः

*बादी समुदायमा रहेको बाध्यात्मक देह व्यापारबाट उनीहरूलाई मुक्तगरी सम्मानपूर्वक र मानवोचित जीवनयापन गर्न सक्षम बनाउनका लागि वैकल्पिक रोजगार एवम् सामाजिक सुरक्षा, सीपमूलक तालिम, पूर्वधारसहितको आवास लगायतका विषयलाई समेट्ने गरी बादी समुदायको सामाजिक समायोजन तथा पुनरस्थापना गर्नु भनी परमादेश जारी गरि पाउँ । (सर्वोच्च अदालत, रिट निवेदन २०६०)*

यसरी उक्त रिट निवेदनमा सात बुँदे मागसमेत राखिएको थियो । बादी समुदायको उत्पीडन र शोषणविरूद्ध रिट निवेदन उपर सर्वेच्चले २०६० बैशाख ९ गते कारण देखाउ आदेश जारी गरेको थियो ।

त्यसपछि २०६१ जेठ ७ गते महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा सर्वोच्चको विशेष इजलासबाट उत्प्रेषण परमादेश जाहेर गरिएको थियो । परमादेशले बादी समुदायको विद्यमान समस्या के कस्ता छन् ? बादी समुदायका समस्या समधानको र उत्थानको निमित्त नेपाल

सरकारद्वारा हाल के कस्ता कार्यक्रम सञ्चालन गरिएका वा गरिने भएका छन् ? कुनै कार्यक्रम सञ्चालन भएको भए ती कार्यक्रमको प्रभावकारिता कस्तो रहेको छ? आदि विषय समेटिएका थिए ।

त्यसैगरी २०६२ भाद्र ३० गते सर्वोच्चले गरेको निर्देशनात्मक आदेशले वर्षौंदेखि जन्मदर्ता र नागरिकताबिनाका बादीहरूले राहत मिल्ने आशा गरेका थिए । यसरी सो आदेश कार्यान्वयनमा ल्याउदा आमाको नामबाट नागरिकता प्राप्त गर्ने जन्म, मृत्यु तथा व्यक्तिगत घटना दर्ता गर्ने जस्ता विषयमा बादी समुदायको हकको सन्दर्भमा एउटा बाटो खुलेको देखिन्छ । यद्यपि, सर्वोच्चको आदेशमा गठित सात सदस्यीय बादी समस्या अध्ययन समितिले पेश गरेको प्रतिवेदन उपर उचित कार्यान्वयन भएको देखिएन ।

समुदायका मानिसहरूमा नागरिकता प्राप्त गर्न अझैं सास्ती बेहोरेको अवस्था देखिन्छ । यो समुदायमा जसको बाबुको पत्तो छैन, उनीहरूको नागरिकता आमाको नामको आधारमा दिनु पर्थ्यो । तर बादी समुदायलाई नै अपमान हुनेगरी बुबाको ठेगाना पत्ता नलागेको जस्ता शब्दहरू लेखेर नागरिकता उपलब्ध गरेको देखिन्छ । यसबाट विद्यालयमा पढ्ने बालबालिकाहरूले अपमानित महसुस गरेको पाइन्छ । बादी समुदायमा यस्तो नागरिकता नलिने भनेको सम्म देखियो ।

त्यसैगरी २०५२/५३ सालमा नेपालगंजको गगनगंज (हालको प्रगतिशील मार्ग) मा भएको बादी सङ्घर्ष पनि बादी आन्दोलनको एउटा महत्त्पूर्ण पाटो हो, जसले राज्यलाई नै चुनौति दिँदै, त्यहाँका स्थानीय नेतृत्वहरू मार्फत 'कि गाँस, बास देऊ, होइन भने स्वतन्त्रपूर्वक पेशा गर्न देऊ' भन्ने मूल नारा लगाएको थियो । स्थानीय राजनैतिक दललगायत स्थानीय बासीन्दाहरूले बादी समुदायलाई हटाउने उद्देश्यले श्रृजीत टोल सुधार समिति गठन गरेका थिए र त्यहाँबाट बादीहरूलाई लखेट्ने उद्देश्य राखेर उनीहरूमाथि ज्यादती गरेका थिए । यसै अत्याचारको विरूद्धमा बादी समुदाय एकजुट भएर सङ्घर्ष गरेका थिए ।

यसरी प्रहरी प्रशासन र स्थानीय राजनैतिक दल तथा स्थानीयहरूको अत्याचारका विरूद्ध गरिएको बादीहरूको प्रतिरोधी संघर्षका क्रममा सगुनी

नेपाली, मञ्जु नेपाली, सुक्लाल नेपाली, दिलिप परियार लगायतमाथि प्रहरी प्रशासनले दमन गरेको थियो । यो मुद्दा लिएर बादी समुदायले काठमाण्डौमा प्रदर्शन समेत गरेका थिए । यस घटनादेखि यहाँका केही बादी महिलाहरू कैलालीको मुढा, सुर्खेतलगायत ठाउँमा बसाइँ सर्न बाध्य भएका थिए । त्यस्तै भारतमा जाने चलनको सुरूवात पनि यहि घटनाबाट भएको देखिन्छ ।[१४] तर पनि बादी समुदायले स्थानीयदेखि केन्द्रसम्म यसप्रकारको संरचानात्मक विभेदको सामना गर्दै आन्दोलन जारी नै राखे ।

यसैक्रममा २०५५/०५६ सालमा बादी समुदायले जमिन कब्जाको सङ्घर्ष पनि गरेको थियो । सामुदायिक सहयोग समितिको अगुवाइमा सञ्चालित छलफल चौतारीका सहभागीहरूले उक्त संघर्षको कार्यक्रम आयोजना गरेका थिए । यसै सिलसिलामा दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका बादीहरूले स्थनीय निकायलाई दबाब दिएका थिए । उनीहरूले गरिब, सुकुम्वासीहरूलाई एकजुट गराउँदै विभिन्न संघर्षका कार्यक्रमहरू सञ्चालन गरेका थिए । यो पनि राज्यप्रति बादीहरूको प्रतिरोध थियो ।

यसरी चरणबद्ध रूपमा आन्दोलन गरिरहँदा पनि राज्यले बादीका सामान्य मागहरूलाई नसुनेपछि उनीहरू सडक आन्दोलनमा आउन वाध्य भएका हुन् । सडक आन्दोलनकै दौरानमा सरकारलाई चुनौति दिँदै बादी महिलाहरूले २०६० चैत्र ३ गते कैलालीबाट "बाध्यात्मक देह व्यापारका लागि लाइसेन्स दे या पुनरस्थापना गर" भन्ने नाराका संघर्षको थालनी गरे । त्यस्तै २०६१ सालमा बाध्यात्मक यौन पेशा गरिरहेका केही बादी महिलाहरूले "लाईसन्स दे या त पुनरस्थापना गर" भन्ने भावको नाराकासाथ कैलालीको धनगढी र दाङको तुल्सीपुरमा न्यालीको आयोजना गरेका थिए । उक्त आन्दोलनका क्रममा २०६२ साल भदौ ३० गते सम्मानित सर्वोच्च अदालतले सरकारलाई दिएको आदेशको नेपाल सरकार मन्त्रिपरिषद्ले अविलम्ब कार्यान्वयन गर्नु पर्ने जस्ता

---

१४. बादी अगुवा सुकलाल नेपाली र मञ्जु बादीसँग २०७६ मा गरिएको कुराकानीको आधारमा ।

मुद्दा उठाइएको थियो ।[१५] उक्त आदेश कार्यान्वयनमा आएको खण्डमा आमाका नामबाट नागरिकता प्राप्त गर्ने सवाल र जन्म दर्ता गर्ने जस्ता सवालमा देखिएका समस्या समाधानको ढोका खुल्ने थियो ।

२०६३ सालमा भूमिमा बादीको पहुँच हुनुपर्छ, "बाध्यात्मक यौन पेशामा संलग्न महिलालाई पुनरस्थापना गर" भन्ने मूल नाराका साथ कैलाली र कञ्चनपुर जिल्लाका १२२ जना बादी समुदाय मिलेर कैलालीको लम्की र मुडामा राजमार्ग चक्काजाम गरेका थिए । चक्काजाम पश्चात् जिल्ला प्रशासन कार्यालय कैलालीसँग ५ बुँदे सहमति भएको थियो । बादी समुदायले सडक आन्दोलनकै क्रममा कहिले जिल्ला प्रशासन कार्यालय घेराउ त, कहिले चक्काजाम गरे । यसरी बादीहरूले चरणबद्ध रूपमा विभिन्न संघर्षका कार्यक्रमहरू गरे । तर कुनै सुनुवाइ नभएपछि बाध्य भएर बादी समुदायले राजधानी केन्द्रित सङ्घर्ष गरे । त्यसक्रममा झण्डै २३ जिल्लाका बादी समुदायहरूको प्रतिनिधित्व हुनेगरी ४५० भन्दा बढीको उपस्थितिमा २०६४ साउन ३१ गते काठमाण्डौमा राष्ट्रिय सम्मेलन आयोजना गरियो । त्यस सम्मेलनमा १२ बुँदे घोषणापत्र सहित काठमाण्डौ केन्द्रित आन्दोलनको घोषणा गरियो । यसरी २०६४ साउन ३२ गते देखि उमादेवी बादीको नेतृत्वमा काठमाण्डौ केन्द्रित चरणबद्ध आन्दोलन सुरू भएको थियो । बादी समुदायले गरेका ती ऐतिहासिक विद्रोहबारे यहाँ छोटो चर्चा गरिएको छ ।

### २०६४ साउन ३२ गते देखि भएका चरणबद्ध आन्दोलनका मुख्य मुख्य घटनाहरू

२०६४ भदौ १ गते नयाँ बानेश्वर चोकामा १० मिनेट चक्काजाम गर्दै जिल्ला प्रशासन कार्यालय हुँदै दक्षिण ढोकामा नारासहित ३ घण्टा धर्ना दिएको थियो ।

---

१५. २०६२ भाद्र ३० गते सर्वोच्च अदालतले गरेको निर्देशनात्मक आदेशमा, बादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेको सबै बालबालिकाहरूलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्मदर्ता गर्न इन्कार नगर्नु र नेपालको नागरिकता ऐन २०२० को दफा ३ को उपदफा ४ बमोजिमको नेपालको नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गरी, त्यस्ता व्यक्तिहरूलाई नागरिकता प्रदान गर्नु, जस्ता विषय समेटिएको थियो ।

बादी संघर्षको इतिहासमा जुलुससहित काठमाण्डौ केन्द्रित भएको आन्दोलनको त्यो पहिलो दिन थियो । बादीहरूको यस भन्दा अगाडिको सङ्घर्ष राजनैतिक नेतृत्वलाई आफ्ना माग, ज्ञापनपत्र पेश गर्नमै सीमित रहदै आएको थियो ।

आन्दोलनकै क्रममा २०६४ साल भदौ २ गते सिंहदरबारको दक्षिण ढोकामा साढे ३ घण्टा धर्ना र कोण सभा गरियो । काठमाण्डौका विभिन्न स्थानहरूको परिक्रमा गर्दै प्रशासनिक केन्द्र सिंहदरबारको दक्षिण गेटमा बादीहरूले पहिलो पटक चर्को रूपमा कोणसभा गरेका थिए । यसैगरी २०६४ भदौ ४ गते माइतीघर मण्डलामा पुरूषहरूले आफ्नो शरीरको माथिल्लो वस्त्र खोली अर्धनग्न जुलुस प्रदर्शन गरेका थिए ।

बादीहरूले इतिहासका कालखण्डमा विभिन्न स्वरूपका आन्दोलन गरेका थिए । काठमाण्डौ केन्द्रित आन्दोलन गरिरहँदा पनि सरकारले उनीहरूका मागहरूप्रति कुनै चासो राखेनन् । त्यसैले संघर्षको स्वरूप पृथक शैलीमा गरिएको थियो । यो प्रदर्शनको मुख्य उद्देश्य भनेको राज्य बादी समुदाय गरिब, भोका र नाङ्गा छन् ध्यान दे भन्ने रहेको थियो ।

यसैगरी २०६४ साल भदौ ५ गते बादी समुदायले राज्यलाई नै चकित बनाउने ऐतिहासिक आन्दोलन गरेको थियो । दलविरूद्ध बादी समुदायले गरेको यो संघर्षले विश्वकै ध्यानाकर्षण गरेको थियो । त्यो दिन बादी आन्दोलनको चरम उत्कर्ष र ऐतिहासिक दिन बनेको थियो । त्यस दिनको संघर्षमार्फत बादीहरूले आफ्नो आक्रोश राज्य सामु पोखेका थिए, जसलाई राज्यको निशेधित क्षेत्रले पनि रोक्न सकेन ।

संघर्षका क्रममा राज्यका सबै निषेधाज्ञा तोड्दै बादी समुदायका आन्दोलनकारी महिलाहरूले आफ्ना साडी, ब्लाउज खोली अर्धनग्न भई सिंहदरबारको दक्षिण ढोकाको गेटमा चढेर विभेदकारी राज्यलाई चुनौति दिएका थिए । यो घटनाले विश्वलाई चकित पारेको थियो । आफ्नो अधिकारको निम्ति आवाज उठाउँदा राज्य भने आन्दोलनकारी बादीहरूमाथि निर्दयी भएर दमनमा उत्रेको थियो । त्यसक्रममा बादी अगुवा उमा बादी घाइते हुनु भएको थियो । त्यस्तै कलावती भाँड, सञ्जय विक्रम बादी, अर्जुन बादी लगायत अन्य आन्दोलनकारीलाई

प्रहरीले गिरफ्तार गरी यातना दिएको थियो । यस घटनासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यान तानेपछि मात्र नेपाल सरकार बादीका मुद्दाप्रति चासो दिन थालेको थियो । तर आन्दोनकारी बादीहरू भने आफ्ना मुद्दामा अडिग भई संघर्षरत थिए । यसैक्रममा २०६४ साल भदौ ८ गते मन्त्री निवास, पुलचोक (ललितपुर जिल्ला) मा ३ घन्टा धर्ना दिइयो । सरकार पनि बादीहरूसँग वार्ता गर्न वातावरण तयार गर्दै थियो । यद्यपि बादी समुदायका आन्दोलनकारीले भने मन्त्री निवासमा धर्ना दिनुका साथै मन्त्रालयका गाडी अगाडि कालो झण्डा देखाउने लगायतका कार्यहरूजारी राखेका थिए ।

प्रधानमन्त्री निवासमा पटक पटकको धर्ना पश्चात २०६४ साल भदौ ३१ गते एक्कासी प्रधानमन्त्रीले भेटका लागि बोलाएका थिए । प्रधानमन्त्रीसँग भेट्न आन्दोलनको नेतृत्वकर्ता उमादेवी बादी लगायत अन्य सदस्यहरू सहभागी भएका थिए । आन्दोलनको राप र ताप उत्सर्गमा पुगेको बेला प्रधानमन्त्रीले शिक्षा र भूमिमा बादीको लागि केही गर्ने आश्वासनमात्र दिए । तर बादी आन्दोलनकारीहरू प्रधानमन्त्रीको बोलीमा विश्वस्त भएनन् । त्यसपछि आन्दोलन झन् चर्को रूपमा अगाडि बढ्यो ।

त्यसपछि २०६४ साल असोज १० र ११ गते सिंहदरबारको दक्षिण ढोका अगाडि धर्ना गरियो । बादी समुदायले धर्ना, जुलुस र ज्ञापनपत्र दिने क्रममा विभिन्न सामाजिक संघ/संस्था तथा ब्यक्तिहरूको ऐक्यबद्धता पाएको थियो । यस धर्ना कार्यक्रममा धेरै व्यक्तिहरूका साथै संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । त्यतिबेला धर्ना कार्यक्रमबाट प्रहरीले केही मानव अधिकारकर्मिहरूलाई पनि गिरफ्तार गरेको थियो ।

यसैबीच २०६४ साल असोज १५ गते सिंहदरबार दक्षिण गेटमा धर्ना दिएकै बेला सरकारले औपचारिक पत्रसहित बादी समुदायसँग औपचारिक वार्ता का लागि बोलाइएको थियो । बादी समुदायले सरकारसँग वार्ता पनि गर्ने र आन्दोलनका कार्यक्रम पनि सँगसँगै लैजाने रणनीति तयार गरेको थियो । सोहिक्रममा २०६४ साल असोज १६ गते सरकारी वार्ता टोली र बादी समुदायबीच औपचारिक वार्ता अगाडि बढ्यो र २०६४ साल असोज १८ गते सिंहदरबार स्थित शान्ति तथा पुनरनिर्माण मन्त्रालयमा औपचारिक वार्ता भयो । वार्ताका क्रममा बादी

समुदायका वार्ता टोलीले विषेशगरी बादी महिलाको सामाजिक पुनरस्थापन, रोजगारको व्यवस्था, बादी बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्थाको मागलाई जोडदार रूपमा उठाएका थिए (दर्नाल २०७०) ।

अन्ततः बादी समुदायले राखेका जायज मागको सम्बोधन गर्दै २०६४ असोज १५ गते बादी समुदाय र सरकारी वार्ता टोलीबीच सहमति भयो । सोही बमोजिम गठित सचिवस्तरीय कार्यदलको प्रतिवेदनलाई सैद्धान्तिक सहमति मान्दै असोज २८ गते २ बुँदे सहमति पत्रमा हस्ताक्षर गरियो । यसरी ४८ दिने काठमाण्डौ केन्द्रित आन्दोलन सहमतिमा पुगेको थियो ।

२०६४ साल साउन ३२ गतेदेखि चरणबद्ध रूपमा गरिएको आन्दोलनमा सहभागी भएकै कारण २ जना बादीहरूले मृत्युवरण गर्नु परेको थियो भने कयौंले अहिलेसम्म घाइते जीवन जीउन बाध्य भएका छन् । तर सरकारले उनीहरूलाई सहीद घोषण त गरेन नै घाइतेहरूको उचित उपचारको व्यवस्था समेत गरिएन । यसबारेमा दुवै पक्ष गम्भीर हुन आवश्यक देखिन्छ ।


नेपाल सरकार
सरकारी वार्ता टोली

शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदबार
फोन नं ४२११०८९,४२१११७३

च.न २०८/०६४/०३२ मिति :-२०६४/०६ १५

विषय : वार्ताको लागि अनुरोध गरिएको ।

श्री संयोजक उमादेवी वादी
राष्ट्रिय वादी अधिकार संघर्ष समिति ।

त्यस राष्ट्रिय वादी अधिकार संघर्ष समितिबारे उठाइएका मागहरुलाई लिएर सरकारी वार्ता टोली र त्यस समितिवीच २०६४/०६/१५ गते मंगलवार दिउँसो ३ बजे शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा वार्ताको लागि प्रस्ताव गरिइएकोले उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछु ।

( रामचन्द्र पौडेल )
संयोजक
सरकारी वार्ता टोली
मन्त्री
शान्ति तथा पुनर्निर्माण

**नेपाल सरकार र बादी समुदायबीच भएको सम्झौता**

बादी समुदायद्वारा आत्म सम्मानको निम्ति गरिएको निरन्तर संघर्ष, २०६४ सालको ४८ दिने काठमाण्डौ केन्द्रित आन्दोलनका साथै राज्य संयन्त्रमा बादी समुदायको समानुपातिक सहभागिताका लागि भएका विभिन्न आन्दोलनका कारण राज्यले बादी समुदायसँग विभिन्न चरणमा सम्झौता गरेको थियो । त्यसैगरी आन्दोलनको दौरानमा विभिन्न प्रकारका प्रतिवेदनहरू तयार गरिएको थियो ।

२०६४ साल असोज १५ गते भएको औपचारिक रूपमा सम्झौताअनुसार एक कार्यदल गठन भएको थियो । कार्यदलले पेश गरेका सिफारिसहरू तथा बादी समुदाय र राज्यबीच विभिन्न चरणमा भएका वार्ताका छलफल तथा निष्कर्ष समेतलाई ध्यानमा राखी २०६४ असोज २८ गते दुवै पक्षबीच शान्ति तथा पुनर्निमाण मन्त्रालयमा २ बुँदे सहमति भएको थियो । उक्त सहमतिमा बादी समुदायको तर्फबाट वार्ता टोलीका संयोजक तथा आन्दोलनको नेता उमादेवी बादी र सरकारका तर्फबाट तत्कालीन शान्ति तथा पुनर्निमाण मन्त्री रामचन्द्र पौडेलले हस्ताक्षर गरेका थिए । दुई बुँदे सहमति निम्न अनुसार रहेका छन्ः

१. २०६४ साल असोज १५ गते दुवै पक्षबीच भएको सहमति बमोजिम गठित सचिवस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई सैद्धान्तिक सहमति प्रदान गर्ने । बादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने शब्दहरू भाँड, बदेनी, पातर आदि शब्दहरूको प्रयोगमा तुरून्त रोक लगाउने र देशभरिका बादी समुदायहरूलाई नागरिकता दिने व्यवस्था तत्काल मिलाउने ।

२. उक्त प्रतिवेदनमा उल्लेख भएबमोजिम बादी समुदायका बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराउने समेतका विषयहरूलाई बुँदागत रूपमा कार्यान्वयन गराउन नेपाल सरकारले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको संयोजकत्वमा गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, शिक्षा मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या

मन्त्रालयका अधिकृतस्तरका प्रतिनिधिहरूका साथै बादी समुदायका एकजना महिलासहित दुईजना प्रतिनिधिहरू समेत सम्मिलित एक कार्यदल नेपाल सरकारले तत्काल गठन गर्ने ।

## बादी आन्दोलनकी प्रेरणा

**मा. उमादेवी बादी**, प्रदेश सभा सदस्या, सुदूरपश्चिम प्रदेश



उमादेवी बादी बादी समुदायकी एक प्रेरणादायी संघर्षशील महिला हुन् । उनको जन्म सल्यान जिल्लाको ठुटे पिपलमा २०१६ सालमा भएको थियो । उनी परिवारकी साईली छोरी हुन् । बुबा–आमा घुमन्ते जीवन बिताउने भएको कारण आफ्नो पढाईलाई निरन्तरता दिन नसकेको उनको गुनासो रहेको छ तर उनमा आत्मगलानी भने छैन । उनी भन्छिन्, **"मसँग डिग्री छैन तर अनुभवको डिग्री छ"** । निश्चित रूपमा उनको जीवन अनुभव नै अनुभवले भरिएको छ । सल्यानदेखि कैलालीसम्म उनले जातीय अपमान भोगेकी छन् । बाल्यकालमा शिक्षा र आवासको अभाव, युवा अवस्थामा नाचगानमै बिताउनु पर्ने, वाध्यता तथा कतिबेला कसले के गरिदिन्छ भन्ने त्रासदीपूर्ण जीवनका अनुभवहरू उनीसँग कति छन् कति ।

उनी बादी आन्दोलनकी एक जिउँदो इतिहास हुन् । उनकै सफल नेतृत्वमा बादी समुदायको आन्दोलनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित भएको थियो । विभिन्न सामाजिक संस्थाहरूमा अधिकारको यात्रा शुरू गरेकी उमादेवीले नेपालका झण्डै २२ जिल्लाका बादीहरूलाई एकीकृत गरेर आत्मसम्मानको लडाइँ छेडेकी थिइन् ।

२०६४ सालको सिंहदरबार कब्जाकी कमाण्डर उमादेवी बादी एक राजनैतिक नेतृ पनि हुन् । दलित संघको केन्द्रीय सदस्य हुँदै नेपाली काँग्रेसको तर्फबाट सुदूरपश्चिम प्रदेशको प्रदेश सभा सदस्यको जिम्मेवारी वहन गरिरहेकी उमादेवी यो उचाईमा पुग्ने बादी समुदायकी पहिलो व्यक्तित्व हुन् ।

उनी इभाक्यासल सामाजिक न्याय अन्तर्राष्ट्रिय पुरस्कार २०७४, टीकाराम पार्की मानव मर्यादा पुरस्कार २०६४ लगायत पुरस्कारबाट पुरस्कृत भएकी छिन् । त्यसैगरी उनी बीबीसीको सन् २०१८ मा उत्प्रेरणादायी र प्रभावशाली भूमिका खेलेका विश्वका महिलाहरूको सूचीमा १०औं स्थानमा पर्न सफल एक चमत्कारिक नेतृ समेत हुन् । उनको संघर्षशील जीवनको यात्रा भावी पिँढीहरूको निम्ति प्रेरणादायी बनेको छ ।



सहमति पत्र

सरकारी वार्ता टोली र राष्ट्रिय बादी अधिकार संघर्ष समितिका बीच विभिन्न चरणमा भएका वार्ताका छलफल तथा निष्कर्ष समेतलाई ध्यानमा राखी आज मिति २०६४ साल आश्विन २८ गते दुवै पक्षहरुबीच शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा भएको बैठकमा देहाय बमोजिम सहमति भयो :

१. २०६४ साल आश्विन १५ गते दुवै पक्षबीच भएको सहमति बमोजिम गठित सचिवस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई सैद्धान्तिक सहमति प्रदान गर्ने । बादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने शब्दहरु भाँड, वदेनी, पातर, आदि शब्दहरुको प्रयोगमा तुरुन्त रोक लगाउने र देशभरिका वादी समुदायहरुलाई नागरिकता दिने व्यवस्था तत्काल मिलाउने ।

२. उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिम वादी समुदायका बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराउने समेतका विषयहरुलाई बुंदागत रुपमा कार्यान्वयन गराउन नेपाल सरकारले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको संयोजकत्वमा गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अधिकृत स्तरका प्रतिनिधिहरुको साथै बादी समुदायका एकजना महिला सहित दुइजना प्रतिनिधिहरु समेत सम्मिलित एक अध्ययन कार्यदल नेपाल सरकारले तत्काल गठन गर्ने ।
उक्त कार्यदलले ६ महीनाभित्र सम्पूर्ण अध्ययन पूरा गरी सहमति कार्यान्वयन गराउनेछ ।

उमादेवी बादी
संयोजक
राष्ट्रिय वादी अधिकार संघर्ष समितिको
वार्ताटोली

रामचन्द्र पौडेल
संयोजक
सरकारी वार्ता टोली

मिति : २०६४।६।२८।२

उक्त सम्झौतामा बादी समुदाय र सरकारी वार्ता टोलीको पहिलो बैठकअनुसार गठित सचिवस्तरीय कार्यदलले गरेका सुझावहरूलाई सैद्धान्तिक आधारमा स्वीकार गरेको थियो ।

तर सम्झौता भएको झण्डै एक दशक बितिसक्दा पनि नेपाल सरकार र बादी समुदायबीच भएको सम्झौता कार्यान्वयन हुन सकेको छैन । बादी समुदायका बालबालिकाहरू आमाको नामबाट नागरिकता लिनबाट आजसम्म वञ्चित रहेको अवस्था छ । बादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने अपशब्दहरूको प्रयोग गर्ने प्रवृतिमा कुनै फरक आएको छैन । यसरी कार्यदलले पेस गरेका कुनै पनि सम्झौता कार्यान्वयनमा आएको देखिँदैन ।

**कला साहित्यमा बादी चित्रण विरुद्ध अभियान**

बादी समुदायले आत्मसम्मानको रक्षार्थ विभिन्न कालखण्डमा प्रतिरोध गर्दै आएका छन् । २०६४ सालको ४८ दिने आन्दोलन सम्झौतमा टुङ्गिएको थियो ।

त्यसैले बादीहरू सरकारले गरेका सम्झौता तथा विभिन्न अध्ययन प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयन हुने आशा रहेका थिए । तर सरकारले भने बादीहरूसँग गरेका सम्झौता तथा प्रतिवेदनका सुझावहरू कार्यान्वयन गर्ने सङ्केत देखाएको थिएन । सरकारले बादी समुदायलाई अलमल्याइरहेको थियो । आन्दोलनको क्रममा उनीहरूमाथि गरिएका दमनका घाउहरूमा खाटा बसिसकेको थिएन

यसैबीच केही प्रगतिशील साहित्यकारहरूले बादी समुदायको पहिचान र आत्मसम्मानमा ठेस लाग्ने केही साहित्यिक कृतिहरू एक पछि अर्को गरी प्रकाशनमा ल्याएका थिए । बादी उपन्यास र ऐनाले चर्चा पाइरहेका थिए, जो बादी समुदायको आत्मसम्मानमा चोट पुऱ्याउने साहित्यिक कृतिहरू थिए । यी कृतिहरू भुसको आगो झैं बादी बस्तीहरूमा फैलिएका थिए ।

त्यसको केही समयपछि 'ऐलानी' र 'नथिया' उपन्यास तथा 'पण्डित बाजेको लौरी' नामक चलचित्र बाहिर आए । कला साहित्यका यी कृतिले बादी समुदायलाई आन्दोलित बनायो । बादी समुदायका केही युवाहरू नेपालगंजमा उक्त चलचित्र हेरेर निरास भए । उनीहरूले बादी समुदायका बस्तीमा चलचित्र बारेमा छलफल चलाए । त्यसपछि बादी समुदायका सचेत ब्यक्तिहरूबीच उक्त चलचित्र 'पण्डित बाजेको लौरी' तथा दुई उपन्यास 'ऐलानी' र 'नथिया' मसिनो गरी अध्ययन गर्ने सहमति भयो । त्यसैअनुरूप अध्ययन गरेपछि आफूहरू अपमानित भएको महसुस गऱ्यो ।

त्यसको लगत्तै २०७५ साल साउन ८ गते नेपालगंजमा पत्रकार सम्मेलन गरी विज्ञप्तीमार्फत सम्बन्धित लेखक, प्रकाशक, निर्माता, निर्देशकलाई बादी समुदायको आत्मसम्मानमा चोट पुगेको तथा मानव अधिकार हनन् भएको कुराप्रति आपत्ति जनाएका थिए । पत्रकार सम्मेलनपश्चात विभिन्न माध्यमहरूद्वारा लेखक तथा निर्देशकहरूलाई प्रकाशित कृतिहरूको बिक्री वितरण र चलचित्र प्रदर्शन रोकियोस् भनी अनुरोध गरिएको थियो ।

तर यी भुइँयाहरूलाई ह्याकुलाले थिचिन्छ भन्ने उन्मादी सोच बोकेका केही साहित्यकारहरूसँग भेट हुन सकेन । उल्टै विभिन्न सामाजिक सञ्जालमार्फत

बादी समुदायले आत्मसम्मानको संघर्षलाई नै कमजोर बनाउने तरिकाले भ्रमपूर्ण प्रचार-प्रसार गर्ने र बादी समुदायलाई फुटाएर स्वार्थ लुट्न खोजेको देखियो । यसरी कुनै पनि माध्यमबाट साहित्यकार तथा निर्देशकसँग भेट हुन सकेन । केही साहित्यकारसँग सम्पर्क भएको थियो तर उनीहरूको बादी आन्दोलनप्रतिको सोचाईका कारण छलफल हुन पाएन । त्यसैले बादी आन्दोलनकारीहरू धेरै दिन पर्खन सक्ने अवस्था थिएन ।

नेपालगंजमा पत्रकार सम्मेलन गरेको १० दिनसम्म कुनै प्रकारको प्रतिक्रिया नआएपछि बादी आन्दोलनकारीहरू काठमाण्डौ केन्द्रित आन्दोलनमा जुटे । बादी समुदायलाई सार्वजनिक उपभोगको सामानका रूपमा सोच्नु, उनीहरूलाई यौन खेलौनाका रूपमा प्रयोग गर्नु र उनीहरूको शरीरलाई बचारू सामानको रूपमा सोच्ने प्रवृत्तिविरूद्ध सचेत बादीहरूले अभियान चलाएका थिए । अभियानको उद्देश्य कला साहित्यको सिर्जनामा लागेका ब्यक्तिहरूलाई कठघरामा पुऱ्याउने कदापी थिएन (नेपाली २०७६) । काठमाण्डौ केन्द्रित अभियानमा बादी समुदायका अभियन्तहरूले विभिन्न सरोकारवाला निकायहरूसँग आफूमाथि भएको अन्याय र अपमानको बारेमा औपचारिक रूपमा जानकारी गराएका थिए ।

यसैत्रममा २०७५ साउन २० गते राष्ट्रिय मानव अधिकार आयोगलाई ध्यानाकर्षण पत्र बुझाई आफूमा परेको अपमानको विरूद्ध सत्य तथ्य छानबिन गरी सरकारलाई सिफारिस गर्न अनुरोध गरिएको थियो । साथै, यस विषयलाई आयोगले गम्भीरतापूर्वक लिन आयोगका अध्यक्षलाई ज्ञापन पत्र दिइएको थियो ।

यसैगरी बादी अभियन्ताहरूले २०७५ साल साउन २० गते सुचना तथा सञ्चार मन्त्रालयका चलचित्र सेन्सर विभागका प्रमुखलाई भेटी ज्ञानपन पत्र बुझाएको थियो । त्यसक्रममा बादी समुदाय अपमान हुने किसिमको चलचित्र कसरी सेनसरबाट पास भएको हो, यसबारे छानबिन गरी दोषीलाई तुरून्त कारबाही गर्न तथा चलचित्र प्रदर्शन यथासिघ्र रोक्नको लागि अनुरोध गरिएको थियो ।

यसैगरी २०७५ साल साउन २० गते दलित अधिकारकर्मि तथा दलित संघ/ संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी बादी समुदायको आन्दोलनको बारेमा जानकारी गराइएको थियो । त्यस्तै साउन २२ गते नेपाल चलचित्र विकास

बोर्डका अध्यक्ष र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उप-सचिवलगायत सम्बन्धित सरोकारवाला व्यक्तिहरूसँग छलफल गरी आन्दोलनबारे जानकारी गराउँदै यो विषयमा सबै पक्ष गम्भीर हुन अनुरोध गरिएको थियो । अर्कोतिर, साउन २३ गते मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी निकाय तथा मानव अधिकारकर्मिहरूसँग छलफल गरिएको थियो । त्यस्तै २०७५ साल साउन २४ गते माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई ज्ञापनपत्र दिँदै साहित्य र चलचित्रले बादी समुदायको अस्मितामा नै आँच पुऱ्याउने हुँदा त्यस किसिमका क्रियाकलापलाई रोक्नुका साथै तुरून्त कारबाहीको माग गरिएको थियो । यसका साथै २०७५ साल साउन २४ गते दलित समुदायको तर्फबाट सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने विभिन्न दलका माननीय सांसदहरूसँग बादी समुदायको पहिचान र वर्तमान अवस्थाको व्याख्या सहित छलफल सहित ध्यानाकर्षण गरिएको थियो ।

यसप्रकार बादी अभियन्ताहरूको प्रयासका कारण राष्ट्रिय मानव अधिकार आयोगले २०७५ साउन २० गतेका दिन एक प्रेस विज्ञप्ति जारी गरेको थियो । विज्ञप्तीमा बादी समुदायको आत्मसम्मानप्रति संवेदनशील हुन आग्रह गर्दै चलचित्रका निर्माता, निर्देशक तथा सम्बन्धित उपन्यासका लेखक तथा प्रकाशकहरूलाई ध्यानाकर्षण पत्रको प्रतिलिपिसमेत पठाएको थियो । साथै बादी समुदायमाथि भएको अपमानप्रति नागरिक सङ्गठनहरूद्वारा पनि गम्भीर ध्यान आकर्षण भएको विज्ञप्ति २०७५ साउन २३ गते जारी गरेका थिए । यसैगरी २०७५ साउन ३० गते सूचना तथा प्रविधि मन्त्रालयले पनि एक विज्ञप्ती प्रकाशित गरी पण्डित बाजेको लौरी चलचित्रमा प्रयोग गरिएका अपमानजनक शब्दहरूमा रोक लगाइएको जानकारी गराइएको थियो ।

यसप्रकार बादी अभियन्ताहरू सुरूमै कानुनी उपचारमा गएका होइनन् । बादी अभियान्ताले विभिन्न निकाएको माध्यमबाट लेखक, प्रकाशक, निर्माता, निर्देशकको धारणा के हो ? भन्ने बारे बुझ्ने कोसिस गरेको थियो र यस समुदायलाई चित्त बुझ्ने धारणा सम्बन्धित निकायमा पेश भएको वा सार्बजनिक रूपमा धारणा आएको भए, निश्चय पनि बादीहरू कानुनी उपचारको बाटोमा जाने थिएनन् । तर उहाँहरूबाट यस किसिमको कुनै सार्वजनिक धारणा

आउन सकेन । बरू उल्टै सामाजिक सञ्जालमार्फत हामी ठिक छौं । यो हाम्रो अधिकार हो भन्ने जस्ता टिप्पणीहरू बाहिर आए ।

त्यसकारण दोस्रो चरणको अभियानको रूपमा २०७५ असोज ४ गतेका दिन सम्मानित सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको मुद्दा दर्ता गरिएको थियो (नेपाली, २०७६)। यसरी सम्मानित अदालतले आफ्नो सबै प्रक्रियाहरू पुरा गरेर २०७५ साल फाल्गुन १५ गते फैसला गरेको थियो । निर्णयादेश २२ मा नै नेपालको संविधानले प्रदत्त गरेको हक सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लेख गरेको छ । यो मुद्दा मानिसको सम्मानपूर्वक बाँच्न पाउने हक, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा प्रेस स्वतन्त्रतासम्बन्धी त्रिकोणीय हकको विषयमा व्याख्या गरिएको छ ।

त्यसैगरी बुँदा नं. २४ ले पनि विचार र अभिव्यक्तिको स्वतन्त्रतको व्याख्या गर्दै कुनै विषयका विचारक, लेखक वा स्रष्टाले आफ्नो विचार वा अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्दा संविधानमा रहेका प्रावधानप्रति समेत दृष्टि दिनु वाञ्छनीय छ भन्ने कुरा उल्लेख गरेको छ । नथिया, ऐलानी र पण्डित बाजेको लौरीमा समेत यही परिप्रेक्षमा विश्लेषण र मूल्याङ्कन हुन मनासिब देखिन्छ भन्ने आदेश गरेको देखिन्छ ।

त्यस्तै बुँदा नं. २८ मा सामाजिक यथार्थको चित्रण गर्ने नाममा कुनै जात–जाति, वर्ग वा समुदायको सम्मान र प्रतिष्ठामा आधारित पार्ने कार्य हुनु शोभनीय हुँदैन । यस पक्षमा साहित्य स्रष्टाबाट सद्भावपूर्ण दृष्टिकोण राखिने अपेक्षा पनि सम्मानित अदालतले राखेको देखिन्छ । साथै, आदेश नं. ३५ मा शब्दमा शक्ति हुन्छ र यसले पीडा र हर्ष पनि उत्पादन गर्दछ, त्यसैले शब्द छनोटमा ध्यान दिन आवश्यक देखिएको व्याख्या गर्दै विद्वान्लाई ईशारा नै काफी हुन्छ भन्ने जस्ता निर्णय गरेको देखिन्छ ।

समग्रमा सम्मानित अदालतले गरेको फैसलाप्रति बादी समुदाय खुशी तथा आत्मसम्मान बढेको महसुस गर्दै २०७५ साल फाल्गुन २१ गते पत्रकार सम्मेलन गऱ्यो । सम्मेलन मार्फत यस अभियानमा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैलाई राष्ट्रिय बादी परिषद्ले धन्यवाद व्यक्त गरेको थियो । यसका साथै,

सम्मानित सर्वोच्च अदालतप्रति आभार व्यक्त गरेको थियो । फैसलाको विषयमा बादी अभियान्तहरूले तीनवटा निष्कर्ष निकालेको थियो । एक, सम्मानित अदालत बादी समुदायको पीडाप्रति ज्ञाता रहेको पाइयो । अदालतको अहिलेको फैसला दुवै पक्षलाई घात नहुने तरिकाले आए पनि बादी समुदायको विषयमा विशेष चासो राखेर बादी पक्षीय रहेको देखिन्छ । त्यस्तै विद्वान्लाई ईशारा नै काफी हुन्छ भन्ने वाक्यले अब कुनै पनि लेखक तथा निर्माताहरूले कुनै पनि जातको बारेमा कलम चलाउँदा एकपटक गहिरो रूपमा सोच्न बाध्य बनाएको हुँदा यो हाम्रो जीत हो भन्ने बादी अभियन्ताको ठहर छ । त्यसैगरी नेपाली चलचित्रलाई रोक लगाउनु र नेपाल सरकारलाई २०६४ सालमा भएको सम्झौताको कार्यान्वयनको लागि आदेश दिनु बादी समुदायको जीत हो ।

दुई, आदेशको २२ देखि ३५ बुँदासम्म हेर्ने हो भने लेखक, निर्माता निर्देशकलाई अरूको आत्मसम्मानप्रति सजग हुन सचेत गराएको देखिन्छ । यो पनि सम्मानित अदालतले बादी समुदायप्रति गरेको फैसला सम्मानजनक जीत नै हो भन्ने बादी समुदायको विश्वास छ । तीन, २०६४ साल असोज २८ गते नेपाल सरकार र बादी अधिकार सङ्घर्ष समितिका बीच भएका सहमति कार्यान्वयन गर्न आवश्यक भएको हुँदा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समेतलाई निर्देशनात्मक आदेश जारी गर्नु तथा बादी समुदायलगायत कुनै पनि जात-जाति, धर्म, वर्ण क्षेत्र, सम्प्रदायका मानिसहको मान मर्यादा, इज्जत प्रतिष्ठा र आत्मसम्मानमा आघात पुग्ने गरी चलचित्रहरूको प्रदर्शन गर्ने कुरा नियन्त्रण कायम गर्न भनी चलचित्र विकास बोर्ड तथा चलचित्र जाँच समितिका नाममा निर्देशनात्क आदेश जारी गरिएको देखिन्छ । वास्तवमा बादी समुदायको आत्मसम्मानमा खेल खेल्ने कोहि कसैलाई पनि अधिकार छैन । बादी समुदायको लामो आन्दोलनमा यो कानुनी लडाइँ पनि एक प्रकारको ठूलो लडाइँ थियो, जसमा बादी अभियान्तहरू सफल भएको देखिन्छ ।

## ३.२ बादी आन्दोलनमा संघ/संस्थाहरुको भूमिका

२०४७ सालको राजनैतिक परिवर्तन पश्चात बादी समुदायको उत्थान र विकासको लागि विभिन्न गैरसरकारी निकायहरूले केही काम गरेको देखिन्छ । यसभन्दा अगाडि बादी समुदायमा काम गर्ने संघ/संस्थाहरू शून्य थिए । २०४७ लगत्तै दाङमा समाज सुधार सेवा संघ र बाँकेमा शिक्षाको लागि सामाजिक जागरण (सेफ) ले बादी समुदायमा जनचेतना अभिवृद्धि गर्न र शिक्षा क्षेत्रमा अहम भूमिका खेलेको देखिन्छ । त्यसक्रममा सेफले मध्यपश्चिम विकास क्षेत्रका केही जिल्लाहरूमा बादी बालबालिकाको शिक्षाको स्तर बढाउनको लागि छात्रावासको व्यवस्था गरेको थियो । बादी समुदायमा व्याप्त रहेको यौन पेशाबाट नयाँ पिँढीलाई त्यस्तो कार्यबाट टाढा राख्ने उद्देश्य रहेको थियो । तर नेतृत्वको असक्षमता, शिक्षाको कमि लगायतका विभिन्न कारणले सोचेअनुरूपको लक्ष्य हासिल भने हुन सकेन ।

त्यसैगरी सामुदायिक सहयोग समिति (सिएसजी) ले २०५५ साल यता बादी समुदायको अधिकारको क्षेत्रमा राम्रो प्रभाव पार्न सफल भएको देखिन्छ । मध्य तथा सुदूरपश्चिमका केही जिल्लामा बसोबास गर्ने बादी समुदायका बस्तीहरूमा छलफल चौतारी चलाएर अधिकारका विषयमा सामुदायिक सहयोग समितिले सचेत गराउन प्रयास गरेको थियो । तर पनि बादी समुदायको गरिवी, शैक्षिक अवस्थालाई भने सुधार्न सकेन ।

अर्कोतिर दलित महिला विशेषगरी बादी महिलाहरूको अधिकार र आयआर्जनको क्षेत्रमा क्रियाशील संस्था, दलित महिला एकता केन्द्र (डिमेक) ले बादी महिलाहरूको अधिकारको क्षेत्रमा काम गरेको देखिन्छ । महिला हिंसा, घरेलु हिंसा तथा सबै प्रकारका विभेदका विरूद्ध यस संस्थाले काम गरेर बादी तथा दलित महिलाहरूको अधिकारको लागि काम गरेको थियो । यद्यपि, बादी महिलाहरूको सबै प्रकारका समस्याहरूलाई समधान गर्न सकेन ।

बादी समुदायका नाममा अन्य विभिन्न संस्थाहरू खुलेर अहिले पनि क्रियाशील छन् तर प्रभावकारी रूपमा काम गर्न सकेको देखिँदैन । बादी समुदायको समग्र उत्थान र विकासको लागि अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरू पनि

उल्लेख्य मात्रमा लागेको देखिन्छ । त्यसमध्ये युनिसेफ नेपाल, सेभ द चिल्ड्रेन, एक्सन एड नेपाल, प्लान नेपाल, केयर नेपाल आदि रहेका छन् । विगतदेखि काम गर्दै आइरहेका अन्तरराष्ट्रिय संस्थाहरू वर्तमानमा भने बादी समुदायको मुद्दालाई छोडेको देखिन्छ । अहिले बादी समुदायमा काम गर्ने बादी समुदायका संस्थाहरू त्यति सक्रिय छैनन् । तर पनि २०४७ पछि चलेको बादी आन्दोलनमा यी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । ती संघ/संस्थाहरूले आर्थिक तथा प्राविधिक सहयोग गरेर बादी आन्दोलनलाई सहयोग गरेको देखिन्छ ।

## ३.३ राज्यबाट गरिएका घोषणा तथा सम्झौताहरु

लामो समयको संघर्ष पश्चात् बादी समुदायको लागि नेपाल सरकारले केही घोषणा, कार्यक्रम र बादी समुदायको समस्या समाधानको लागि केही प्रतिवेदनहरू तयार गरेको देखिन्छ, जो निम्न लिखित छन्ः

### २०६० साल बैशाख ९ गतेको कारण देखाउ आदेश

२०६० बैशाख ९ गते तीनवटा गैरसरकारी संघ/संस्थाहरू (जनहित संरक्षण मञ्च (प्रो पब्लिक), गैर सरकारी संस्था महासंघ र शिक्षाको लागि सामाजिक जागरण (सेफ) को तर्फबाट श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय समेतलाई विपक्षी बनाई सर्वोच्चमा रिट निवेदन दायर भएको थियो । उक्त रिट निवेदनमा बाध्यात्मक देह व्यापार, बादी बालबालिकाको जन्म दर्ता एवम् नागरिकता, बादी महिला तथा बालबालिकामा गरिने यौनशोषण र हिंसाविरूद्ध, छुवाछूत जातीय भेदभाव लगायतका ७ वटा मागहरू थिए । बादी समुदायको उत्पीडन र शोषणविरूद्ध रिट निवेदन उपर सर्वोच्च अदालतले सोही दिन कारण देखाउ आदेश जारी गरेको थियो ।

तर सर्वोच्चको कारण देखाउ आदेशलाई पनि सरकारका विभिन्न मन्त्रालयहरूले आदेशको प्रभावकारी कार्यान्वयन नगरेको देखिन्छ । आज पनि बादी बालबालिकाहरू जन्म दर्ता र नागरिकता बनाउनबाट वञ्चित रहेको देखिन्छ । यदि पाए पनि अपमानित हुनुपर्ने बाध्यता बादी समुदायमा रहेको छ ।

**२०६१ साल जेठ ७ गतेको परमादेश**

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा २०६१ साल जेठ ७ गते सर्वोच्च अदालतको विशेष इजलासबाट उत्प्रेषण परमादेशमा बादी समुदायको विद्यमान समस्या के कस्ता छन् ? बादी समुदायका समस्या समधान र उत्थानको निमित्त नेपाल सरकारद्वारा हाल के कस्ता कार्यक्रम सञ्चालन गरिएका छन् ? कुनै कार्यक्रम सञ्चालन भएको भए ती कार्यक्रमको प्रभावकारिता कस्तो रहेको छ ? यी सम्पूर्ण पक्षको समष्टिगत अध्ययन गरी बादी समुदायको उत्थान प्रभावकारी रूपबाट कसरी गर्न सकिन्छ, सोको अध्ययन समितिले दुई महिनाभित्र प्रतिवेदन पठाउनु पर्ने उल्लेख छ । जुन बादी समुदायको लागि महत्त्वपूर्ण आदेश रहेको थियो ।

**२०६२ साल भदौ ३० गते सर्वोच्च अदालतले सरकारका नाममा गरेको परमादेश**

सर्वोच्च अदालतले नेपाल सरकारका सम्बन्धित निकाय तथा बादी समुदायका व्यक्ति तथा निजहरूको समस्याबारे अध्ययन अनुसान्धान गर्ने संस्थाहरूलाई निर्देशनात्मक आदेश दिएको थियो । त्यसमा बादी समुदायका विद्यमान समस्या र समाधानका लागि अपनाउन पर्ने उपायलाई प्राथमिकताको आधारमा क्रमशः लागु गर्दै जानु र त्यसको जानकारी सर्वोच्च अदालतलाई समेत दिनु भन्ने उल्लेख गरिएको थियो । सोही आदेशमा बादी समुदायका बालबालिका लगायत बाबुको ठेगाना नलागेका सबै बालबालिकालाई बाबु नभएको भन्ने कारणले निजहरूको जन्मदर्ता गर्न इन्कार नगर्नु तथा त्यस्ता बालबालिकालाई नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा (२) बमोजिमको नेपालको नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गर्नु भन्ने कुरा उल्लेख थियो ।

यसरी सो आदेश कार्यान्वयनमा ल्याउँदा आमाको नामबाट नागरिकता प्राप्त गर्ने विषयमा बादी समुदायको एउटा ठुलो समस्या पार हुन्छ जस्तो लागे पनि सो आदेश कार्यान्वयनमा समस्या देखिँदा बादी समुदायले आमाको नामबाट नागरिकता लिन कठिनाई व्यहोरी रहेको देखिन्छ ।

**तत्कालीन शान्ति मन्त्रालयका सचिवको संयोजकत्वमा पाँच मन्त्रालयका सचिवहरूको कार्यदलको प्रतिवेदन**

यो कार्यदल बादी समुदायको ४८ दिने लामो काठमाडौं केन्द्रित आन्दोलनले राखेका २६ बुँदे मागहरूलाई कसरी सम्बोधन गर्न सकिन्छ र बादी समुदायका वास्तविक समस्याहरू के के हुन् र सम्बोधन कसरी गर्ने भन्ने सम्बन्धमा नेपाल सरकार शान्ति तथा पुनरस्थापन मन्त्रालयका तत्कालीन सचिवको संयोजकत्वमा बनाइएको कार्यदल हो । यो कार्यदल मूलतः निजामती कर्मचारी प्रकृतिको रहेको थियो । यो कार्यदलले राजनैतिक र संवैधानिक प्रकृतिका मागहरू (माग नं. १ देखि ७, २४ र २५) को सम्बन्धमा भने कुनै सुझाव दिएको छैन । त्यस्तै अन्य मागहरूको सम्बन्धमा यस कार्यदलले केही सुझावहरू दिएको छ । यस कार्यदलले ३ नं. मागलाई भने केही हदसम्म सम्बोधन गर्नसक्ने अवस्था विद्यमान छ । आर्थिक, सामाजिक एवम् सांस्कृतिक पक्षसँग सम्बन्धित अन्य मागहरूको बारेमा अध्ययन एवम् विश्लेषण गरी ती मागहरू पुरा गर्नको लागि तत्काल र दीर्घकालमा अवलम्बन गर्नुपर्ने उपायहरूको बारेमा राय सुझावसमेत प्रस्तुत गरेको छ ।

बादी समुदायका आर्थिक क्षेत्रसँग सम्बन्धित मागहरूका सम्बन्धमा कार्यदलको दृष्टिकोण, दलित समुदायभित्रका अत्यन्तै पीडित समुदायको रूपमा रहेको बादी समुदायले आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरिएको बसोबास र जीविकोपार्जनका लागि आवश्यक पर्ने जग्गा, जमिन पाउनु पर्ने माग राख्नु जायज भएको स्वीकार गरेको छ । उनीहरूको मागलाई कुनै न कुनै ढङ्गले सम्बोधन गर्नु लोकतान्त्रिक सरकारको दायित्व हुने कुरा पनि उल्लेख गरेको छ । यसको लागि बादी समुदायको यथार्थ स्थिति बुझ्न आवश्यक देखिन्छ भन्ने कुरा पनि उल्लेख गरेको छ ।

त्यसैगरी बादी समुदायका परम्परागत सीप, कलाहरूलाई आधुनिकीकरण गरी दीगो आयआर्जनतर्फ आगडि बढाउने मागको सम्बन्धमा कार्यदलले दिएको धारणा, नेपाल सरकारले सीपमूलक तालिम र रोजगारीका अवसर उपलब्ध गराउन विभिन्न प्रयास गरिरहेको छ । चालु आर्थिक वर्षदेखि यस्ता कार्यक्रमहरूको क्षेत्र विस्तार गरी बादी समुदायका परम्परागत सीप र कलालाई

आधुनिकीकरण गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने र आगामी वर्षदेखि यस सम्बन्धमा विशेष कार्यक्रम तयार गरी लागु गर्नसकिने स्थिति रहेको छ ।

बादी समुदायको आयआर्जन वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउन अल्पकालीन कार्यक्रम सञ्चालन गरी आगामी आर्थिक वर्षहरूमा समेत निरन्तरता प्रदान गर्नुपर्दछ । त्यसैगरी साना किसान विकास आयोजना तथा ग्रामीण विकास बैंकहरूमार्फत बादी समुदायलाई बिनाधितो वा सामूहिक जमानीमा कर्जा सुविधा उपलब्ध गराई उनीहरूको वित्तिय संस्थाहरूसम्मको पहुँच बढाउन र उत्पादित सामानहरूको बजार व्यवस्थापन गर्न घरेलु तथा साना उद्योग विभाग र समितिमार्फत विशेष व्यवस्था मिलाउन प्रभावकारी ढङ्गले थप कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनु पर्छ ।

त्यस्तै बादी समुदायलाई राज्यद्वारा प्रदान गरिने सेवा तथ सुविधाहरू यातायात, विद्युत, उपचार तथा कर लगायतका क्षेत्रहरूमा ५० प्रतिशत छुट र बादी समुदयलाई वैदेशिक रोजगारीमा विशेष कोटाको ग्यारेण्टी गरिनु पर्ने सन्दर्भमा कार्यदलको धारणा, कर एवम् विभिन्न किसिमका सेवा शुल्कहरूमा छुट दिने सम्बन्धमा अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयका साथै सेवा प्रदायक निकायले परिचयपत्रको आधारमा तत्कालको लागि प्रदान गर्न सकिने सहुलियतको बारेमा अध्ययन गरी विशेष रूपमा छड्के अनुदान (cross subsidy) को व्यवस्था अपनाउनु पर्ने ।

त्यसैगरी वैदेशिक रोजगारीमा जान चाहने युवाहरूको लागि राज्यले विगतमा सहुलियतपूर्ण ऋण सुविधा उपलब्ध गराएको परिप्रेक्ष्यमा अतिविपन्न बादी समुदायका व्यक्तिहरूलाई राज्यले विशेष प्राथमिकताका साथ त्यस्तो सुविधा उपलब्ध गराउने र यस प्रयोजनको लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट निश्चित प्रतिशत निर्धारण गरिने ।

**क. सामाजिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित मागहरूका विषयमा**

जातीय भेदभाव तथा छुवाछूत, अन्तरजातीय विवाह र बादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने शब्दमा रोक लगाउने विषयमा कार्यदलको धारणा अनुसार यस विषयमा छुवाछूत तथा भेदभावलाई अपराध मान्ने र यस किसिमको

क्रियाकलाप र व्यवहारमा संलग्न व्यक्तिहरूलाई कानुनको दायराभित्र ल्याई दण्ड, सजाय दिने व्यवस्थालाई व्यवहारत लागु गर्ने ।

त्यसैगरी बादी समुदायका मुद्दाहरूलाई प्राथमिकताका साथ हेरिने र उनीहरूको मुद्दामा बहस पैरवी गर्न राज्यले निःशुल्क कानुनी सहायताको व्यवस्था मिलाउने । सबै नेपाली नागरिकहरूलाई निर्वाध रूपमा नागरिकता दिलाउने सम्बन्धमा राज्यको प्रतिवद्धता रहेको छ । कानुनमा नै सबै नागरिकलाई आमाको नामबाट समेत नगरिकता दिने व्यवस्था भएता पनि नागरिकता दिँदा मागबमोजिम उनीहरूको नाम र थर लेखिदिने र बाबु पत्ता नलागेको भन्ने जस्ता अपमानजनक व्यहोरा उल्लेख नगर्नको लागि स्थानीय प्रशासनलाई निर्देशन दिनुपर्ने जस्ता बादी समुदायका मागहरूलाई कार्यदलले सम्बोधन गरेको देखिन्छ ।

**ख. शैक्षिक र स्वास्थ्य क्षेत्रका विषयमा**

बादी समुदायका बालबालिकाहरूलाई उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको सुनिश्चितता, यौनशोषणबाट जन्मेका बालबालिकाहरूको लागि गाँस, बास, कपास, स्वस्थ्य, शिक्षा र रोजगरीको सम्बन्धमा कार्यदलको धारणा अनुसार स्नातक र स्तातकोत्तर तहमा अध्ययन गर्ने सबै छात्राहरूको लागि प्रतिवर्ष जनही रू. १०,०००। र उच्च माधयमिक तहमा अध्ययन गर्ने सबै छात्राहरूको लागि प्रतिवर्ष जनही रू. ५,०००। छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था राज्यको तर्फबाट मिलाउने । त्यसैगरी कक्षा ६ देखि १० सम्म अध्ययनरत छात्रछात्रा दुवैलाई जनही रू. ५,००० का दरले छात्रवृत्ति उपलब्ध गराउन र प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाका लागि पनि वार्षिक रू ३५०। का दरले छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था मिलाउने । त्यसैगरी विशेष प्राविधिक विषयमा अध्ययन गर्न चाहने न्युनतम योग्यता पुगेका बादी समुदायका व्यक्तिहरूको लागि नेपाल सरकारले आरक्षणको व्यवस्थामार्फत विशेष व्यवस्था गर्ने । यसका साथै, शिक्षक पदका लागि योग्यता पुगेका उम्मेदवारहरूको सम्बन्धमा शिक्षा तथा खेलकुद मन्त्रालयबाट राहत कोटा उपलब्ध गराई रोजगार दिन सकिने । त्यस्तै लेखपढ गर्न जान्ने बादी समुदायका व्यक्तिहरूलाई पियन, माली, ड्राईभर लगायतका निजामती

पद र नेपाली सेना तथा नेपाल प्रहरीमा प्राथमिकताका साथ रोजगारी उपलब्ध गराउन सम्बन्धित निकायहरूलाई निर्देशन दिने कुरालाई कार्यदलले स्वीकार गरेको देखिन्छ । यसरी शिक्षा तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अधिकांश मागहरू सरकारले थप आर्थिक दायित्वबिना नै पुरा गर्न सक्छ ।

यसै कार्यदलको सिफारिसलाई राज्य तथा आन्दोलनरत बादी समुदायले सैद्धान्तिक सहमति प्रदान गरेका थिए । वास्तवमा बादी समुदायले यो कार्यदलले ल्याएका अधिकांश सिफारिसहरू सरकारले तत्काल र दीर्घकालीन योजना बनाएर लागु गर्नु पर्ने हो तर पनि दीर्घकालीन योजनाको सट्टा तत्काल गरिनुपर्ने आधारभूत कार्य पनि सम्पन्न नगरेको देखिन्छ ।

**संसद्को महिला बालबालिका र समाज कल्याण समितिअन्तर्गत बादी समुदायका महिलाहरूको समस्या र अवस्थाका सम्बन्धमा अध्ययन गर्न गठन गरिएको उप समितिको प्रतिवेदन**

बादी समुदाय विगत लामो समयदेखि दर्दनाक जीवन जीउन बाध्य भएको कुरालाई मध्यनजर गर्दै व्यवस्थापिका संसद् महिला बालबालिका तथा समाज कल्याण समितिले बादी समुदायको वास्तविक समस्याहरूको पहिचान गर्नको लागि माननीय सभासद् विनोद पहाडीको संयोजकत्वमा एक अध्ययन टोली बनाएको थियो । उक्त टोलीले बादी समुदाय लक्षित गरी तयार पारेको कार्यक्रम, विभिन्न समयमा बादी समुदायबारे गरिएका अध्ययन, विभिन्न मन्त्रालय, आयोग र समितिहरूका प्रतिवेदन, सरकार र बादी समुदायबीच भएका सम्झौताहरूको अध्ययन विश्लेषण गर्ने काम गर्‍यो । उक्त संसदीय टोलीले सुदूर तथा मध्यपश्चिमाञ्चलका पाँच जिल्लामा स्थलगत भ्रमण गरेको थियो । अध्ययनका क्रममा टोलीले बादी समुदायका बस्तीमा अध्ययन गर्दा राज्यको उपस्थिति नदेखेको बताएको छ । बादी समुदायको खुल्ला आकाशमुनिको बस्ती, भोक, रोग र गरिबी कहाली लाग्दो रहेको बताएको थियो । सरकारले यौन शोषण मुक्तराष्ट्र घोषण गरे पनि पुनर्स्थापनाको कार्यक्रम नहुँदा उनीहरूको भविष्य अन्धकार रहेको बताएको थियो ।

उक्त समितिले नेपाल सरकारलाई बादी समुदायको समग्र विकासको लागि राजनैतिक, आर्थिक, शैक्षिक, स्वास्थ्य तथा सामाजिक, सांस्कृतिक एवम् न्यायीक क्षेत्रमा सुधारका लागि विभिन्न प्रकारका सुझावहरू पेश गरेको थियो ।

समितिले जतिसुकै गहिरो अध्ययन गरेर सरकारलाई बुझाए पनि सरकारले उक्त प्रतिवेदनमा भएका सिफारिसहरूलाई कार्यान्वयन नगरेको अवस्था छ । नेपाल सरकारले उक्त अध्ययन प्रतिवेदनमा गरेको सहमतिलाई अविलम्ब कार्यान्वयन गर्न नितान्त आवश्यक देखिन्छ । उक्त अध्ययन टोलीले २०६७ साल पुष २९ मा प्रतिवेदन पेश गरेको थियो ।

**उक्त प्रतिवेदनले पेश गरेका केही सुझावहरू**

**राजनैतिक क्षेत्रमा गरिएका सिफारिसहरू**

१. २०६५ साल पौष २३ मा तत्कालीन प्रधानमन्त्री श्री पुष्पकमल दाहालको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले बादी समुदायसम्बन्धी गरेको निर्णय कार्यान्वयन गरिनुपर्ने ।

२. तत्कालीन शान्तिमन्त्रीले बादी समुदायसँग गरेका सम्झौता र निर्णयहरू कार्यान्वयन गरिनुपर्ने ।

३. २०६२ साल भदौ ३० गते सम्मानित सर्वोच्च अदालतले सरकारलाई दिएको आदेशको शीघ्र कार्यान्वयन गरिनुपर्ने ।

४. तत्कालीन शान्ति मन्त्रालयका सचिवको संयोजकत्वमा बनेको कार्यदलको सिफारिस कार्यान्वयन गरिनुपर्ने ।

**बादी समुदाय उत्थान विकास समितिको गठन तथा स्थापना**

बादी समुदायको निरन्तर लामो सङ्घर्ष तथा बादी समुदायले गरेको ऐतिहासिक ४८ दिने आन्दोलनको प्रभावका साथै नेपाल राज्य पुनरसंरचनाको अवस्था रहेको समयमा बादी समुदायका केही जायज मागहरू पुरा गर्नको लागि गणतन्त्रात्मक सरकारले २०६८ सालमा बादी समुदाय उत्थान विकास समिति गठन गरेको थियो । बादी समुदायको एकमात्र सरकारी निकायको रूपमा

रहेको यो संरचनाले बादी समुदायका विशिष्ट मुद्दाहरूलाई सम्बोधन गर्ने यसको मुख्य उद्देश्य रहेको थियो ।

**विशेष छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०७२**

यो कार्यविधि देशभित्रका उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूमा अध्ययनरत निम्न आय भएका डोम, बादी चमार र मुसहर समुदायका छात्रछात्राहरूको हकमा स्नातक तहमा इन्जिनियरिङ वा चिकित्साशास्त्र विषयमा अध्ययनरत विद्यार्थीको हकमा आ.व. २०७२।०७३ देखि लागु भएको छ । यस कार्यविधिको धारा ४ मा तोकिएको छात्रवृत्तिको लागि योग्यता तथा सर्तहरूको बुँदा (घ) मा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएको हुनुपर्ने व्यवस्थाले बादी समुदाय सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण नभएको र अन्य विद्यालयबाट प्रथम श्रेणीमा उत्तीर्ण बादी बालबालिका यो अवसरबाट वञ्चित रहेको देखिन्छ ।

**२०६५/०६६ सालको बजेट भाषणमा गरिएको घोषणा**

२०६५ सालमा सरकारको नीति तथा कार्यक्रमअर्न्तगत रू ३ करोड विनियोजन गरिएको थियो । यो ३ करोड रूपैयाँ उपलब्धिबिना नै वालुवामा पानी हालेझैं भयो, किनभने कुनै निश्चित उद्देश्य प्राप्तिका लागि र कुनै निश्चित उपलब्धि हासिल गर्नको लागि विनियोजन गरिएको बजेट थिएन । यो राजनैतिक दलले बादीको लागि पनि केही गर्न थालेको देखाउनको लागि ल्याइएको थियो । दामासाही रूपमा प्रति परिवारलाई रू. १५,०००/- बाँडेर बादी समुदायको समस्याको समाधान हुन सक्दैन । निश्चित उपलब्धि हासिल गर्नका लागि निश्चित कार्यक्रमको योजनासहित ल्याएको कार्यक्रमले उपलब्धि हासिल गर्न सक्ला, नत्र भने बादीको अवस्था पहिला जस्तै हुने छ ।

**जनता आवास निर्देशिका**

आर्थिक वर्ष २०६६।०६७ को नीति तथा कार्यक्रममा पेश गरिएको जनता आवास योजनामा बादीलाई पारिएन । तर बाँके बर्दियाका बादीहरूको चर्को दबाबका कारण अहिले सुदूर तथा मध्यपश्चिमाञ्चलका बाक्लो बादी बस्ती

हुने जिल्लाहरूमा पुनः सञ्चालन भएको छ । वास्तविक पीडित बादीहरू यस कार्यक्रमबाट वञ्चित भएका छन् । यो आवास निर्देशिका अनुसार आवास प्राप्त गर्नको लागि लालपूर्जाको आवश्यकता पर्दछ । अधिकांश बादीहरू सुकुमवासी भएकोले वास्तविक बादीहरू यो अवसरबाट फाइदा लिन सकेका छैनन् । जसको पहिले नै घर र जमिन रहेको छ तिनिहरूले भने आवास योजनामा परेको देखिन्छ । वास्तविक सुकुमवासी र पीडित बादीहरूले पाउन सकिरहेका छैनन् ।

**चौथो राष्ट्रिय मानव अधिकार योजना तर्जुमामा गरिएको व्यवस्था**

यस चौथो मानव अधिकार राष्ट्रिय योजना तर्जुमामा बादी समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सुनिश्चिता गर्ने, व्यवसायिक तालिमहरूको व्यवस्था गर्ने, बाल अधिकार, बाल शिक्षा, पुनरस्थापना, सामाजिक अन्तरघुलन जस्ता विविध प्रकारका बादी समुदायको विकास र उत्थानसम्बन्धी कार्यक्रमहरूको व्यवस्था गरिएको छ । यो कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन एवम् लागु भएको खण्डमा बादी समुदायमा रहेको विविध समस्याहरू केही हदसम्म भए पनि सम्बोधन हुने देखिन्छ । आजको मितिसम्म यी कार्यक्रम सञ्चालन भएको देखिएको छैन ।

## ३.४ सरकारबाट उपलब्ध सेवा सुविधा

बादी समुदाय र सरकारबीच भएका विभिन्न सम्झौता तथा घोषणहरूलाई एक हिसावले उपलब्धिका रूपमा लिन सकिन्छ । बाध्यात्मक यौन पेशाका सम्बन्धमा मन्त्री परिषदको बैठकले २०६५ सालमा बादी समुदायलाई पुर्नस्थापना सहित यौन शोषण मुक्ति जातको रूपमा घोषणा गरेको थियो । साथै २०६४ सालमा बादी समस्या सामाधान कार्यदलको गठन भई नेपाल सरकारसमक्ष अध्ययन प्रतिवेदन पेश भएको थियो । सो कार्यदलमा बादी समुदायबाट समेत प्रतिनिधित्व भएको थियो, जसलाई बादी समुदायले एउटा ठूलो उपलब्धिको

रूपमा लिएको छ । २०५८ सालमा बादी समुदाय उत्थान विकास समिति गठन हुनु पनि बादी आन्दोलनको महत्त्वपूर्ण उपलब्धि नै हो । जसले बादी समुदायका चौतर्फी समस्याहरूको सम्बोधन गर्ने आशा बादी समुदायले गरेको छ । साथै बादी समुदायको सङ्घर्ष र बलिदानीपूर्ण आन्दोलनको परिणामस्वरूप जनता आवास कार्यक्रमबाट बादीहरूलाई आवास निर्माण कार्य भइरहेको छ । यसका अतिरिक्त, यी बादी समुदायका महिलाहरूलाई आर्थिक सशक्तीकरणको माध्यमबाट आत्मनिर्भर बनाउँदै आयआर्जन हुने पेशा व्यवसायमा संलग्न गराई मूलधारमा ल्याउन नेपाल सरकारबाट आ.व. २०६१।६२ देखि बादी समुदायका महिला लक्षित कार्यक्रमहरू (व्यवसाय सञ्चालन तालिम, समूह समिति र संस्था गठनमार्फत बचत गर्ने, ऋण लिने बानी व्यवहारका साथै सचेतना एवम् नेतृत्व विकास गर्ने र घरविकास योजना कार्यक्रम) सञ्चालन भएको थियो । यसका साथै, सम्झौता भएका विषयहरूलाई कार्यान्वयनमा लैजानको लागि राष्ट्रिय बादी परिचय पत्र दिने व्यवस्था पनि गरेको थियो । तर यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न सकिएको देखिँदैन । सर्वोच्च अदालतबाट बादीहरूको नागरिकता लगायतका विषयमा परमादेश र निर्देशनात्मक आदेश मिति २०६२/५/३० मा जारी भएको थियो । बादी समुदायका विद्यार्थीहरूका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान हुँदै आएको देखिन्छ ।

बादी समुदायलाई विभिन्न कला, साहित्यिक कृतिहरूमार्फत आत्मसम्मानमा ठेस लाग्ने कार्य भएको हुँदा सम्मानित सर्वोच्च अदालतमा २०७५ साल असोज ४ गते परेको रिटमा पनि अदालतले बादी समुदायको पक्षमा फैसला गरेको देखिन्छ ।

### ३.५ राज्यबाट प्रदान गरिएका कानुनी हैसियत तथा वैधानिकता

बादी समुदायका लागि छुट्टै कानुनी हैसियत भन्दा पनि विभिन्न समयमा सरकार र बादी समुदायबीच भएका सम्झौताहरूनै वैधानिक हैसियतको रूपमा लिनु पर्दछ । यसका साथै, सबै नेपालीले अवलम्बन गर्ने मौलिक हक पनि बादी समुदायको लागि बैधानिक हैसियत हो । नेपालको वर्तमान संविधानको

भाग ३ मा विभिन्न मौलिक हकको व्यवस्था गरिएको छ । ती सबै मौलिक हकहरू बादी समुदायले पनि निर्वाध रूपमा प्रयोग गर्ने अधिकार राख्दछन् ।

राज्यले संविधान प्रदत्त त्यस्ता हकको प्रचलन गराउनु पर्ने दायित्व रहन्छ । यी मौलिकहरू सबै व्यक्तिका हकका रूपमा छन् भने कतिपय मौलिक हकहरू कमजोर वर्गका लागि विशेष रूपमा व्यवस्था भएको देखिन्छ । प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने र कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन भन्ने व्यवस्था गरिएको छ ।

यसैगरी सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने र सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने व्यवस्था छ ।

यसरी नै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने सुनिश्चितता पनि गरेको छ । यसका अलावा, संविधानको धारा २४, ३८, ४० र ४२ पनि बादी समुदायको लागि प्रत्यक्ष वैधानिक आधारको रूपमा हेर्न सकिन्छ ।

त्यस्तै सर्वोच्च अदालतले विभिनन समयमा बादी समुदायको पक्षमा गरेका आदेशहरूलाई पनि राज्यबाट प्राप्त कानुनी हैसियत तथा बैधानिकताको रूपमा लिन सकिन्छ । त्यसैगरी बादी समुदायको विकास तथा उत्थानको लागि गठन गरिएको बादी समुदाय उत्थान विकास समितिको गठनलाई पनि कानुनी हैसियतको रूपमा लिन सकिन्छ । । बादी समुदाय उत्थान विकास समितिलाई सवै जिल्लामा पहुँच गर्न र वादी समुदायको उत्थानका लागि काम गर्न सजिलो होस भनि नेपाल सरकारले बादी समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि २०७२ लाई पनि सरकारले उपलब्ध गरेको कानूनी वैधानिकता हो । नेपालको बर्तमान संविधानले समाजिक न्यायमा आधारित

समावेशी विकासको अवधारणलाई आत्मसात् गरेको सन्दर्भमा लक्षित कार्यक्रम मार्फत यो समुदायको मूलप्रवाहमा ल्याउन र विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरू बीच समन्वय कायम गरी पारदर्शी, जनमुखी, उत्तरदायी र प्रभावकारी बनाई लक्षित नतिजा हासिल गर्न बादी समुदायसँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा सहयोग र समन्वय गर्न बादी समुदायको बाहुल्यता भएका १४ जिल्लामा समन्वय समिति गठन गर्ने उदेश्यले यो कार्यविधि लागु गरिएको थियो ।[१६]

१६. बादी समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि २०७२ file:///C:/Users/lenovo/Downloads/Badi-D.C.C0mmitee.pdf

अध्याय ५

# बादी समुदायको वर्तमान अवस्था विश्लेषण

## ४.१ बादी समुदाय र शिक्षा

### क. शैक्षिक वञ्चितीकरणमा बादी

शिक्षा व्यक्तिको एक अपरिहार्य आवश्यकताको विषय हो । मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ ले पनि प्रत्येक मानिसलाई प्रारम्भिक र आधारभूत तहसम्म निःशुल्क शिक्षाको अधिकारको प्रत्याभूत गरेको छ ।

तर समानरूपले शिक्षा पाउने हकबाट नेपाली बादीहरू वञ्चित हुनु पर्ने अवस्था अहिले पनि विद्यमान रहेको छ । गुणस्तर शिक्षा प्राप्त गर्नको लागि सम्पन्न घरानामा जन्म लिनुपर्ने अवस्था नेपाली समाजमा विगतदेखि नै रहेको छ । यसैकारण भारतीय दलित नेता डा. भीम राव अम्बेडकरले दलित बहुजन मुक्तिको लागि दिएको मूलमन्त्र होः

**'शिक्षित होऊ, सङ्गठित बन र सङ्घर्ष गर'** ।

तर नेपाली परिवेशमा यो भनाई सान्दर्भिक भए पनि सीमित शासक वर्गहरूले मात्र शिक्षा प्राप्त गर्ने अवसर पाए । बहिष्कृत समुदायलाई जहिले पनि शिक्षामा विभेद हुन थाल्यो र सीमानाकृत पारिएका समुदायहरू शिक्षित बन्न पाएनन् । उनीहरू सङ्गठित पनि हुन पाएनन् । शिक्षा र ज्ञान दिनको लागि राज्यको नीतिमा नै स्पष्ट व्याख्या भएको हुनुपर्दछ । नेपालमा वर्ग, वर्ण र जातअनुसार फरक-फरक प्रकारको शिक्षाको व्यवस्था गरियो । ज्ञान दिने शिक्षक र पाठ्यक्रमहरूमा नै महाराजाहरूको स्तुतीगान गाउन थालियो । पछाडि पारिएका दलितहरूको अवस्थालाई झन् घृणित तरिकाले पाठ्यक्रममा नै

समावेश गरेपछि बादी तथा सीमान्तकृत समुदायहरू शिक्षाको ज्योतिदेखि टाढा नै रहे । समाजमा उनीहरूप्रति हेर्ने दृष्टिकोण सकारात्मक बनेको देखिँदैन । कुनै एक वर्गलाई कानुन नै बनाएर शिक्षा हासिल गर्नबाट कसरी वञ्चित गरिएको थियो भन्ने कुरा मनुस्मृतिमा उल्लेख तलका हरफबाट स्पष्ट हुन्छ ।

> *"शूद्रलाई ज्ञान दिनु हुँदैन । यज्ञ वा हवनबाट बचेको उच्छिष्ट तथा भाग पनि शूद्रलाई दिनु हुँदैन । उनीहरूलाई धर्मको उपदेश पनि दिनु हुँदैन । यदि शूद्र भुलवस वेदको श्रवण गरेको पाइएमा उसको कानमा तातो शिशा पग्लाएर हालदिनु पर्छ । वेद उच्चारण गरेको अवस्थामा, उसको जिब्रो काट्दिनु पर्छ र स्मरण गरेको खण्डमा हत्या गरिदिनु पर्छ ।"*
>
> *- मनुस्मृति*

यस्ता प्रकारका कानुनी बन्देजको व्यवस्था समाजका हरेक कुना कुनामा मानिसका मानस्पटलमा पुऱ्याइयो अनि उनीहरूलाई शिक्षाबाट टाढा राख्ने काम गरियो । त्यसैले आजसम्म ती समुदायहरू राष्ट्रिय औसतमा अन्य समुदायको तुलनामा शैक्षिक रूपमा पिँधमा रहेका छन् । अहिले पनि राष्ट्रिय साक्षरता औसत ६५ प्रतिशत हुँदा दलित समुदायको ५४ प्रतिशत देखिन्छ भने बादी समुदायको साक्षरता दर २५.४ प्रतिशतमात्रै देखिन्छ ।

यसरी मनुले खडा गरेको शैक्षिक जग बहिष्करणको थियो, जहाँ बादी वा शूद्रलाई शिक्षाबाट पूर्ण रूपमा निषेध गरियो । यसै चिन्तनलाई नवमनुवादीहरूले अहिलेसम्म बचाइरहेका छन् । जात व्यवस्थामा आधारित समाजमा बादी तथा उत्पीडित वर्ण, वर्ग र समुदायका लागि शिक्षा लिन र दिन सहज छैन । सनातन धर्मको नाममा सामाजिक संस्कारहरू सञ्चालन गर्ने परिपाटीको अन्त्य नभएसम्म दलितभित्रका बादी लगायतका समुदायहरूको शैक्षिक लगायतका क्षेत्रमा झन् पछि पर्दै जाने निश्चित छ ।

त्यो समयमा बादी लगायतका अछूतहरूको लागि शिक्षा आर्जन अधिकारको विषय बनेको थिएन । बादी समुदायका मौलिक सीप, कला र ज्ञानहरूलाई

## अनुशासन र लगनशीलता सधै प्रशसनिय हुन्छ

**डा. सुशिल नेपाली**, एम.वि.वि.एस., सि.एम.सि. भेलोर तमिलनाडु (भारत)



सुशिल नेपालीको जन्म २०५० सालमा दाङ जिल्लाको लेटार गाउँमा कान्छो छोराको रूपमा वादी परिवारमा भएको हो । बालकाल देखि नै तीक्ष्ण, वुद्धि भएको तथा सधैं बावु केशव नेपाली र विद्यालयका गुरू, गुरू आमाको प्रेरणा, आज्ञा पालन र अनुशासनमा रही लगनशिलताका साथ अध्ययन गरी विद्यालयमा सधै प्रथम भई उच्च माध्यमिक शिक्षा हासिल गरेर हालै दक्षिण भारतको तमिलनाडु राज्यमा रहेको डा.एम.जि.आर. विश्वविद्यालय अन्तर्गत सि.एम.सि. मेडिकल कलेज भेलोर तमिलनाडु भारतबाट एम.बि.बि.एस. सफलतापुर्वक पुरा गरी वादी समुदायमा पहिलो मेडिकल डाक्टर. हुने अवसर पाउनु भएको छ । उहाको यस उपलब्धीले उनको परिवार लगाएत सिंगो बादी समुदायमा उत्साह, सफलता पाउनुका साथै यस समुदायको गरीमा बढाएको छ त्यसैले भनिन्छ **अनुशासन र लगनशीलता सधै प्रशंसनीय हुन्छ ।**

शिक्षाको दर्जामा राख्ने कुरा नै भएन । सन् १९१० मा दरवार हाई स्कुल खोलियो । त्यही समयदेखि नेपालमा आधुनिक शिक्षाको सुरूवात भएको मानिन्छ तर दलित लगायतका सीमान्तकृत जाति/समुदायको हकमा अति अनुदार थियो । त्यो स्कुल शासक वर्गका छोराछोरी पढाउनका लागि मात्र खोलिएको थियो । परम्परवादी संस्कृत गुरूकुलले दलितलाई शिक्षा पाउनबाट वञ्चित गरे । त्यो समयमै खुलेका आधुनिक अङ्ग्रेजी स्कुलमा दलितका छोराछोरीको पहुँच हुने कुरै भएन । यसरी वर्ण र वर्ग चिन्तन शिक्षा क्षेत्रमा समेत लामो समयदेखि हाबी रहँदै आयो र बादी तथा अछूत समुदायलाई सधै शिक्षाबाट वहिष्कृत गरेको देखिन्छ ।

### ख. नेपालको शिक्षा नीति

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा शिक्षासम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र राज्यका नीतिहरू र प्राथमिकता क्षेत्रहरूको

उचित व्यवस्था गरिएको छ ।[१७] अब नेपाली बालाबलिकाहरूका लागि शिक्षा एक नैसर्गिक अधिकारको रूपमा स्थापित भएको छ । नेपालको संविधानको धारा ३१ शिक्षासम्बन्धी ५ वटा मौलिक हकहरूको सुनिश्चितता गरिएको छ, जो यसप्रकार रहेका छन्ः

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्ग भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

यसरी नेपालको संविधानले शिक्षासम्बन्धी मौलिक हकका साथै संविधानका विभिन्न धाराहरूमा केही व्यवस्था गरेको छ । धारा ३८(५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गरेको छ । त्यसैगरी, धारा ३९(२) मा बालबालिकाको हक सम्बन्धमा, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हकको व्यास्था गरिएको छ ।

त्यसैगरी उपधारा ३ मा प्रत्येक बालबालिकलाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिता को हकको व्यवस्था गरिएको छ । संविधानको धारा ३९ को

१७. नेपालको संविधान २०७२ ।

उपधारा (९) मा असहाय, अनाथ अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था गरिएको छ । त्यस्तै दलितको हकसम्बन्धी धारा ४०(२) मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ ।

अर्कोतिर प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितको लागि कानुनबमोजिम विशेष व्यवस्था गरिएको छ । सामाजिक न्यायको हक धारा ४२ को २ मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षणमा उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा स्वास्थ्य, आवास, रोजगारी, खाद्यन्न र सामाजिक सुरक्षामा विशेष अवसर दिइने व्यवस्था रहेको छ ।

यसरी नेपालको संविधानमात्र नभएर नयाँ शिक्षा आयोग २०२८ पछि फरक-फरक समयमा विभिन्न उच्च स्तरीय शिक्षा आयोगहरू गठन भएका छन् । तर नेपालमा शिक्षाको अवस्था हेर्ने हो भने हुँदा खाने र हुने खानेबीच भिन्नभिन्नै प्रकारको शिक्षा नीति अवलम्बन गरेको देखिन्छ । अहिलेको उच्च स्तरीय शिक्षा आयोग २०७५ ले यस्ता प्रकारका विभेदकारी शिक्षा प्रणालीलाई हटाउँदै समतामूलक शिक्षा प्रणालीको कल्पना गरेको छ । तर यसको कार्यान्वयनको अवस्था हेर्न वाँकी छ ।

मानव जातिको उत्पत्तिको समयदेखिनै प्रत्यक्ष वा परोक्ष रूपमा शिक्षा क्षेत्रको विकासको लागि मानव जाति सक्रिय रहँदै आएको देखिन्छ । यसरी समयको गतिसँगै शिक्षाको विकासमा पनि उतार चढाव देखिन्छ । साथै, यसलाई विभिन्न अवस्थामा आ-आफ्नै तरिकाले व्याख्या गर्ने परिपाटी देखिएको छ ।

### ग. बादी समुदायको शैक्षिक अवस्था

बादी समुदायको शैक्षिक स्थितिलाई हेर्ने हो भने अरू दलित समुदायको तुलनामा धेरै कमजोर अवस्थामा रहेको छ । बादी समुदायको जम्मा संख्यामा ५ प्रतिशतले प्रवेशिका उतीर्ण गरेका छन् भने २ प्रतिशत बादीले मात्र प्रमाण पत्र पास गरेका देखिन्छ । त्यसैगरी ०.६६ प्रतिशत बादीहरूले स्नातक तह पास गरेको देखिन्छ र स्नातकोत्तर उर्तीण बादीको संख्या न्यून रहेको देखिन्छ ।

८०.३४ प्रतिशत बादी बालबालिका सरकारी विद्यालयमा जान्छन् भने सामुदायिक विद्यालयमा ४.७० र निजी विद्यालयमा १४.९६ प्रतिशत बादी बालबालिका जाने गरेको पाइन्छ ।[१८] त्यसमध्ये ३७ प्रतिशत बालबालिका विद्यालयले लिने शुल्क तिर्न नसकेर बीचैमा छोड्ने गरेको देखिएको छ ।

शिक्षा विकास को आधार हो । यसको सुधारबिना विकास सम्भव छैन । तर शिक्षा आर्जनमा यो समुदायलाई जातको आधारमा वञ्चितिकरण गरियो र यो समुदायका ब्यक्तिहरूले गुणस्तरीय शिक्षा हासिल गर्नबाट वञ्चित हुन गए । बिद्यालयमा विभेद गरेको कारण बाध्य भएर विद्यालय छोडनु पर्‍यो । अन्य दलितसँग तुलना गर्दा यो दलितभित्रको समुदाय शिक्षामा निकै पछि परेको देखिन्छ । राज्यले शिक्षामा दिएको सेवा सुविधामा पनि यस समुदायको पहुँच पुगेको देखिँदैन ।

१० जिल्लामा गरिएको यस सर्भेक्षणले देखाएअनुसार बादी समुदायको शैक्षिक अवस्था निराशाजनक रहेको पाइयो । बादीहरू शिक्षा क्षेत्रमा उपेक्षित र वञ्चित रहेको देखियो । बादी समुदायमा निरक्षरताको अवस्था त देखियो नै विद्यालय छोड्ने दर पनि निकै भएको पाइयो । यसैकारण उच्च माध्यामिक शिक्षामा भर्ना हुनेको संख्यामा न्यून रहेको अध्ययनको क्रममा पाइयो ।

अझ बादी समुदायमा स्नातक र स्नातकोतर तह पास गर्ने व्यक्तिहरू औंलामा गन्न सकिने अवस्था रहेको छ । त्यसैगरी प्राविधिक तथा व्यवसायिक शिक्षामा उनीहरूको पहुँचको स्थिति अरू नाजुक रहेको देखिन्छ । यसैले गर्दा बादी समुदायमा बेरोजगारी र गरिबी वृद्धि भएको छ । बादी समुदायको शिक्षाको वर्तमान अवस्थालाई तलको चित्रले पनि प्रष्ट देखाएको छ ।

---

१८. गोपाल नेपाली र हिरा विश्वकर्माद्वारा २०७३ माघ ९ गते नेपाल सरकार स्थानीय विकास मन्त्रालय र बादी समुदाय उत्थान विकास समितिको आयोजनामा प्रस्तुत गरिएको 'बादी समुदायको उत्थानका, चुनौति र अवसरहरू' विषयक कार्यपत्र अनुसार ।

**चित्र १ : शैक्षिक अवस्था**




यसैकारण यो समुदायभित्र रहेको गरिबी, अशिक्षाको दुश्चक्र लाई समुदायमा शिक्षाको पहुँच बढाउन अति आवश्यक देखिन्छ । बादी समुदायलाई समाजले विभेद, घृणा र विभिन्न लान्छना लगाउने प्रवृत्तिले गर्दा यस समुदायले पहिलेदेखि नै पढन पाएनन् । त्यसैले बादी बालबालिकाहरूको शैक्षिक अवस्था सुधार गर्न उनीहरूलाई शिक्षा क्षेत्रमा पनि प्राथमिकीकरण गर्ने सवालमा विलम्ब गरिनु हुँदैन ।

बादी समुदायका विद्यार्थीहरूको उपस्थिति आधारभूत तथा माध्यमिक तहसम्म वाक्लै देखिन्छ । यस अध्ययनमा प्राप्त भएको तथ्याङ्क अनुसार झण्डै ४१ प्रतिशत विद्यार्थीहरू आधारभूत तहमा भर्ना हुन्छन् तर तह बढ्ने क्रममा उनीहरूको संख्या घटदै जान्छ । अझ उच्चतहमा त उनीहरूको उपस्थिति शून्य नै हुन्छन् । त्यस्तै विद्यालयको वातावरण, शिक्षकहरूको व्यवहारका कारण पनि बादी समुदायका बालबालिकाहरू विद्यालय छोड्ने गरेको अध्ययनका क्रममा देखिएको थियो ।

## ४.२ भूस्वामित्व र बादी समुदाय

### क. भूमि वितरणमा बहिष्करणको शृङ्खला

नेपालमा भूमिमाथिको स्वामित्व समाजमा आर्थिक, सामाजिक, राजनैतिक हैसियत निर्धारण गर्ने स्रोतको रूपमा हेरिने गरिएको छ । यसैका आधारमा समाजमा उच्च र कमजोरको स्थिति निर्धारण हुने गरेको छ । भूमिसम्बन्धी अधिकार र भूमिमाथिको पहुँच विश्वव्यापीरूपमा नै चलिरहेको छ जो नेपाल पनि यसबाट अछूतो रहेको छैन । नेपालमा पनि भूमि अधिकारसम्बन्धी विभिन्न प्रकारका आन्दोलनहरू भएका छन् । सरकारले पनि वैज्ञानिक भूमि सुधारका लागि विभिन्न आयोगहरू बनायो तर पनि अहिलेसम्म वैज्ञानिकरूपमा समस्याको समधान हुन सकेको छैन । दलित लगायत समुदायहरू भूमिहीन जनता सधै पीडामा रहनु परेको अवस्था छ ।

नेपालमा भूमिहीनता गहिरो र ज्यादै नै फैलिएको समस्या हो । यस्तो परिपाटी शासकहरूद्वारा षड्यन्त्रपूर्वक चलाइएको हो । यसले महिला, सीमान्तकृत अल्पसङ्ख्यक तथा दलितहरूलाई भूमिको स्वामित्वमा समावेश गर्दैन र गरेन पनि । भूस्वामित्वको परिचय शक्ति, सम्पत्ति र राजनैतिक पहुँचको मुख्य स्रोत बन्यो । नेपालको अन्यायपूर्ण भूमि वितरणको लामो शृङ्खला रहेको छ । लिच्छवि कालदेखि नै कुनै न कुनै तरिकाले भूमि वितरण गर्ने प्रक्रियाको सुरूवात भएको देखिन्छ । धार्मिक संघ/संस्थाका नाममा होस् या राज्य सञ्चालन गर्ने शासकहरूका भाई, भतिजाका नाममा भूमि वितरण गरिएको देखिन्छ । त्यस्तै अन्न उब्जनी गर्ने किसान तथा मजदुरहरू भने भूमि अधिकारबाट पूर्णरूपमा वञ्चित गरिएका थिए । निरङ्कुश र सामन्ती शासन व्यवस्थाले जमिनको स्वामित्व र वितरण आफ्नो इच्छा बमोजिम गर्थ्यो । मनुवादी नीतिअनुसार राजा, राजपरिवार, राजाका पुरेत, सल्लाहकार, सेनाका अधिकृत, कर्मचारी राष्ट्रसेवकहरूका नाममा बिर्ता, जागिर, निगाह इत्यादिका नाममा जमिन बलपूर्वक बाँडिएको थियो (स्वर्णकार, २०६५) । यसरी राज्यको उपल्लोतहमा बसेका शासक वर्गले सीमान्तकृत वर्गलाई जमिनमा शोषण गर्दै गए । जसले गर्दा दलित लगायतका सीमान्तकृत जाति र समुदाय भूमिहीनताको अवस्थामा बाँच्नु परेको छ ।

**ख. बादी समुदायको भूमिमा पहुँच**

बादी समुदाय घुमन्ते-फिरन्ते जीवनयापन गर्दै आएको समुदाय हो । तत्कालीन राजा, रजौटा, जिम्मेवाल, मुखियाहरूले आफू जहाँ गयो, तेही लैजाने, जहाँ काम पाइन्छ, त्यहीँ हिँड्ने अनि माछा मार्नको लागि नदी खोलामा बस्ने गरेको बादीहरूको इतिहास रहेको छ । बादी समुदायमा जमिनको महत्त्व नहुनु र नागरिकता प्राप्तिमा अप्ठयारो परेकोले बादी समुदायले जग्गा खरिद गरी राख्ने र खेती पाती गर्ने प्रचलनको सुरूवात नै भएन । परिणामस्वारूप बादी समुदाय भू-स्वामित्वबाट वञ्चित हुनु पर्‍यो ।

भूमि र बादीको सम्बन्ध कहिल्यै नजुट्ने र कहिल्यै नछुट्ने देखिन्छ । बादी समुदायको लामो सङ्घर्ष भूमि प्राप्तिका लागि नै भएको थियो । बादीहरूले राजा, महाराजा तथा राजनैतिक दलहरूसँगको पहिलो माग भनेको नै बस्नको लागि एक टुक्रा जमिन थियो । व्यवस्थित बसोबास आयोगको आदेश, २०७३ ले आफ्नो वा आफ्ना परिवार वा अंशीयारको नाममा जग्गा धनी वा मोहीको हैसियतले नेपाल राज्यभर कुनै पनि ठाउँमा घरजग्गा नभएका वा प्राकृतिक प्रकोपबाट घरजग्गा विहीन हुनपुगेका र कृषि पेशामा श्रम गरी जीविकोपार्जन गर्ने नेपाली नागरिक वा निजप्रति आश्रित परविारलाई भूमिहीन मानेको छ । आयोगको यो परिभाषालाई आधार मानि हेर्ने हो भने नेपालका अधिकांश बादीहरू भूमिहीन रहेका छन् ।

यसरी परम्परादेखि नै जमिनको महत्त्वबारे नवुझेका बादीहरूको कुनै पुस्तामा पनि एक टुक्रा जमिन नरहेको देखिन्छ । जमिनदार र सामन्त वर्गको घरदैलोमा नै रमाउने र उनीहरूकै सेवा गर्ने बादीहरू भूमि अधिकारमा आफू ठगिएको उनीहरूलाई थाहा नै भएन ।

यस सर्वेक्षणको क्रममा प्राप्त भएको तथ्याङ्क अनुसार ४३ प्रतिशत बादीको आफ्नो कुनै किसिमको जग्गा छैन । त्यस्तै ५७ प्रतिशत बादी समुदाय ऐलानी, सरकारी तथा निजी स्वामित्वको जमिनमा बसोबास गरेको पाइएको छ । त्यसमध्ये ४२ प्रतिशतमात्र बादी समुदायको आफ्नो स्वामित्वमा दर्ता श्रेस्ता भएको जमिन छ । त्यस्तै ५८ प्रतिशत बादी समुदय अहिले पनि सरकारी, ऐलानी तथा सार्वजनिक जमिनमा बसोबास गर्दै आएको छ ।

**चित्र २ : तपाईसँग आफ्नै जमिन छ ?**




त्यसैगरी बादी समुदायका अधिकांश मानिसहरू आफ्नो जमिन नभएको कारण उनीहरू अरूको घर, गोठ र ओडारहरूमा बस्दै आएको देखिन्छ । बादी समुदायको मुख्य सङ्घर्ष पनि भूमि प्राप्ति कै थियो । दलितलाई एकपटकको लागि राज्यले जमिन उपलब्ध गराउने भन्ने संविधानको प्रावधान लागु भएको खण्डमा बादीहरूकेही हदसम्म लाभान्वित हुने देखिन्छ ।

**चित्र ३ : यदि छ भने कति जमिन दर्ता छ ? (संख्यामा)**



यसैगरी अध्ययनको क्रममा पाइएको तथ्याङ्क ले करिब ५७ प्रतिशत बादीहरूसँग जमिन रहेको देखिए पनि उनीहरूको जमिन कति र कस्तो प्रकारको रहेको छ भन्ने कुरा महत्त्व राख्दछ । तथ्याङ्क ले देखाएअनुसार अधिकांश बादीहरूको घर खोला किनार र बलौटे माटो रहेका स्थानमा रहेको छ ।

नेपालका दशवटा जिल्लामा गरिएको यस अध्ययनमा ५१ प्रतिशत बादीसँग केही धुरमात्र दर्ता भएको जमिन रहेको छ । त्यस्तै ३४ प्रतिशत बादीसँग कट्ठामा जमिन रहेको छ । रोपनीमा जामिन हुने बादीको संख्या जम्मा १३ प्रतिशत रहेको छ । विगाहमा जमिन हुने बादीको संख्या केवल २ प्रतिशत मात्र रहेको देखिन्छ ।

चित्र ४ : यदि छ भने कति जमिन दर्ता छ ?




## ४.३ बादी समुदायको आर्थिक अवस्था र विपन्नता

### क. चरम गरिबीको मारमा बादी

नेपालमा बादी समुदाय अत्यन्तै गरिब र दयनीय अवस्थामा रहेको विभिन्न अध्ययनले देखाएको छ । बादी समुदायका व्यक्तिहरू दैनिक जीवन यापनका

लागि अहिलेको समयसम्म पनि घुमन्ते, मगन्ते र बाध्यात्मक देह व्यापार जस्तो अमानवीय, पेशामा संलग्न हुँदै आएका छन् । समाजमा हाल पनि छुवाछूत, जातीय भेदभाव र अपमानजनक जीवन बिताउन बाध्य भएका छन् । त्यस्तै सामाजिक सुरक्षाको अनुभूति गर्न पाएका छैनन् । माछा मार्ने पेशामा आश्रित बादी समुदाय प्रशस्त मात्रामा नदीमा विष हाल्ने प्रवृत्ति र ठूला बडाहरूले ठेक्का लिने गर्दा र आरक्षण आदीले गर्दा माछा मार्ने पेशामा पनि कमि आएको छ । एकातिर यस समुदायको परम्परागत पेशा (व्यवसाय) लोप हुँदै गइरहेको छ भने अर्कोतिर राज्य पक्षले यस समुदायको वैकल्पिक पेशाका बारेमा कुनै प्रकारको सोच बनाउन सकेको छैन । यौन शोषणको मार, कानुनी संरक्षणको अभाव, सामाजिक दुर्व्यवहार तथा शिक्षा आर्जन, रोजगारी जस्ता आधारभूत कुराबाट वञ्चित भएको कारणले यो समुदायको आर्थिक अवस्था निकै कहाली लाग्दो रहेको छ ।

यसरी बादीहरूको जमिन नभएको कारण उनीहरूको प्रमुख आयस्रोतको माध्यम भनेको ज्याला मजदुरी नै हो । झण्डै ५३.९५ प्रतिशत बादीहरू कामको खोजीमा देशभित्र भौतारी रहेको देखिन्छ भने ८ प्रतिशत बादीहरू भारतमा कामको खोजीमा गएको पाइन्छ । त्यसमध्ये पनि ८ प्रतिशत ५ वर्षदेखि १७ बर्षका बालक रहेका छन् । वर्षभरी खाना पुग्ने बादीको संख्या जम्मा २५ प्रतिशतमात्र रहेको छ । बाँकी ७५ प्रतिशत बादीहरू भोकको चपेटामा परेको देखिन्छ (किसान, नेपाली सन् २०१४) ।

बादी समुदाय नेपालको पछाडि परेको समुदाय हो । यो समुदाय आर्थिक–सामाजिक रूपमा निकै उत्पीडनमा छ । विगतको यौन पेशाबाट मुक्तरहेका बादी महिलाहरूको रोजीरोटीको लागि दैनिकरूपमा गिट्टी र बालुवामा दिन बित्ने गरेको देखिन्छ । तर पनि समाजमा लागेको समाजिक कलङ्कले उनीहरूलाई सम्मानजनक काम गर्न दिएको छैन । वर्तमान अवस्थामा पनि बादी समुदायको आर्थिक अवस्थामा कुनै परिवर्तन आएको देखिँदैन । आफ्ना परम्परागत पेशाबाट जीवन धान्न नसकेकै कारण बादी समुदायले दैनिक ज्याला मजदुरी तथा भारतमा जाने गरेको देखिन्छ । बादी महिला तथा बादी समुदायमाा जीविकोपार्जनको गतिलो विकल्प छैन । यिनीहरू सामाजिक

रूपमा बहिष्कृत र वञ्चितीकरणमा परेको देखिन्छ । वास्तवमा उत्पादनका साधानमाथि पहुँच नभएको परिणाम अहिले पनि बादी समुदायले भोगिरहेका छन् । उनीहरूको आफ्नै पेशाहरू क्रमशः लोप हुँदै गएको छ । जसले गर्दा, उनीहरूको बाँच्ने आधार नै नरहेको देखिन्छ ।

समग्रमा भन्दा बादी समुदायका व्यक्तिहरूको वास्तविक जनसंख्या राज्यसँग नहुनु, बादी समुदायको विकासका लागि कुनै ठोस कार्यक्रम नआउनु, यस समुदायका व्यक्तिहरूको भूमिमा स्वामित्व नहुनु, बादी समुदायका महिलाहरूको सामाजिक सुरक्षा नहुनु तथा राज्यका हरेक सुविधामा पहुँचबाट वञ्चित भएको कारणले समुदायमा रहेको अन्तरनिहित क्षमता तथा प्रतिभा देखाउने ठाउँ पाउन सकेका छैनन् ।

**ख. बादी समुदायको आर्थिक अवस्था**

यस समुदायका अधिकांश मानिसहरू ज्याला मजदुरी गर्ने भएकोले आर्थिक अवस्थामा सुधार नभई दिन प्रतिदिन गरिबीको रेखामुनि रहेका छन् । यस समुदायमा परिवारको मुख्य आम्दानी गर्ने व्यक्ति परिवारको मूली अर्थात् बाबु रहेको पाइन्छ । यसै गरी ५८ प्रतिशत परिवार ऐलानी जमिन बस्ने यस्ता परिवारहरू नदी खोलाको किनार, जंगलको छेउ, भिर पाखा आदी जमिनमा बस्दछन् ।

यस समुदायको हाल सम्म पनि ४२ प्रतिशत बादी परिवारमा दर्ता श्रेस्ता वा ऐलानी कुनै पनि जमिन छैन । २० प्रतिशत परिवारको आफ्नो घर छैन । त्यस्ता परिवारहरू भाडामा, खोलाको किनारमा, ओडारमा, अरूको गाई गोठमा र जंगलमा बस्ने गरेको पाइन्छ । यसैगरी जग्गा हुने परिवारमा पनि एकदमै कम मात्रामा जग्गा भएको पाइन्छ । यस सर्वेक्षणले देखाए अनुसार कुल ३०० जना परिवारमध्ये तराईमा १.७ प्रतिशत परिवारको १ बिघा जमिन भन्दा बढी कठ्ठामा जग्गा हुने परिवार ३३.७ प्रतिशत छन् भने धुरमा जग्गा हुने परिवार ५१.२ प्रतिशत र पहाडमा रोपनीमा जमिन हुने परिवार १३.४ प्रतिशत भएको देखिन्छ ।

दशवटा जिल्लामा गरिएको यस सर्भेक्षणले ५० हजार देखि १ लाखसम्म वार्षिक आम्दानी गर्ने बादीहरू सबैभन्दा बढी देखिएको छ । त्यसैगरी १ लाख भन्दा माथि आम्दानी गर्नेको संख्या दोस्रो स्थानमा रहेको छ । दुई लाख पचास हजार भन्दा माथि वा तीनलाख सम्मको आम्दानी गर्ने बादीको संख्या न्यून रहेको अध्ययनले देखाएको छ ।

**चित्र ५: वार्षिक आम्दानी**




यसरी आम्दानी गर्नेहरूमा सरकारी तथा गैर सरकारी नोकरी गर्नेहरू ५ प्रतिशत व्यवसाय गर्नेहरू ७ प्रतिशत, ज्याला मजदुर गर्ने ७४ प्रतिशत, वैदेशिक रोजगार गर्नेहरू ७ प्रतिशत, कृषि गर्ने ६ प्रतिशत र अन्य आम्दानी गर्ने १ प्रतिशत पाइएको छ । यसैगरी परिवारको मुख्य आम्दानी गर्ने ब्यक्ति परिवारको मूली अर्थात बाबु भएको पाइन्छ । ५८ प्रतिशत परिवार ऐलानी जमिन बस्ने यस्ता परिवारहरू नदी खोलाको किनार, जंगलको छेउ, भिरपाखा आदी जमिनमा बस्ने गर्छन् । यस समुदायको हालसम्म पनि ४२ प्रतिशत बादी परिवारमा दर्ता श्रेस्ता वा ऐलानी कुनै पनि जमिन छैन । २० प्रतिशत परिवारको आफ्नो घर छैन । त्यस्ता परिवारहरू भाडामा, खोलाको किनारमा, ओडारमा, अरूको गाई गोठमा र जंगलमा बस्ने गरेको पाइन्छ ।

यसैगरी अध्ययन सर्वेक्षण अनुसार बादी समुदायमा खेतीबाट १ देखि ३ महिनासम्म खान पुग्ने २५ प्रतिशत, ४ देखि ६ महिनासम्म खान पुग्ने ७

प्रतिशत र ७ देखि १२ महिना सम्म खान पुग्ने १ प्रतिशत मात्र रहेको पाइएको छ । बादी समुदायका अधिकांश ब्यक्तिहरू जीविकोपार्जनका लागि नेपालका सहर बजार, भारत र समुदायका केही व्यक्तिहरू वैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ ।

**चित्र ६ : आय आर्जनका मुख्य स्रोतहरू**




माथिको तालिकाले आयआर्जनका मुख्य स्रोतहरूलाई देखाएको छ । त्यसमा बादी समुदायको मुख्य आयस्रोतको माध्यम भनेको श्रमिकको रूपमा काम गर्नु रहेको छ । अध्ययनको क्रममा जम्मा ३०० जना उत्तरदाताहरूमध्ये २१७ जनाले आफूले दैनिक ज्याला मजदुरी गरेर जीवन निर्वाह गरेको बताएका थिए । त्यस्तै व्यापार तथा किराना पसल गर्ने २६ जना, कृर्षि मजदुरको रूपमा १५ जना र १९ जना उत्तरदाताले रोजगार आफ्नो मुख्य आयआर्जनको स्रोत भएको बताएका थिए ।

बादी समुदायमा वैदेशिक रोजगारीमा जानेको संख्या न्युन रहेको देखिन्छ । सर्वेक्षणमा कुल उत्तरदाताहरूमध्ये जम्मा २३ जनाले वैदेशिक रोजगारी जाने गरेको बताएका थिए । बादीहरूको वैदेशिक रोजगारी भनेको धेरैजसो भारतमा गएर श्रमिकको रूपमा काम गर्नु नै हो भन्ने कुरा छलफलको क्रममा आएको तथ्य हो । उनीहरूको वार्षिक आम्दानीको अवस्था पनि दयनीय देखिएको छ ।

## ४.४ परम्परागत पेशा, व्यवसाय तथा रोजगारी

### क. परम्परागत पेशा र श्रम विभाजन

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताले युक्त देश हो । त्यस्तै १२५ जात-जाति, १२३ मातृभाषाहरू तथा सांस्कृतिक विविधताले भरिएको संगम स्थल हो । नेपालको सांस्कृतिक समृद्धिको विरासत कयौं शताब्दीको अन्तरालमा विकसित भएको हो । हिन्दू वर्णश्रम जात व्यवस्था १९१० को मुलुकी ऐनबाट प्रत्येक जातको आ-आफनै पेशा विभाजन गरी दिएको देखिन्छ । जसअनुसार ब्राह्मणले शिक्षा दिने लिने र दान दिने लिने, क्षत्रीहरूले शासन तथा रक्षासम्बन्धी पेशा अपनाउने, वैश्यले खेतीपाती, उद्योग व्यापार र शूद्रहरूले माथिका तीन समुदायलाई आवश्यक सेवाका कामहरू गर्ने गरी विभाजन गरिएको थियो (होफर, २००५) ।

वास्तवमा पेशा भनेको कुनै पनि जाति, समुदाय तथा व्यक्तिले आफ्नो जीवनयापन गर्नको लागि अपनाउने तरिका हो । जीवन सञ्चालन गर्नको लागि अपनाइने विविध प्रकारका कार्यहरूनै पेशा हो । त्यसले जीवन सहज र सरल बनाउने कार्य गर्दछ । पेशासँग त्यस स्थानको मौलिक संस्कृति जोडिएको हुन्छ । संस्कृति संस्कारबाट विकसित जीवन पद्धतिको नाम हो (डा.राजकुमार छेत्री) ।[१९] जीवनका आस्था, विश्वास, चिन्तन, धारण, दर्शन, धर्म, परम्परा आदि क्रियाकलापमा मानिसको संस्कार जीवित रहेको हुन्छ । हामीले कस्तो समाजिक संस्कारको विकास गऱ्यौं, प्रधान विषय यो बन्न सक्छ ।

हिन्दू वर्णाश्रमअनुसार जातका आधारमा पेशाको वर्गीकरण गरिएपछि दलित समुदायलाई सबै भन्दा तल्लो र तुच्छ काम दिइएको विभिन्न धार्मिक ग्रन्थहरूले देखाएका छन् । राज्यको मूलप्रवाहबाट सताब्दीऔंदेखि थिचिएका, मिचिएका र दलिएका तत्कालीन शूद्रहरू नै आजका दलित हुन् । जातका आधारमा भेदभाव, उचनिच, ठूलो सानो र अपमानित एवम् समाजमा अछूत मानिएका

१९. http://sahityasangraha.com/2016/02/18/

र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रूपमा बहिष्करणमा पारिएका समुदाय नै दलित समुदाय हुन् ।

विगतदेखि दलित समुदायलाई आम्दानीका हिसावले श्रमिक, अनौपचारिक र असङ्गठित क्षेत्रमा मनलाग्दो ज्यालामा काम गर्ने गरी व्यवस्था गरिएको थियो । उनीहरूको वैज्ञानिक सीप र पेशालाई पनि बालीघरेको रूपमा हेरिने व्यवस्था गरियो । आफ्नो इज्जतको सीपलाई पनि दतिलहरूले खासगरी खलो र अनाज प्राप्तिमा मात्र सीमित गरेका थिए र यसमा श्रमिकहरूले आफ्नो श्रमको मूल्य निर्धारण गर्न सक्दैनथे । उनीहरू पनि भाग्यवादमा विश्वास गरी पुर्खादेखि गरिआएको परम्परालाई निरन्तरता दिई काम गर्न बाध्य भएका थिए । उनीहरूले गर्ने पेशालाई दैवले दिएको पेशाको रूपमा लिएर अन्धविश्वासमा नै रहेका थिए ।

अधिकांश दलित समुदायका जातहरू सीप र उनीहरूको पेशाका आधारमा निर्धारण गरेको पाइन्छ । उनीहरूको फरक–फरक पेशाको आधारमा भिन्न संस्कार र संस्कृति निर्माण गरेका छन् । जस्तो कि, सुनको काम गर्ने सुनार, गाउने गाइने, वाद्यवादनको काम गर्ने बादी आदि । दलितहरूले मूलतः धातुसम्बन्धी घरेलु हतियार, बन्दुक, खुकुरी, हँसिया र कृर्षि उपकरण, छालाका सामग्री तथा मनोरञ्जनका सामग्री बनाउने तथा घरायसी प्रयोजनमा काम लाग्ने सामनाहरू डोको, ढकिया, गुन्द्री आदि समान निर्माण गर्ने र यसैबाट जीविकोपार्जन गर्ने गरेको पाइन्छ । यस्तै पेशाकै आधारमा जातको रूपमा नामाकरण भएको जात बादी हो । आफूलाई भगवान इन्द्रको सेवाको लागि गीत गाउने र इन्द्रलाई खुशी पार्ने भन्ने उसको पुख्यौली पेशा हो ।

प्राचीनकालदेखि नै बादी समुदायले गाउने पेशालाई जीवनको मुख्य पेशाको रूपमा अंगालेको पाइन्छ । शासक, महाराजा तथा वडाहाकिमहरूको सुन्दरता, वीरता, सफलता तथा लडाइँमा सिपाहीहरूलाई उर्जा थप्ने जस्ता विषयहरूलाई समेटेर गीत सुनाउने तथा उनीहरूको मनोरञ्जन प्रदान गर्ने काम यो समुदायले गरेको थियो । यति गरिसके पश्चात् प्राप्त केही दान, बक्सिस

तथा पुरस्कारबाट नै आफ्नो जीवन धानेको इतिहास छ । यस्तो ऐतिहासिक विरासत बोकको समुदायलाई राज्यले नै संरक्षण गर्नुपर्दछ ।

तर राज्यद्वारा किनारमा पारिए पनि बादी समुदायले आफ्नो पुर्खौली पेशालाई निरन्तर दिँदै आएको थियो । तर तीव्र आधुनिकीरण र विकासले उनीहरूको पेशामा संकट आएको जिकिर बादी समुदायका अगुवाहरूको रहेको छ । त्यस्तै समाजले पनि उनीहरूको पेशालाई अत्यन्तै नीच स्तरको पेशाको रूपमा व्यवहार गर्न थालेपछि निरन्तरता दिनसक्ने अवस्था रहेको छैन । यसरी उनीहरूको जीवनयापनमा नै सङ्कट पर्न थालेपछि उनीहरूले आफ्नो पेशालाई विस्तारै छोड्दै जान थालेको देखिन्छ ।

नेपाली समाजको उत्पादन मूलतः जामिनसँग (कृषि) सम्बन्धित छ । हरेक मानिसको सामाजिक अस्तित्व वा शक्ति उसले आर्जन गरेको जमिनसँग छ वा जमिनमाथि उसको स्वामित्व कस्तो छ भन्ने कुराले निर्धाण गर्दछ । यसैकारण बादी समुदायले आफ्नो जीविकोपार्जको मुख्य पेशालाई अंगालेको ऐतिहासिक तथ्यबाट थाहा हुन्छ । भूमिबाट पूर्णरूपमा बेदखल पारिएका बादीहरूसँग सांस्कृति विरासत छ । यसमा हामी सबै नेपालीहरूको लागि गर्वको कुरा हो । त्यसैले उनीहरूको विकासको लागि राज्यले पहल गर्नुपर्दछ ।

### ख. बादी समुदायका परम्परागत पेशाहरू

बादी समुदायले सामान्यतया जीविकोपार्जनका लागि माछा मार्ने, माटाका सामग्री निमार्ण गर्ने, वाद्यवादनका सामग्री निर्माण गर्नुका साथै बजाउने, नाचगान गर्ने, थारू महिलाहरूकालागि टडिया बनाउने, खलो माग्ने र गाउँ माग्ने जस्ता कार्य गरेको पाइन्छ । बादी समुदायका पेशाहरूबारे यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

#### १. माछा मार्ने

माछा विभिन्न तरिकाले मार्ने गरिन्छ । जस्तैः द्वाली बुजेर, भुर्की थापेर, भाला हानेर, ढरिया थापेर, घोंघिया दासेर, तापी लगाएर, विषादी प्रयोग गरेर, करेन्ट लगाएर, पासा दासेर, जाल हानेर, चौंधी बगाएर, बल्छी खेलेर माछा मार्ने काम

गरिन्छ । बादीको जीविकोपार्जनसँग जोडिएको माछा मार्ने पेशा दुई तरिकाले गरेको पाइन्छ ।

**जाल हानेर**



सुतीको धागाको ३ देखि ६ हात सम्मको लम्बाई भएको भुरेली, अत्तरजाली र शौकाका जाल बुन्ने गरिन्छ । ती जालहरूमा फलामका गेडी लगाएको हुन्छ । यसरी बनाइएका जालहरूद्वारा खोला, ताल, नदी आदीमा जाल हानी माछामार्ने काम गरिन्छ । मारिएका माछाहरू ठुला बडाका घरमा वा खलोमा दिएर अन्न, रकम र खलो मागी जीविकोपार्जन गर्ने गर्दथे । एक जना बादी समुदायका व्यक्तिले दैनिक रूपमा एक किलो देखि ४ किलोसम्म माछामार्ने गर्छन् । यस समुदायका मान्छेहरूले बुनेका जालहरू उच्चस्तरका हुने गर्दछन् । हाल आएर नाइलन र प्लास्टिकका जालसमेत निर्माण गर्ने गरिन्छ ।

**बल्छी खेलेर**

बादी समुदायका व्यक्तिहरूले तीन किसिमका बल्छीहरूको प्रयोग गर्ने गरेको पाइन्छ । जस्तैः सिटे बल्छी, ठूलो बल्छी, डोरे बल्छी । यी तीनवटा बल्छीमध्ये सबैभन्दा बढी प्रयोग हुने ठूलो बल्छी हो । ठूलो बल्छीले ठूला माछाहरू मार्ने



काम गर्दछ । यस बल्छीको ट्याङ्गो ठूलो हुने गर्दछ । त्यो रिंगकै बीचबाट बल्छीको धागो हाली टाढासम्म फाल्नलाई प्रयोग गरिन्छ । साथै (फिर्के) पाट्केमा ३ सय हात देखि ५ सय हातसम्म लामो डोरी रहेको हुन्छ । माछालाई थकाउनलाई यो डोरीको प्रयोग गरिन्छ । ठूलो बल्छीमा चाराको रूपमा साना माछा, गड्यौंला, सेतो किरा आदिको प्रयोग गरी माछा मार्ने काम गरिन्छ । यसरी साना वा ठूला माछा बल्छीले मारेर बिक्री गर्ने वा ठुलावडाको घरमा दिएर अन्न ल्याउने चलन रहेको थियो ।

## २. वाद्यवादनका सामग्री निर्माण

बादी समुदायका व्यक्तिहरूले मादल, ढोलक, सारङ्गी, डमरू, बाउँ, तबला जस्ता बाद्यबादनका सामग्री बनाउने काम गर्दै आइरहेका छन् । यी परम्परागत पेशा ठाउँअनुसार फरक-फरक तरिकाले निर्माण गर्ने गरेको पाइन्छ । जस्तैः पहाडमा सोरठी, टप्पा, झ्याउरे भाकाका लागि मादलहरू निर्माण गरिन्छ । त्यस्तै तराईमा चौधरी समुदायका लागि सखिया नाच, झुम्री, मुंग्रह्वा नाचका लागि प्रयोग गर्दा छुट्टाछुट्टै तरिकाले मादलहरूको निर्माण गरिन्छ । पहाडतिर उत्तीस, खमारी आदि काठका मादलहरू प्रयोगमा ल्याइन्छ ।

यसैगरी तराईमा थारू समुदायका लागि खमारी, विजय साल, सिसम काठका मादल निर्माण गरिन्छ । यी मादलमा प्रयोग गरिने सामग्रीहरू गोरूको छाला, बाख्राको छाला, किट (फलामबाट बनेको ढुङ्गा) आदि रहेका छन् । ढोलक चाही विशेषगरी तराईका लागि निर्माण गरिन्छ । यसको प्रयोग भजन किर्तन

र नाटक नौटङ्कीका लागि गरिन्छ । त्यसैगरी सारङ्गीको प्रयोग बादी समुदायले गर्ने नाचगानमा गरिन्छ । तबला चाही काठबाट बनाइन्छ भने बाउँ चाही माटाको वा तामाको हुने गर्दछ र यसको प्रयोग बादी समुदायकै नाचगानमा हुने गरेको पाइन्छ । यी सबै वाद्ययन्त्र बादी समुदायले आफै निर्माण गर्ने गर्दछन् । यस समुदायले नाचगान सिक्नेबेला र नाचगान गर्ने बेलामा प्रयोग गरिने वाद्यवादनका सामग्रीमध्ये अति महत्त्वपूर्ण मानिने यन्त्र सारङ्गी र हारमुनियम पनि हो । सारङ्गीको आवाजमा गीतका धुनहरू सिकाइने गरेको पाइन्छ ।

### ३. खलो माग्ने

बादी समुदायका व्यक्तिहरू घरबाट अलग हुँदा उनीहरूलाई अंशका रूपमा घरमुलीले कमाएर खाँदैआएको गाउँ वा निश्चित क्षेत्र कमाई खानका लागि अंश दिइने परम्पर रहेको छ । पहाडी भेगमा बादी समुदायले वर्षौंदेखि आफ्नो विष्टहरूको मादल, सुल्पा, चिलम र माटाका भाँडा बनाएर र माछा दिएबाफत आफ्नो गच्छेअनुसार प्रत्येक घरबाट दिइने अन्न बालीलाई खलो माग्ने भनिन्छ । तराईमा यस्तै किसिमको कामबाट पाउने ज्यालालाई तिहाइ भन्ने गरिन्छ । तर तिहाइमा दुवै पक्षको सहमतिअनुसार ज्याला निश्चित तोकेको हुन्छ । गाउँ माग्ने विष्टको कुनै काम नगरेर पनि गाउँ मागीखाने चलन रहेको छ ।

### ४. टरिया निर्माण तथा फलामको काम



टरिया चाँदी र गिलेटको बनाइने गरिन्छ । यो पहिरन थारू समुदायका महिलाहरूले प्रयोगमा ल्याउने गरेको देखिन्छ । बादी समुदायका व्यक्तिहरूले माटाको साँचो बनाई गिलेट वा चाँदीलाई पगालेर साँचोमा ढाल्ने गरिन्छ । साँचो तयार भइसकेपछि यसमा बुट्टा हाल्ने काम गरिन्छ । यो काम रूकुम, सल्यान र जाजरकोटका केही बादीहरूले बनाएर

तराईका थारू समुदायमा बेचेर जिविकोपार्जन गरेको पाइन्छ । त्यस्तै केही जाजरकोट र अन्य छिमेकी जिल्लाका बादी समुदायले फलामका सामग्रीहरू पनि निर्माण गर्ने गरेको पाइन्छ । जस्तै : आँसी, बन्चरो, खुकुरी आदी ।

### ५. नाँच गान गर्ने

बादी समुदायका नर्तकी र वाद्यवादकहरू विष्ट, महाजनहरू तथा राजा, महाराजको घरमा वा विभिन्न शुभ समारोहमा गई नाँचगान गरी मनोरञ्जन प्रदान गर्ने परम्परा रहेको थियो । बादी समुदायका महिलाहरूले आठ नौ वर्षको उमेरदेखि नृत्य सिक्न घरदेखी लिएर भारतको गोंडा र गोरखपुरका ठुलठुला गुरू (नृत्य र गायक) हरूसँग नाचगान सिक्न जाने गर्दथे । यसरी वर्षौको अभ्यासपछि मात्र उनीहरू बिडा लगनमा नाच्न लायकका हुन्थे । उनीहरूले अर्काको इच्छाअनुसार गजल, ठुम्री, कवाली र गीतहरू गाउनु पर्दथ्यो । गीत सुहाउदो नृत्य पनि प्रस्तुत गर्नु पर्दथ्यो । त्यसबापत उनीहरूलाई अन्न, बाली, रकम दिइने गरिन्थ्यो । जसबाट बादी समुदाका परिवारको जीविका चल्ने गरेको थियो ।

### ६. सुल्पा/चिलिम बनाउने

सुल्पा/चिलिम बनाउने पेशा बादी समुदायको एक मुख्य र पौराणिक पेशा हो । पहिले आजको जस्तो चुरोटको चलन नआएको अवस्थामा बादीहरूले बनाएको सुल्पा/चिलिममा सुर्ती (ककर) हालेर खाने चलन थियो । माटाको सुल्पा



बनाउने सीप बादीहरूसँग थियो । यसको बिक्री वा यसलाई आफूले कमाउने गाउँका घरघरमा बादीहरूले वितरण गर्दथे । त्यसबाट दिइनेको अन्नबाट बादी समुदायको घर खर्च चल्ने गर्दथ्यो ।

### ७. घोडा चढ्ने

बादी समुदायको अर्को परिचय भनेको घोडचढी पनि हो । बादीहरू राजा र दरवारमा बसोबास गर्ने भएको र तत्कालीन समयमा आजको जस्तो यातायातको सुविधान नभएको अवस्थमा राजाहरू घोडा हात्तीमा चढेर सवार गर्ने गर्दथे । राजाहरूको घोडालाई पाल्ने हुर्काउने र सदाउने (घोडालाई तालिम दिने) काम बादीहरूले गर्ने गर्दथे । राजाको सवारमा घोडालाई डोऱ्याउने काम पनि बादीहरूको थियो । त्यसैले पनि बादीका सन्ततिहरू घोडचढीको रूपमा परिचित भएको देखिन्छ । विगत केही दशक अघिसम्म पनि यदि घोडालाई तालिम सिकाउनु छ भने बादी समुदायका व्यक्तिहरूलाई बोलाउने गरेको पाइन्थ्यो । अहिले यातायातको सुविधाका कारण घोडामा चढेर सवार गर्ने चलनको अन्त्य हुँदैछ । तर केही दशक अघिसम्म विकट जिल्लाहरूमा सरकारी कर्मचारीहरूले पनि घोडाको प्रयोग गरेको देखिन्छ । त्यसलाई तालिम दिने काम बादीहरूले गर्ने गर्दथे र त्यसबाट पाएको पारिश्रमिकबाट पनि बादी परिवारको जीविका चलेको देखिन्छ ।

## ४.५ बादी समुदायको रोजगारीमा पहुँच

बादी समुदाय परम्परादेखि नै विभिन्न हिसाबले ठगिँदै आएको एउटा समुदाय हो । यो समुदायले न शिक्षा हासिल गर्न पायो न त यस समुदायले आफूलाई स्थायी रूपमा बसोबासको लागि जमिन नै जोड्न सक्यो । यो समुदायलाई तत्कालीन समाजका मानिसहरूले उनीहरूका कला, सीपलाई मनोरञ्जनका रूपमा मात्र प्रयोग गरेको पाइन्छ । उनीहरूका कला, सीपलाई संरक्षण सम्बर्द्धन गरेको पाइदैन । यस समुदायको आफ्नै घर जग्गा नभएका कारण एउटा घुमन्ते फिरन्ते वन जंगलमा बस्ने, नदी खोलाको किनारमा बस्ने, ओडारमा

वस्ने समुदाय भएका हुनाले यस समुदायका बालबालीकाहरूले पढ्न पाएनन् । त्यतिमात्र नभएर यस देशको व्यवस्थाले यस समुदायलाई पानी अचल बनाएर सबै अधिकारबाट हनन् गरेको तथ्यले प्रष्ट पारेको छ ।

बादी समुदायको बाक्लो बस्ती भएका १० जिल्लाको नमुना सर्भेक्षणले बादी समुदायको रोजगारीको अवस्था अत्यन्तै न्यून रहेको देखाएको छ । अध्ययनको तथ्याङ्क अनुसार यो समुदायमा कृषि क्षेत्रमा संलग्न २० प्रतिशत, मागेर जीवन निर्भाह गर्ने २० प्रतिशत, ब्यपार गरी जीवन चलाउने २२ प्रतिशत, गाडी चालक २२ प्रतिशत, माछा मारी जीवन चलाउने २६ प्रतिशत, वैदेशिक रोजगारीमा जाने २३ प्रतिशत, मादल बनाउने ५४ प्रतिशत, घरायसी काम काज गर्ने गृहणी २८ प्रतिशत, ज्याला मजदुरी गर्ने ८० प्रतिशत र यौन पेशा गर्ने ५ प्रतिशत रहेको छ ।

**चित्र ७ : उत्तरदाताको पेशा**




माथिको तथ्याङ्कले बादी समुदायको जीवनस्तर नाजुक रहेको देखाउँछ । त्यसैले उनीहरूको जीवन स्तरमा सुधार वा परिर्वनका निम्ति राज्य लगायत सरोकारवाला सबै गम्भीर हुन जरूरी देखिन्छ ।

## ४.६ बादी समुदायको स्वास्थ्य अवस्था

### क. नेपालको स्वास्थ्य नीति

जसरी एउटा मानिसलाई जीवित रहनको लागि गाँस, बास र कपासको आवश्यकता पर्दछ, त्यसैरी नै स्वस्थ हुन पनि त्यत्तिकै आवाश्यक छ । स्वस्थ हुन पाउनु व्यक्तिको मौलिक हक बनेको छ । त्यसैगरी एउटा लोककल्याणकारी राज्यले आफ्ना जनतालाई स्वस्थ राख्ने दायित्वको विषय पनि त्यत्तिकै महत्वपूर्ण छ ।

नेपाल सरकारले विगत लामो समयदेखि आफ्ना नागरिकलाई स्वस्थ राख्नको लागि स्वास्थ्य सेवाको समान पहुँच पुऱ्याउनको लागि विभिन्न योजना तथा नीतिहरूको विकास गरेको देखिन्छ । नेपालमा करिब ३०० वर्षअघि सिंहदरवार बैद्यखाना र वि.सं. १९४७ मा वीर अस्पताल स्थापना भई आयुर्वेद र आधुनिक चिकित्सा पद्धतिको संस्थागत विकास भएको थियो । स्वास्थ्य क्षेत्रको योजनाबद्ध विकासको सुरूवात २०१३ सालदेखि विकासको आवधिक योजना कार्यान्वयनसँगै भएको देखिन्छ । यी योजना र नीतिमा विभिन्न किसिमका सुविधाहरूको प्रदान गर्ने व्यवस्था गरिए पनि यी नीति तथा योजनहरूबाट सीमान्तकृत समुदायले कहिल्यै फाइदा लिन सक्ने वातावरण बनेको देखिँदैन ।

स्वास्थ्यसँग सम्बन्धित केही नीति र रणनीतिहरूमा, राष्ट्रिय स्वास्थ्य नीति–२०४८ (सन् १९९१), दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (सन् १९९७–२०१७), नवौं पञ्चवर्षीय योजना (सन् १९९७ देखि सन् २००२), नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम, कार्यान्वयन योजना सन् २००३ देखि सन् २००७, दशौं योजना (गरिबी निवारण रणनीति दस्तावेज) सन् (२००२ देखि सन् २००७) कार्यान्वयनमा आइसकेको अवस्था छ । त्यस्तै, नेपालमा स्वास्थ्य क्षेत्र रणनीतिः सुधारको कार्यसूची–२०६० (Health Sector Strategy: An Agenda for Reform 2004) लागु भइसकेको देखिन्छ (डब्ल्युएचओ, सन् २००७:७) ।

यसका साथै, नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२ साल देखि २०७७ साल) ले आगामी पाँच वर्षका लागि स्वास्थ्य सेवामा सर्वव्यापी स्वास्थय पहुँच (Universal

Health Coverage) तर्फ अगाडि बढ्न तपसिलका चार निर्देशक सिद्धान्त अङ्गीकार गरेको छः

- स्वास्थ्य सेवामा समतामूलक पहुँच
- गुणस्तरीय स्वास्थ्य सेवा
- स्वास्थ्य प्रणालीमा सुधार
- बहुपक्षीय सहकार्य

यसरी क्रमैसँग विकास भएका नीतिहरूले सीमान्तकृत समुदाय तथा बादी समुदायमा केही फरक पार्न सकेन । तर पनि पछिल्ला केही नीतिमा भने आशालाग्दा व्यवस्था भएका छन् । स्वास्थ्यमा समतामूलक पहँचको आवश्यकता रहेको छ, जो यस नीतिले अंगीकार गरेको देखिन्छ । महँगो स्वास्थ्य सेवाबाट पीडित नेपाली जनताले केही सहुलियत पाउने आशा गरिएको छ ।

**ख. स्वास्थ्य नीतिमा बादी समुदाय**

राज्यका हरेक निकायबाट वञ्चितिकरणमा परेको बादीहरूआर्थिक, सामाजिक तथा शैक्षिकका साथै स्वास्थ्यको क्षेत्रमा पनि कमजोर रहेको विभिन्न अध्ययनले देखाएको छ । ती अध्ययनका अनुसार ५० प्रतिशतभन्दा बढि बादी समुदाय वार्षिकरूपमा कुनै न कुनै रोगबाट ग्रसित रहेका छन् । त्यस्तै २६ प्रतिशत Infectious disease बाट प्रभावित रहेका छन् । त्यसैगरी २२ प्रतिशत chronic disease बाट प्रभावित भएको देखिन्छ । करिब २५ प्रतिशत बादीहरूले अझैं पनि परम्परागत उपचार शैली अपनाएको देखिन्छ । त्यस्तै ३२ प्रतिशतले अहिले पनि खोला र ईनारको पानी पिउँछन् भने केही बादीहरूमा एचआइभी संक्रमण देखिएको अध्ययनले देखाएको छ ।[२०]

---

२०. बादी समुदायको अध्ययन गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदनका अनुसार । यसबारे थप जानकारीका लागि यो लिंक हेर्न सकिन्छः (http://www.peace.gov.np/downloadfile/Badi_1354165536) ।

गरिबीको कारणले अधिकांश बादी समुदायका व्यक्तिहरूको निजी स्वास्थ्य क्षेत्रमा पहुँच पुग्न सकेको छैन । नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७) ले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको भए पनि स्वास्थ्य उपलब्धिहरूका बीच असमानता भने विद्यमान रहेको स्वीकार गरेको छ । रणनीतिमा नागरिकहरूले अझै पनि गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा आर्थिक सामाजिक, भौगोलिक तथा संस्थागत कठिनाइहरू भोगिरहेको उल्लेख गरिएको छ ।[२१]

यो अध्ययनको क्रममा बादी समुदायको स्वास्थ्य स्थितिको अवस्थालाई पनि मध्यनजर गरिएको थियो । त्यसमा खासगरी बादी समुदायमा लाग्ने मुख्य रोगहरू, बादी समुदायको स्वास्थ्यमा पहुँच, शिशु मृत्युदर तथा मातृ-शिशु मृत्युदर, मातृ तथा बाल स्वास्थ्य, रोग तथा संक्रमण, यौन स्वास्थ्य सम्बन्धी जिज्ञासा गरिएको थियो ।

### ग. बादी समुदायको वर्तमान स्वास्थ्य अवस्था

बादी समुदाय शिक्षा, जनचेतनाले पछाडि परेकोले यो समुदायको स्वास्थ्य अवस्था निकै कमजोर रहेको पाइएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार ५० प्रतिशत भन्दा बढी यस समुदाय वार्षिक रूपमा कुनै न कुनै रोगबाट ग्रसित भएको पाइन्छ । त्यसमध्ये २६ प्रतिशत भन्दा बढी संक्रमणजन्य रोगबाट प्रभावित भएको देखिन्छ । त्यसैगरी २२ प्रतिशत मानिसहरू दीर्घरोग (chronic diseases) बाट प्रभावित पाइयो ।

रोग लागेपछि यो समुदायका करिब ७५ प्रतिशतले समय समयमा अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा उपचार गराउने पाइएको छ । त्यसैगरी २५ प्रतिशत अहिले पनि परम्परागत, झारफुक जस्ता उपचारशैली अपनाउने गरेको देखियो । बादीहरूमा रोगको संक्रमणको अवस्था हेर्ने हो भने स्थानीय रोगको रूपमा क्षयरोग सबभन्दा बढी लाग्ने रोग हो । त्यस्तै कुष्ठरोग पनि फाटफुट

---

२१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७, पृष्ठ ६ ।

लाग्ने गरेको पाइएको छ । त्यस्तै सरूवा रोगमा झाडापखाला, टाइफाइट, रूघाखोकी र जन्डीस आदी बढी मात्रामा लाग्ने गरेको पाइएको छ (किसान, नेपाली सन् २०१४) । अस्वस्थ खानापीन तथा जीवनशैलीको कारण रोगहरू बढी लाग्ने गरेको पाइएको छ । रक्सी, जाँडको बढी प्रचलन र रोकथामको उपायको कमिको कारण अत्याधिक रोग लाग्ने गरेको देखिएको छ । यसैगरी सरसफाइको कमि, बसोबास, रहनसहन र स्वास्थ्यसम्वन्धी सचेतनाको कमि देखिएको छ ।

यो सर्भेक्षणअनुसार बादी समुदायका ९३ प्रतिशतले अस्पताल, स्वास्थ्य केन्द्र, क्लिनिकमा सुत्केरी गराउने गर्छन् । त्यस्तै ७ प्रतिशतले घरमै परम्परागत रूपमा सुत्केरी गराउने गरेको पाइएको छ । यसैगरी तथ्याङ्क अनुसार ८२ प्रतिशत बालबालिकाले सबै खोप पुरा गरेका छन् भने १३ प्रतिशतले नियामित रूपमा खोप लिइरहेको अवस्था रहेको छ । समुदायका ५ प्रतिशत बालबालिकाले खोपको मात्रा पुरा नगरेको पाइएको छ । बादी समुदायमा ८० प्रतिशतको घरमा कच्ची, पक्की सौचालय छ भने २० प्रतिशतको घरमा शौचालय रहेको छैन । उनीहरू शौचालयका निम्ति नजिकको जंगल, खोला, खेतबारी वा चौरमा जाने गरेको पाइएको छ ।

**चित्र ८ : सुत्केरी बनाउन कहाँ लानु हुन्छ ?**



यसैगरी परिवार नियोजनको साधनहरूको प्रयोग सम्बन्धमा बादी समुदायमा तीन महिने सुईको प्रयोग बढी हुने गरेको अभ्ययनले देखाएको छ । अहिलेको पिँढीमा जनसंख्या वृद्धि गर्नु हुँदैन भन्ने कुरामा सचेत रहेको यस अध्ययनले देखाएको छ । अधिकांश बादी समुदाय परिवार नियोजनका साधनको प्रयोगमा सचेत रहेको पनि अध्ययनले देखाएको छ । तीन महिने सुई (डिपोंप्रेभरा) ४८ प्रतिशत र नरपलान्ट १२ प्रतिशतले प्रयोग गरेको पाइएको छ ।

**चित्र ९ : परिवार नियोजनका अस्थायी साधनको प्रयोग**




### घ. बादी समुदायमा एच.आइ.भी./एड्सको संक्रमणको अवस्था

बादी समुदायको सम्मानजनक परम्परागत पेशा हुँदाहुँदै पनि तत्कालीन शासकबाट समुदायका अविवाहित महिलाहरूलाई विभिन्न प्रलोभनमा पारी शारीरिक शोषण गरे । यो शोषणको क्रम करिब २००७ साल देखि २०५० साल सम्म धेरै भएको पाइन्छ । त्यसैले यो समुदाय पनि एच. आई. भी र एड्सको जोखिममा हुनसक्छ भनी जनचेतनाको बारेमा अध्ययन गर्दा ८६ प्रतिशतमा यससम्बन्धी जानकारी रहेको र सुरक्षित तथा रोकथामको साधनहरू प्रयोग अपनाएको देखियो । तर १४ प्रतिशतले भने अझैं पनि एच.आई.भी.को बारेमा

जानकारी नभएको बताएका थिए । यी महिलाहरू अहिले पनि एच.आई.भी. संक्रमणको जोखिममा रहेका छन् ।

३०० परिवारमा गरिएको यो अध्ययनमा २९८ अर्थात् करिब ९९ प्रतिशत परिवारमा एच.आई.भी. संक्रमण नभएको र २ जना अर्थात् करिब १ प्रतिशत परिवारमा एच.आई.भी. संक्रमण भएको पाइयो । यसबाट के देखिन्छ भने बादी समुदाय अहिले पनि एच.आई.भी. र एड्सको जोखिममा रहेको छ ।

**चित्र १० : तपाईको परिवारमा एचआईभी प्रभावित छन् ?**




## ४.७ बादी समुदायको सामाजिक अवस्था

### क. बादी समुदाय र सामाजिक विभेद

बादी युवती नाचगानमा निपूर्ण भएपछि उनीहरू ठूलाबडा मान्छेहरूका घरमा गई नाचगान गर्ने गर्थे । ती समाजका कहलाइएका ठूलाबडाले नाचगानकै क्रमका आफ्नो भाइभारदारहरूलाई लगाई बादी नर्तकीहरूसँग जबरजस्ती यौन शोषण गर्ने गरेको समुदायका अगुवाहरूले बताउँछन् । कसैलाई केही

अन्न वा रकमको लोभ देखाई यौन शोषण गर्ने गर्थे । यसरी बादी महिलाहरू वर्षौसम्म शोषणमा पर्ने गर्थे । बुबा–आमा दाजुभाइले प्रतिकार गर्दा मरणासन्न अवस्थामा पुग्नेगरी कुटपीट गरिन्थ्यो । लामो समयसम्म यौन शोषण गरेपछि अन्य भाइभारदारहरूको जिम्मामा लगाइन्थ्यो ।

यसैक्रममा भारतको बरेलीदेखि गोरखपुरसम्म यात्राका दौरान या अर्को अर्थमा भन्नु पर्दा रोजगारीको खोजीमा जाने क्रममा बिडा लगनमा जानै पर्दथ्यो । त्यसबेला पनि भारतका ठूलाबडाले यस समुदायका नर्तकीहरूलाई यौन शोषण गर्थे । उनीहरूलाई रखेल्नीका रूपमा पनि राखिने चलन थियो । यसरी रखेल्नी राख्दा खलो मागेर वा गाउँ मागेर प्रशस्तमात्रामा अन्न र धन पैसा आउन थालेपछि बादी समुदायमा भूमिको आवश्यकता पर्छ भन्नेतिर सोचको विकास हुन सकेन ।

विकासको क्रमसँगै विस्तारै नाचगान कमि हुँदै गएपछि बादी महिलाहरूले प्राण धान्न बाध्यात्मक यौन पेशालाई अवलम्वन गरे । तर खलो उठाएर वा गाउँ मागेर र पुर्ख्यौली पेशा अंगालेको समूह चाँही घुमन्ते अवस्थामा जीविकोपार्जन गर्न थालेको देखिन्छ । उनीहरू यहि क्रममा जातजन्य विभेद लगायतका अरू उत्पीडनमा परेको देखिन्छ । बादी भएकै कारण कुटिनु पर्ने, कुनै पनि सार्वजनिक स्थलको प्रयोग गर्नबाट वञ्चित गरिनु सामान्य विषय थियो ।

यसरी चरम उत्पीडन, दमन, अन्याय, अत्याचार सही बसेका बादी समुदायमा प्रतिरोधी चेतना आज भन्दा ६०/७० वर्ष अगाडि देखि नै रहेको देखिन्छ । उत्पीडन, दमन, अन्याय, अत्याचारले सीमा नाघेपछि पुरै गाउँभरिका बादी महिला, पुरूष मिलेर प्रतिकार गर्ने गर्दथे । यो चेतना यसैको एक उदाहरण हो । तर पनि बादी समुदाय लामो समयदेखि बाध्यात्मक यौन पेशा, भूमिहिन, जातीय विभेद, नागरिकता, जन्मदर्ता लगायतका समस्याबाट प्रताडित भइरहेका छन् ।

**ख. बादी समुदायको सामाजिक अवस्था**

बादी समुदाय दलितभित्रको दलित भएकोले सामाजिक विभेदबाट मुक्त हुन सकेको छैन । सरकारले छुवाछूत मुक्त राष्ट्रको रूपमा घोषणा गरी जातीय छुवाछूत कसुर तथा सजाय ऐन २०६८ लागु गरेता पनि यो व्यवहारमा पूर्णरूपमा कार्यान्वयनमा आउन सकेको छैन । अझैं यो समुदाय सामाजिक लाञ्छना, भेदभाव सहन बाध्य भएको छ । यो समुदाय सार्वजनिक स्थान पूजापाठ गर्ने मठ मन्दिर, बिद्यालय, धारा, कुवा आदी स्थानमा पनि सामाजिक विभेद र छुवाछूत जस्तो जगन्य अपराधको सिकार हुनु परेको छ ।

नेपालको संविधान, २०७२ को धारा २४ र धारा ३८ तथा धारा ४२ ले उल्लेख गरेता पनि सामाजिक विभेदको अन्त्य हुनसकेको छैन । त्यसैगरी बादी समुदायका केही महिलाहरू यौन शोषणमा परी उनीहरू सामाजिक विभेदका कारण आफ्नो श्रीमानको अधिकार पाउन सकेका छैनन् । यस्ता महिलाबाट जन्मेका बालबालिकाहरूले आमाको नामबाट अझै पनि नागरिकता, जन्म दर्ता पाउन सकेका छैनन् । जन्म दर्ता र नागरिकता नभएकै कारण बाबुको सम्पत्ति पाउनबाट समेत वञ्चित भएका छन् । अन्तरजातीय विवाह गर्दा समाजबाट बहिष्करण हुनु पर्ने, शारीरिक तथा मानसिक यातना, सामाजिक हिंसा, घरेलु हिसा भोग्नु पर्ने अवस्था छ । जातीय विभेद दिन प्रतिदिन भोग्नु परेको छ । बादी समुदायमा पनि अन्तरजातीय विवाह गर्नेहरू रहेको र उनीहरूले जातकै आधारमा विवाह गर्दा विभेद भोग्नु परेको देखिन्छ ।

३०० परिवारमा गरिएको यो सर्वेक्षण अनुसार अहिले पनि यस समुदायलाई यौन पेशा गर्ने भनी दोष लगाउने १७ प्रतिशत, जातीय विभेदमा परेका २७ प्रतिशत, जातको आधारमा अनादर तथा घृणा गर्नेहरूको संख्या २८ प्रतिशत र कहिलेकाहिँ आदर गर्नेको संख्या २८ प्रतिशत भएको पाइएको छ ।

यसैगरी सार्वजनिक स्थलमा सामाजिक विभेद भोगेका ब्यक्तिहरू करिब ५२ प्रतिशत रहेको देखिएको छ । बादी समुदायलाई नेपाली समुदायमा करिब ३३ प्रतिशत सामाजिक लान्छना लगाउने, करिब ३२ प्रतिशतले सामाजिक विभेद गर्ने, अप्ठ्यारो परेको बेलामा करिब २० प्रतिशत सहानुभूति देखाउने गरेको

पाइएको छ । त्यस्तै ४ प्रतिशतले राम्रो ब्यवहार र करिब २ प्रतिशतले सामान्य व्यवहार गर्ने गरेको देखिएको छ ।

यसका साथै, बादी महिलाहरूलाई विभिन्न कानुनले बर्जित गरेका अपशब्दहरू प्रयोग गरी सामाजिक भेदभाव गर्ने गरेको पाइएको छ । समाजमा एक अर्कालाई गालीगलौच गर्न पर्‍यो भने एक आपसमा यस्ता अपशब्दहरूको प्रयोग गरेर यस समुदायका महिला पुरूषलाई सामाजिक रूपमा अपमान गरेको देखियो ।

**चित्र ११: बादी समुदायप्रति समाजले कसरी व्यवहार गर्दछ ?**




माथिको चित्रबाट प्रष्ट रूपमा देख्न सकिन्छ कि आज पनि बादीप्रति हेर्ने सामाजिक दृटिकोण विभेदित छ । बादी समुदायका मानिसहरू जतिसुकै राम्रो र इमान्दार काम गर्छु भन्दा पनि जातका आधारमा हुने विभेदले उसलाई राम्रो काम गर्न नदिएको देखिन्छ । अध्ययनको क्रममा ३०० जनासँग गरिएको सर्वेक्षणमा ९० जना (३०%) भन्दा बढी बादीहरूले अहिले पनि जातका आधारमा विभेद भोगको देखिन्छ भने ८३ जना (२८%) बादीहरूले विभिन्न अवस्थाहरूमा अनादर गरेको महसुस गरेको देखिन्छ ।

## ४.८. सांस्कृतिक विभेदीकरणमा बादी समुदाय

नेपालमा लोपोन्मुख जातिमध्ये बादी जाति पनि एक हो । २०६८ को जनगणना अनुसार बादीको कुल जनसंख्या ३८ हजार ६ सय ३ छ । नेपालका बादी जाति आर्थिक व्यवस्था र सामाजिक राजनैतिक प्रणालीका कारण विपन्न बन्न पुगे । कतिपय अध्येता तथा लेखकले उनीहरूलाई गलत चित्रण गर्न छाडेका छैनन् । तर प्रदेश ५ र सुदूरपश्चिम प्रदेश मुख्य बसोवास भएको बादी समुदायको लोकसंस्कृति, परम्परा र सांस्कृतिक सम्पदामा निकै धनी रहेको छ । उनीहरूको लोक संस्कृति र चाडपर्वले राष्ट्रिय मान्यता पाएको छैन । बादी जातिले विभिन्न देवीदेवताको पूजाआजा र कुलदेवतालाई पूज्दै आएका छन् । भदौ १ गते भदौरे संक्रान्ती, मंसिर र जेठ महिनामा पुज्ने रोटे पूजा र उत्सव बादी जातिका प्रमुख मौलिक चाडपर्व हुन् । यी विभिन्न चाडपर्वमध्ये भदौरे संक्रान्तीको बारेमा यहाँ चर्चा गरिनेछ ।

मध्य वर्षा सकिए पछिको समयमा बादी जातिले आफ्नो प्रमुख चाडलाई सवागत गर्न घर आगन सफा गरेर चिरिच्याट्ट पार्छन । आर्थिक अवस्था अनुसार मासुको व्यवस्था गर्ने र नयाँ पहिरनको व्यवस्था हुन्छ । यो चाड सुरू हुन्छ, साउन महिनाको अन्तिम मसान्तको दिन । त्यसदिन बिहानै बादी समुदायको मुखियाले सेतो कपडा लगाएर उनीहरूको मुत्यु संस्कार गर्ने नदीको पानी काँधमा बोकेर तामाको गाग्रोमा ल्याउने गर्छन् ।

गाग्रोमा नदीको पानी उघाउँदा मुखियाले पूर्वतिर फर्केर सबैको शुभमंगलको कामना गदै पूजाअर्चना गर्छन् । समुदायका सबै घर परिवारका एकदेखि दुईजनाले सफा ठाउँको कमेरो माटो दिउँसो देखि ४ बजेभित्र ल्याइसक्नुपर्छ । यता गाउँटोलमा बिहानैदेखि पशुपक्षीको मासु, रोटी, जाँड, रक्सी तयार गरिएको हुन्छ । खानेकुरा सहित ५ बजेतिर समुदायका सबै जना मुखियाको घरमा जम्मा हुन्छन् ।

मुखियाको आँगनको बीचमा लिपपोत गरी तामाको खड्कुलो राखिएको हुन्छ । त्यसको वरिपरि गोलो घेरामा बस्ने गर्छन् । यसपछि मुखियाले विशेष पूजाआजा गर्छन् । साँझ सन्ध्या जगाउँदै मुखियाले सबैको भलो र सुरक्षाका लागि

खड्कुलोसँग शक्ति माग्छन् । यसपछि मुखियाले नै प्रत्येक घरपरिवारबाट एकदेखि दुई मुठीका दरले कमेरो माटो एकै ठाउँमा जम्मा गरी खड्कुलोमा हाल्छन् । त्यसपछि बिहान नदीबाट ल्याएको पानीले माटोलाई ठिक्क लेदो हुने गरी खड्कुलोमा हालिन्छ । यस बेलासम्म साँझको रिमझिम अँध्यारो भइसकेको हुन्छ ।

मुखियासहित सामूहिक रूपमा केहीवेर सबैजना मंगल गीत गाउँदै पूजामा रहिरहन्छन् । मुखियाले खड्कुलोको पानी र कमेरो चोवेर आकाशतर्फ अपर्ण दिन्छन् । यसपछि सबैले भिजेको कमेरो माटो सामूहिक रूपमा शरीरमा लगाउने गरिन्छ । माटो लगाउने काम सकेपछि घरघरबाट ल्याएको कोसेली पात सामूहिक रूपमा बाँडीचुडी खाएर मनोरञ्जनसहित शुभकामना आदानप्रदान गर्ने गरिन्छ । खानपिन र भोजपछि सामूहिक रूपमा मादल, मजुरा र सारङ्गी (सारङ्गीकै आकारको बादीहरूको मसक बिन बाजा) बजाउँदै गीत गाउँदै विशेष अभिनय र नाचगान गर्ने गर्छन् । त्यसको भोलिपल्ट (भदौ १) को चाडलाई भब्य रूपमा सम्पन्न गर्नका लागि सरसल्लाह र तयारीसहित नाइके मूलीलाई कामको जिम्मा लगाइन्छ । यसपछि सबै बिदावारी भई आ-आफ्नो घरतर्फ लाग्छन् । मसान्तको दिन यसरी पुरा हुन्छ ।

'भाडे संक्रान्ति' को समयमा बादीहरूले खास गरेर रत्ने फलाराकै प्रसङ्गका गीत गाउने गर्छन् । रत्ने नामको ब्राह्मणले दिन्छु भनेर कबोल गरेको तर नदिएको प्रसङ्ग यो गीतमा पाइन्छ । यस दिन उनीहरूले गाईजात्रामा जस्तै सबैलाई गाली गर्न छुट पाएका हुन्छन् ।

भाद्र १ गतेका दिन बिहानदेखि नै जंगलमा गएर गिठाको जरो, लहरा खोजी ल्याइन्छ । यो लहरा पुरूषले शरीरमा लगाउने गर्छन् । यसका साथै, विशेष प्रकारको घोडा पनि बनाइन्छ । तितेपातीको ५ देखि ६ फिट लामो डाँठ, कुश, काँस र भित्र काठले घोडाको स्वरूप बनाइएको हुन्छ । पुच्छरमा भने सिस्नोको मुन्टाको झुप्पा राखिएको हुन्छ । यो घोडा करिब १५ देखि १६ केजी तौलको हुन्छ । चाडको आवश्यकता तयारीपछि सबै जना मुखियाकै आँगनमा जम्मा हुने गर्छन् ।

मुखियाले विशेष पूजा गरिसकेपछि सबै भन्दा पहिलो लाइनमा घोडा, दोस्रो लाइनमा बाजागाजा, तेस्रो लाइनमा महिला, पुरूष र सहभागी, चौथो लाइनमा मुखिया हिंड्ने गर्छन् । प्रायः गाउँघरका गन्यमान्य अगाडि नै हिंड्ने गर्छन् । तर बादी जातिको भने पछाडि हिंड्ने चलनले समाजमा सानो ठूलोको भेद नभएको देखिन्छ । उनीहरू समूहमा आफ्नो गाउँबस्तीको घर घरमा गएर खुसीयाली, नाचगान, अभिनय र शुभकामना आदानप्रदान गर्ने गर्छन् । बादी जातिको यो चाड काठमाण्डौं उपत्यका र देशैभरिको जिल्ला सदरमुकाममा मनाइने नेवार समुदायको गाईजात्रासँग पनि मिल्दोजुल्दो देखिन्छ । कतिपय अन्य समुदायले समेत महत्त्वका साथ आफ्नो घरमा बोलाएर नाचगान र रमाइलो गर्न लगाउने चलनसमेत रहेको छ । यो चाडको अर्को विशेष रौनक सुँगुरलाई दाँतले टोकेर फाल्ने संस्कार हो । यसका लागि गाउँका गैरबादी समुदायका मुखियाको घरमा विशेष निमन्त्रणा नै गरेर बोलाइन्छ । १५ देखि २० केजीसम्मको सुँगुरलाई डोरीले बाँधेर आँगनमा राखिन्छ । सबैजना गोलोमा बसेर नाचगान गर्ने गर्छन् । त्यसपछि बादी युवाले हातले नछोइकन दाँतले च्यापेर टाउको भन्दा माथिबाट सुँगुर फाल्छ । भुईमा बजारिएको सुँगुरलाई अरूले समाएर मार्ने गर्छन् ।

बादी जातिको यो मौलिक चाडको समापन भने बादी मुखियाकै घरमा गरिन्छ । त्यसका लागि सबै भदौ २ गते मुखियाको घरमा बिहानै भेला हुन्छन् र सामूहिक भोजन गर्ने गर्छन् । चाडको विदाईमा नाचगान, अभिनय र रमाइलो गर्ने गरिन्छ । मुखियाले अन्तिममा सबैलाई कमेरोको टीका लगाइदिने गर्छन् । बादीलाई हिजोका सामन्त, राजा, महाराजा र ठालुहरूले स्वार्थमा गलत पहिचान बोकाइदिनु सामाजिक अपराध र बेइमानी हो । विगतको अपमानलाई वर्तमानको आत्मसम्मानले शीर उठाउनुपर्छ । (डि.वि नेपाली, २०७६)

यसप्रकार बादी समुदायको इतिहासलाई हेरियो भने यो समुदाय कला, संस्कृतिको रूपमा धनी समुदाय हो । विभिन्न अवसर, पहुँच तथा आधुनिकीकरण हुन नसकेको कारण यो समुदायमा निहित कला, संस्कृति ओझेलमा परेको छ । नाचगानका माध्यमबाट समाजमा सम्मान पाएको थियो तर पछि यसलाई

हेयको दृष्टिले हेरियो । यस्तो पेशा अपमानित भयो । नाचगान गर्नेक्रममा नै यो समुदायका केही अविवाहीत महिलाहरू यौन शोषणमा परे र पछि गएर उनीहरूले बाध्यात्मक यौन पेशा अंगाले र, सामाजिक सांस्कृतिक रूपमा कलङ्कित हुन पुगेका हुन् ।

अर्कोतिर, बादी समुदायका माग्ने संस्कृतिलाई पनि राम्रो मानिएन । यद्यपि यो बादी समुदायको एक संस्कृति थियो । यो समुदायले अन्न फलेको बेलामा घर घरमा गएर धान, चामललगायत विभिन्न अन्नहरू माग्ने गर्दथ्यो । यसरी माग्दा यस समुदायको जीविकोपार्जन त हुन्थ्यो तर मागेकै कारणले समाजले उनीहरूलाई विभेद गर्ने गरेको पाइयो । यहि माग्ने संस्कृतिका कारण समाजमा होचिएर, आत्मसम्मान गुमाएर बाँच्नु पर्ने अवस्था सिर्जना भएको थियो ।

**बादी समुदायको वर्तमान सांस्कृतिक अवस्था**

हाल गरिएको अध्ययनबाट बादी समुदायका परम्परागत पेशाहरू लोप भएका छन् । बादी समुदायमा भएको कला, सीप, नाचगानहरू लोप भएका छन् । अहिलेको पुस्ताले त्यस्ता सीप, कला, नाचगानलाई संरक्षण गर्न सकेका छनन् । अर्कोतिर, आधुनिक सङ्गितका साधनहरूसँग प्रतिस्पर्धा गर्न नसकेर लोप हुन गएका छन् । कोही कसैले परम्परागत पेशा अँगाले पनि उनीहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । हाल आएर केही परिवारले माग्ने गरेता पनि लगभग यो माग्ने पेशा हटिसकेको छ ।

यस समुदायको भाषामा प्रायः गरी नेपाली भाषा बोल्ने गर्छन् । कहींकहीं बुढाबुढी र बयस्कहरू आपसमा कुराकानी गर्दा खाम्सी अर्थात् पार्सी भाषा बोल्ने गर्दछन् । तर बोली चालीको भाषा नेपाली नै हो र उच्चारणको लवजमा केही भिन्नता पाइन्छ । यस समुदायमा करिब २७ प्रतिशत हिन्दू, २ प्रतिशत बौद्ध, २५ प्रतिशत क्रिश्चियन र १ प्रतिशत अन्य धर्मालम्वी रहेको देखिन्छ ।

यस समुदायका चाडपर्वहरूमा विशेषगरी दशैं, तिहार, माघे संक्रान्ती, होली पूर्णिमा, चैत्ते दशैं नै बढी प्रचलित छन् । यस समुदायले बयालडारी भन्ने पर्व असार महिनामा मनाउने गरेको पाइन्छ । जसमा रत्यौली खेली मनाइन्छ ।

चित्र १२ : कुन धर्म मान्नु हुन्छ ?




यस समुदायको कुल पूजा गर्ने र अधिकांशले दारे मष्ठलाई नै कुल देवता मानी पूजा गर्ने चलन छ, जसमा भाकल गरेअनुसार चढाएर मानिन्छ । यस समुदायले पित्तृको श्राद्ध गर्ने गरेको पाइन्छ । श्राद्ध गर्दा समुदायका सबै मानिसहरूले एकै दिन अर्थात् दशैंको घटस्थापनाको अधिल्लो दिनको औसीमा श्राद्ध गर्ने गरेको पाइन्छ । बादी समुदायमा धेरैजसो मागी विवाह हुने गरको पाइन्छ । तर कहिंकहिं भागी विवाह पनि गरेको देखिन्छ । यस समुदायमा फुपुकी छोरीलाई दिदी बहिनी भनिन्छ भने मामाको छोरीलाई खोजीखोजी विवाह गर्ने चलन छ । यो समुदायमा अन्तरजातीय विवाहको प्रचलन बढ्दै गएको देखिन्छ । यस समुदायका महिलाहरूले अन्य जातिसँग भागेर पनि विवाह गर्ने गर्दछन् । यसरी विवाह गर्नेमा दलितहरूसँग बढी विवाह गर्ने गरेको पाइन्छ । त्यसैगरी पुरूषहरूले पनि बढी मात्रामा दलित समुदायमै अन्तरजातीय विवाह गरेको पाइन्छ । यसरी अन्तरजातीय विवाह गर्दा दलितभित्र पनि जातीय विभेद भएको पाइन्छ ।

**चित्र १३ : तपाईंको परिवारमा अन्तरजातीय विवाह भएको छ ?**




## ४.९ बादी समुदायको प्रतिनिधित्वको अवस्था

### क. राजनैतिक प्रतिनिधित्व तथा सहभागिता

बादी समुदायमा जीविकोपार्जनमा नै आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने भएकोले राजनैतिक परिवर्तन सम्बन्धी ज्ञान हुन सकेन । जसले गर्दा, बादी समुदायको राजनैतिक क्षेत्रमा पहुँच बढ्न सकेन । राजनैतिक दलले यस समुदायलाई भोट बैंकको रूपमा प्रयोग गर्दै आयो । बादी समुदायका केही ब्यक्तिहरू २०४६ सालको जनआन्दोलनमा सहभागी भएको पाइन्छ । त्यसैगरी १० वर्षे जनयुद्धमा पनि यो समुदायका सहभागी केही ब्यक्ति सहीद भएको देखिन्छ ।

यसैगरी बादी समुदायले २०६२/०६३ को आन्दोलनमा सहभागी भई लोकतान्त्रिक गणतन्त्रका निम्ति उल्लेखनीय योगदान पुऱ्याएको थियो । तर पनि यस समुदायलाई जहिले पनि राजनैतिक रूपमा उपेक्षित गरियो । एक दुईजनालाई वडा गाउँ/नगरपालिका स्तरीय समितिमा सीमित राख्ने काम राजनैतिक पार्टीबाट गरिएको देखिन्छ । राजनैतिक दलले आफ्ना विभिन्न तहका

सङ्गठनमा सहभागिता गराएको पाइदैन । केही स्थानीय स्तरमा बादीहरूको सहभागिता देखिए पनि त्यो नाममात्रको छ । तर उनीहरूराजनैतिक दलका मुख्य पदमा पुगेका छैनन् ।

हालै सम्पन्न तीन तहको निर्वाचनमा बादी समुदायको उपस्थिति न्यून रहेको देखिन्छ । प्रतिनिधि सभा, राष्ट्रिय सभा र सातवटै प्रदेशमा समानुपातिक र प्रत्यक्षतर्फ गरी कुल ८८४ जनाको प्रतिनिधित्व रहेको छ (विश्वकर्मा, नेपाली र अरू २०७५) । जम्मा ८८४ मध्ये बादी समुदायको तर्फबाट सुदूरपश्चिम प्रदेशबाट एक जनाको मात्र प्रतिनिधिन्व रहेको छ । त्यसैगरी २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा पनि बादी समुदायको उपस्थिति रहेको छैन । ६ महानगरपालिका, ११ उपमहानगरपालिका २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय तहमा जम्मा ३५,०४१ जना पदाधिकारीहरू रहेका छन्, जसमध्ये ६,५६७ जना दलित महिलाहरूको उपस्थिति रहेको छ । यी दलित महिलाहरूमध्ये जम्मा १६ जना बादी महिलाको उपस्थिति रहेको छ (नेपाली, २०७४) ।

स्थानीय निर्वाचन ऐन, २०७४ ले प्रत्येक वडामा दलित महिलाको प्रतिनिधित्व अनिवार्य गरेको अवस्थामा पनि बादी महिलाहरूको स्थानीय निर्वाचनमा सहभागिता कम हुनु भनेको दलितभित्रको आन्तरिक विभेदको प्रभाव हो भन्न कुनै गाह्रो हुँदैन ।

यो सर्वेक्षण अनुसार करिब १० प्रतिशत बादी समुदाय राजनीतिमा सहभागी भएको पाइएको छ । त्यस्तै बाँकी ९० प्रतिशत राजनीतिबाट बाहिर छन् । उनीहरू केवल भोट बैंक मात्र भएका छन् । राजनीतिमा सहभागिता नभएको कारणले राज्यका अन्य निकायमा पनि सहभागिता भएको पाइदैन् । नेपालको संबिधान २०७२ ले सुनियोजित गरेको समानुपातिक समावेशी भावनालाई राजनैतिक दलहरूले आत्मसात् गरेको देखिँदैन ।

चित्र १४ : तपाईंको परिवार राजनीतिमा संलग्न हुनुहुन्छ ?




**ख. राज्यका तह, निकायहरूमा बादी समुदायको प्रतिनिधित्व र सहभागिता**

राज्यका संयन्त्रहरूमा बादी समुदायको प्रतिनिधित्व निकै कम भएको पाइन्छ । सरकारी निकायमा हेर्दा कार्यालय सहयोगी, सुडेनी महिला स्वास्थ्य स्वयम सेविका, मुखिया, प्रहरी जवान, प्रा.बि. शिक्षक, वन रक्षक, चौकीदार जस्ता तह/स्तरमा सहभागिता भएको पाइन्छ । त्यसैगरी विद्यालय ब्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति, खानेपानी तथा सरसफाइ समिति, स्वस्थ्य व्यवस्थापन समिति जस्ता स्थानीय स्तरका समितिहरूमा सदस्यको रूपमा केहीको सहभागिता भएको पाइन्छ ।

२०६३ को नेपालको अन्तरिम संविधान तथा नेपालको संविधान २०७२ लागु भएपछि बादी समुदायका केही जनप्रतिनिधिहरू स्थानीय तह तथा प्रदेश सभामा सहभागी हुन पाएका छन् । यद्यपि त्यो जनसंख्याको आधारमा हेर्ने हो भने करिब ०.०५ प्रतिशत मात्रै देखिन्छ । २०७४ साल को स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनबाट १ जना प्रदेश सभामा, १ जना गाउँपालिका उपाध्यक्ष र

१७ जना उ.म.न.पा./न.पा./गा.पा. सदस्य तथा वडा सदस्यमा प्रतिनिधित्व भएको देखिन्छ ।

अध्ययनका क्रममा विषयमा कुराकानी गर्दा करिब २२ प्रतिशतले उत्तरदाताहरूले नसुनेको बताएका थिए । त्यस्तै ६७ प्रतिशतले सुनेका तर नबुझेको बताएका थिए भने करिब ११ प्रतिशतले मात्र बुझेको भनाई राखेका थिए । यसरी थोरै भए पनि बादीहरूको सहभागिता विस्तारै हुँदै गएको देख्न सकिन्छ ।

## परिवर्तनको शुरुवात आफूबाटै गर्नुपर्छ

**कलावती भाँड (वादी)**, उपाध्यक्ष, अजयमेरु गाउँपालिका, डडेलधुरा



कलावती भाँड (बादी)को स्थायी घर अजयमेरू गाउँपालिका, डडेलधुरा हो । २०४० साल पौस १२ गते जन्मेकी कलावतीले एक सङ्घर्षशील महिलाको रूपमा आफ्नो पहिचान बनाएकी छिन् । अति विपन्न वादी परिवारमा जन्म भए पनि निरन्तर सङ्घर्ष गर्दै आएकी कलावतीलाई आफ्नो बुबा हली हुनु परेको घटनाले अझै पनि साह्रै पीडा हुन्छ ।

एस.एल.सी.सम्मको अध्ययन पुरा गरेकी कलावतीले आफू कक्षा ३ मा पढ्दा बादी भएकै कारण तातो चिया मुखमा फालिदिएको याद आइरहन्छ । जातीय विभेद तथा छुवाछूतले ग्रसित समाजमा हुर्केकी हुनाले पनि जातका आधारमा हुने विभेदको विरूद्धमा उनी सानैदेखि सक्रिय थिइन् । २०६४ सालमा काठमाण्डौ केन्द्रित बादी आन्दोलनको अग्र रूपमा रहेकी कलावतीले बादी समुदायको उत्थानका निम्ति योगदान गर्दै आएकी छन् ।

दलित हक अधिकारका लागि लड्दै समाज रूपान्तरणको सङ्घर्षमा उनले महत्त्वपूर्ण भूमिका खेलेकै कारण उनी २०७० सालको दोस्रो संविधान सभा निर्वाचनमा प्रतिनिधि सभाको समानुपातिकतर्फ उम्मेदवारको रूपमा सिफारिस भएकी थिइन् । २०७४ सालमा भएको स्थानीय निर्वाचनमा उनी अजयमेरू गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित हुन सफल भइन् । देशभरिमै बादी समुदायबाट गाउँपालिकामा विजयी हुने उनी एकमात्र उपाध्यक्ष हुन् । कलावतीको विचारमा **परिवर्तन लागि कुनै पनि कामको थालनी आफूबाटै गरेमा सफलता हात पार्न सकिन्छ ।**

## ४.१० बादी समुदायको मानव अधिकारको अवस्था

बादी समुदायलाई बाध्यात्मक यौन पेशाको कारणले लाञ्छना भेदभाव गर्नुका साथै नेपाली समाजमा देह ब्यापारको कलङ्कको टिका लगाई यस समुदायको मानव अधिकार हनन् गरिएको छ । यो समुदायलाई यौन शोषणमा पारिएको थियो । केही ६ प्रतिशत महिलाहरूविगतमा यौन शोषणमा सहभागी भएता पनि समग्र समुदायलाई लाञ्छना लगाएर सम्मानपूर्वक बाँच्न पाउने हकबाट वञ्चित गरिएको छ ।

त्यसैगरी विभिन्न लेख रचनामा यस किसिमको यौन शोषणलाई बादी प्रथा वा परम्परा भनेर लेख्नु पनि मानव अधिकार हनन हुनु हो । त्यसैगरी समाजमा सम्बोधन गर्दा, ए बादी, तँ, तिमी भनेर सम्बोधन गर्नु पनि मानव अधिकार हनन् हो । जातजन्य विभेदबाट बादीहरू उत्पीडनमा छन् नै आन्तरिक विभेदको चपेटमा पनि उत्तिकै परेका छन् ।

त्यसैगरी समाजमा लाञ्छना विभेदस्वरूप अपशब्दहरूको प्रयोग गर्नु यस समुदायप्रति अपमान गर्नु हो । बादी समुदायका केही बालबालिकाहरू आफ्नो बाबुको पहिचान हुँदाहुँदै पनि जन्म दर्ता नभएकाले नागरिकताबाट बञ्चित भई आफ्नो बाबुको वैधानिक हक नपाउनु र उसको लालनपालन नगरिनु र पैतृक सम्पत्तिबाट बेदखल गरिनु पनि मानव अधिकारबाट हनन गराइनु हो ।

बादीका केही महिलाहरू, जो पहिले यौन शोषणमा परेका थिए, त्यस्ता महिलाले आफ्नो श्रीमान्को पहिचान हुँदाहुँदै पनि श्रीमान्बाट वैधानिकता नपाउनु, सार्वजनिक रूपमा श्रीमान् भन्न नपाउनु र श्रीमा्नको सम्पत्तिमा अधिकार नपाउनु, विवाह दर्ता नभएका कारण श्रीमान् हुँदाहुँदै पनि एकल महिलाका रूपमा रहनु मानव अधिकारको हननको पराकाष्ठा हो । त्यसैगरी बादी महिलाहरूले गरेको स्वच्छ तथा मर्यादित किसिमले गरेको पेशा, व्यवसायलाई नकारात्मक रूपमा लिनु । सक्षम हुँदाहुँदै पनि आत्मसम्मानमा ठेस पुग्ने खालको व्यवहार गरी चोट पुर्‍याउनु र समाजमा आत्मसम्मानका साथ बाँच्न नपाउनु मानव अधिकारको हनन हुनु हो ।

त्यस्तै, बादी यौन शोषणमा परी एकल महिला भएका महिलाहरूको कुनै प्रमाण देखाउन नसक्ने सामाजिक अवस्था भएका कारणले विभिन्न सरकारका सुविधाहरूबाट वञ्चित भएका छन् । उनीहरू नागरिकता, विवाह दर्ता, मृत्यु दर्ता प्रमाण पत्र नभएका कारणले एकल महिला सामाजिक सुरक्षा भत्ता, बृद्ध भत्ता पाउन सकि रहेका छैनन् । यस्ता महिला तथा परिवारमा आफ्नो जग्गा दर्ता श्रेस्ता नभएको कारणले जनता आवास कार्यक्रमबाट समेत वञ्चित भएका छन् । त्यसैगरी आमाको नामबाट जन्म दर्ता, नागरिकता, प्रमाण पत्र लिएका व्यक्तिहरूमा एक किसिमको सामाजिक लाञ्छना भेदभाव गरिएको पाइन्छ । उनीहरूलाई सार्वजनिक स्थलहरूमा लज्जित गराउने गरेको पाइन्छ । निश्चय नै यी मानव अधिकार हननका गम्भीर अवस्था हो ।

## सामाजिक आन्दोलन हुँदै कार्यपालिका सदस्यसम्म

**मञ्जु बादी**, नेपालगंज उपमहानगरपालिका सदस्य



आत्मसम्मान र बादी आन्दोलनको नाम आउँदा नछुट्ने नाम हो मञ्जु बादी । नेपालगंज उप-महानगरपालिका वडा नं. ५ निवासी मञ्जु बादी समाज परिवर्तनको आन्दोलनमा निरन्तर जुधि रहने व्यक्तित्व हुन् । बादी समुदायमा रहेको बाध्यात्मक यौन पेशाका विरूद्धमा निरन्तर संघर्ष गर्दै आइरहेकी मञ्जु २०५१/०५२ सालमा गगनगंजमा भएको बादी हटाऊ आन्दोलनको विरूद्ध सशक्त रूपमा आवाज उठाउने एक नेतृ पनि हुन् । उनले आफ्नो जीवनको झण्डै २२ वर्ष सामाजिक आन्दोलनमा बिताइन् । त्यस क्रममा उनले विभिन्न सामाजिक संघ संस्थाहरूमा काम गरिन् । एस.एल.सी सम्मको अध्ययन पुरा गरेकी मञ्जुले सामाजिक क्रियाकलापका साथसाथै राजनैतिक आन्दोलनमा पनि त्यतिकै सक्रिय भूमिका निभाएकी छन । उनी स्थानीय जनप्रतिनिधिको रूपमा वडा सदस्य तथा नेपालगंज उप-महानगरपालिका सदस्य हुँदै नेपालगंज उप-महानगरपालिका आर्थिक विकास समिति संयोजकको रूपमा कार्यरत रहेकी छन् । यसरी बादी समुदायकी महिला जनप्रतिनिधिको रूपमा उप-महानगरपालिकामा कार्यरत हुनु बादी समुदायको ऐतिहासिक उपलब्धिका साथै गौरवको विषय हो ।

## बादी समुदायको वर्तमान मानव अधिकारको अवस्था

बादी समुदायको वर्तमान मानव अधिकारको अवस्थालाई हेर्ने हो भने आज पनि ५८ प्रतिशत बादी समुदायमा बसोबास गर्ने जमिन छैन । अहिले पनि करिब ५० प्रतिशत जनसंख्या आधारभूत मानव अधिकारबाट वञ्चित भएको पाइन्छ, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सूचना, सुरक्षा जस्ता आधारभूत मानव अधिकारबाट बादीहरू वञ्चित रहेका छन् ।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा नेपाल सरकारले बादी समुदायको लागि गरेका घोषणा, कार्यक्रम तथा सम्झौता अनुसारको अधिकार यो समुदायले प्राप्त गर्न सकेको छैन । बादी समुदायले हामी पनि यो देशका जनता हौं, हाम्रो हक बराबरी छ भन्ने कुरा अनुभूति गर्न नपाई तेस्रो दर्जाको नागरिक भएर बाँच्नु परेको छ । बादी महिला बलात्कारको सिकार भएमा, बादी महिलाको पनि बलात्कार हुन्छ, यो समुदाय त यौन पेशामा संलग्न समुदाय हो, भनेर वास्ता नगरेको पाइन्छ । यो पनि मानव अधिकार हननको गम्भीर घटना हो । यस अध्ययनको क्रममा १० जिल्लाको सर्वेक्षणमा करिब ५५ प्रतिशतले जातीय विभेदमा भोगेको देखिएको छ । अहिले पनि बादी समुदायलाई भाँड (१४%), पातर (२०%), बदेनी (४५%), र रण्डी/बेश्या (२१%) जस्ता शब्दहरू प्रयोग गरी विभेद गर्ने गरिएको पाइएको छ ।

त्यसैगरी अहिले पनि यौन शोषणमा परेका महिलामध्ये करिब १८ प्रतिशतको विवाह दर्ता हुन सकिरहेको छैन । त्यसैगरी करिब ६ प्रतिशत यौन शोषणमा परेको त्यो पनि अविवाहित महिला मात्र संलग्न भएकोमा विवाहित महिला समेतलाई यौन पेशा गरेको भनेर उल्लेख गरिएको छ र हाल जीवित महिलाहरू जो विवाहित छन् र सम्मानित जीवनयापन गरिरहेका छन्, ती महिलाहरूको नामसमेत उल्लेख गरी बादी महिलाको सम्मानपूर्वक स्वतन्त्रत भएर बाँच्न पाउने अधिकार हनन् भएको छ ।

नेपाल सरकार, सर्वोच्च अदालतले पनि केही हदसम्म यो समुदायको मानव अधिकारलाई संरक्षण गर्न खोजेको देखिन्छ । तर व्यवहारमा लागु नभएको र

सरकार स्वयम आफैले घोषणा गरेका कार्यक्रम, सम्झौता पुरा गर्न नसकेको कारण यो समुदायको मानव अधिकार सुनिश्चित भएको छैन । २०६२ भाद्र ३० गते सर्वोच्च अदालतको सरकारको नाममा जन्म दर्ता नागरिकतासम्बन्धी परमादेश जारी भएको र केही व्यक्तिहरूले आमाको नामबाट जन्म दर्ता नागरिकता पाएको देखिएता पनि अझै पूर्णरूपमा लागु भएको छैन ।

त्यसैगरी २०६५ सालमा गठित सचिव स्तरीय कार्यालयको सिफारिसमा बादी समुदायको विविध पक्षको विकास तथा मानव अधिकार सम्बोधन सिफारिस गरिए पनि कार्यान्वयन हुन नसकेको देखिन्छ । २०६५ पौष २३ गते बादी समुदायमा भएको बाध्यात्मक यौन शोषणको अन्त्य गर्ने र यस समुदायलाई आत्मसम्मान सहितको पुर्नस्थापना गर्ने भनिएकोमा हालसम्म पनि सरकार आफैले गरेको घोषण पुरा गर्न सकेको छैन ।

नेपाल सरकार र बादी अधिकार सङ्घर्ष समितिको २ बुँदे सम्झौता अनुसार बादी समुदायको आत्मसम्मानमा प्रत्यक्ष चोट पुऱ्याउने अपशब्दहरू रोक लगाउने र कसैले प्रयोग गरेमा कानुनबमोजिम दण्डनीय भनिएको थियो । त्यस्तै बुँदा नं २ मा बादी बालबाबलिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउने उल्लेख गरिएको थियो । तर हालसम्म ती संझौताहरू कार्यान्वयनमा आएका छैनन्, जसले गर्दा बादी समुदायको मानव अधिकार सुनिश्चित हुन सकेको छैन ।

यसका अलावा, आ.व. २०६६/०६७ मा लागु भएको जनता आवास कार्यक्रमले केही हदसम्म बादी समुदायमा बसोबासको अधिकारलाई प्रोत्साहन गरे पनि यसको जटिल नीति नियम, निर्देशिकाको कारण बादी समुदायमा प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

सरकारले विशेष छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७२ लागु गरेको छ । जसमा मुसहर, चमार, डोम र बादी समुदायका छात्रछात्राहरूलाई मेडिकल तथा इन्जिनियरिङमा स्नातक तहमा निःशुल्क अध्ययन गराउने भनी कार्यक्रम ल्याएको छ । तर हालसम्म पनि कुनै बादी व्यक्तिले यो सुविधा पाउन

सकिरहेका छैनन् । सरकारले यो समुदायलाई अधिकार दिएता पनि बादीमैत्री नभएको कारण उपलब्धि शून्य हुन पुगेको छ ।

हालै केही पुस्तक तथा चलचित्रले बादी समुदायको गलत चित्रण गरी उनीहरूको मानव अधिकारको हनन् गरेकोमा सर्वोच्च अदालतको सार्वजनिक सुनुवाइको मुद्दामा २०७५ फाल्गुण १५ मा निर्देशनात्मक आदेश जारी गरी यस किसिमका लाञ्छना-भेदभाव, जातीय विभेद र मानव अधिकार हननलाई नियन्त्रण गर्ने कार्य भएको छ । तर यस किसिमको मानव अधिकारको हनन् व्यवहारिक रूपमा हट्छ कि हट्दैन, हेर्न बाँकी छ ।

## ४.११ बादी समुदायको नाचगान तथा यौन उत्पीडन

### क. नाच गान तथा यौन शोषणको ऐतिहासिकता

बादी समुदाय १६ औं शताब्दीमा भारतबाट तत्कालीन राजा, रजौटाहरू नेपाल आउँदा उनीहरूलाई मनोरञ्जन दिने समुदायको रूपमा उनीहरूकै साथमा आएका थिए । सर्व प्रथम सल्यान जिल्लामा बसोबास गरेका हुन् भन्ने भनाई रहेको छ । यस समुदायले तत्कालीन राजा, रजौटाहरू, भुरे टाकुरे राजा, जमिन्दार, मुखिया, जिम्वालको घरमा नाचगान गर्ने तथा पात्र बनेर विभिन्न अभिनय गरेर मनोरञ्जन दिने गर्दथे । यसरी यस कार्यबाट पाएको पुरस्कार, बक्सीसलाई आम्दानीको रूपमा लिएर जीविकोपार्जन गर्दथे ।

बादी समुदायले यस प्रकार आफ्नो सीप, कला देखाउन विभिन्न ठाउँमा घुमन्तेका रूपमा मनोरञ्जन दिने गर्दथे । त्यसबेलामा बादी समुदायका महिलाहरूलाई विवाह, चाडपर्वमा नचाएमा शुभ हुने विश्वास रहेको थियो । यसरी बादी समुदाय आफ्नो सीप, कलाको कारण एक वाद्यवादन गर्ने समुदायको रूपमा चिनिएको थियो । उनीहरूको इतिहास सम्मानित रहेको थियो ।

यो समुदाय परम्परादेखि नै कला र सङ्गीतका धनी समुदाय हो । उनीहरूका कथक, कजरी, कवाली, थुमरी मुजरा, द्धारीचार छन् । त्यसैगरी नेपालमा

मञ्चन गरिने रामलिलाका गीतहरू पनि बढि प्रचलित भएको पाईन्छ । बादी समुदायका महिलाहरूले नाचगानको बेलामा लगाउने चाँदीको कर्दन अहिले पनि बादी समुदायमा ऐतिहासिक वाद्यवाधन साधनको रूपमा रहेको पाइन्छ । बादी समुदायका विभिन्न कलाकारले देश विदेशमा पनि उल्लेखिनीय भूमिका खेलेको पाइन्छ । राजा महेन्द्रले सगुनी बादी पात्रलाई एउटा थालमा उत्कृष्ट रूपमा नाचेबापत चाँदीको तक्मा प्रदान गरी सम्मान गरेको इतिहास छ । जो बादी समुदायमा भएको कला, सीपको ज्वलन्त उदाहरण हो ।

बादीहरूको नृत्य समूहहरू नेपालमा मात्र नभई भारतका विभिन्न सहरहरूमा गई नाचगान गरी आफ्नो नाचगानको पेशालाई प्रवर्द्धन गर्ने गर्दछन् । यसरी उनीहरूले केही आर्थिक जोहो गर्छन् । तर विडम्बना बादी समुदायको यस खालको कला, संस्कृतिलाई तत्कालीन सरकार र सरोकारवाला निकायबाट कुनै चासो देखाइएन । यस्ता कला र संस्कृति संरक्षण र सम्वर्द्धन गरिएन । जसले गर्दा, यस समुदायमा भएको परम्परागत रूपमा रहेको सीप, कला लोप हुन गयो । यो क्रम राणाकालसम्म रहेको देखिन्छ । १६ औं देखि १९ औं शताब्दीसम्म बादी समुदाय नाचगान अभिनय गरी मनोरञ्जन प्रदान गर्ने गर्दथ्यो । सन् १९०० देखि १९५० सम्मको समयमा बादी समुदायका निरीह केही अविवाहित महिलाहरू यौन शोषण परेको देखिन्छ । फलस्वरूप ती महिलाहरू बाध्यात्मक यौन पेशा अँगालेको इतिहास पाइन्छ ।

**ख. बाध्यात्मक यौन शोषणको सुरुवात र यसको अवस्था**

२००७ सालको राजनैतिक परिवर्तनसँगै बादी समुदाय बाध्यात्मक यौन शोषणको सुरूवात मानिएको छ । त्यसपछि २००७ देखि २०५० सालसम्म उनीहरू अत्याधिक रूपमा बाध्यात्मक यौन शोषणमा पारिएको विभिन्न तथ्यले देखाएको छ । यस अवधिमा देशका विभिन्न स्थानमा अघोषित बेश्यालयको प्रचलित थियो । करिब ६ प्रतिशत अविवाहीत बादी महिलाहरू विभिन्न ब्यक्ति, परिवारका सदस्यलगायतबाट जबरजस्ती यौन उत्पीडनमा पारिएका थिए । जसले गर्दा,

बादी समुदायमा विभिन्न लाञ्छना भेदभावस्वरूप उनीहरू कलङ्कित भई देह व्यापार गर्ने समुदायको रूपमा नेपाली समाजमा चिनिन बाध्य हुन पुग्यो ।

यसरी बादी समुदाय बाध्यात्मक यौन शोषणमा परेका कारण समाजमा एक किसिमको विकृति देखा पर्न गयो । यसै कारण बादी महिलाहरू रखेल्नीको रूपमा बस्न बाध्यता गराइयो । श्रीमान्को पहिचान हुँदाहुँदै पनि एकल भएर बस्नु पर्ने अवस्था आयो । अवैधानिक सन्तानको जन्म दिनु पर्ने बाध्यता हुन गयो । त्यसले वैधानिक बाबु नभएका केही बालबालिकाहरू समाजमा देखा पर्न थाले । उनीहरूको जन्म दर्ता, नागरिकता प्राप्तिमा कठिनाई भयो । आमाको नामबाट जन्म दर्ता, नागरिकता प्रमाणपत्र पाए पनि समाजमा लाञ्छना, भेदभाव तथा विभेद कायमै रह्यो ।

बादी समुदायमा कलङ्कको रूपमा रहेको यौन व्यवसाय र यसको इतिहासलाई हेर्दा, बादी समुदाय लिच्छविहरूले होस या भुरे टाकुरे राजा, रजौटाहरूले भारतबाट नेपालमा ल्याइएको कुरामा सबै बादी समुदायहरू सहमत छन् । उनीहरूलाई नेपालमा ल्याउनको मुख्य कारण भनेको उनीहरू नाच्न गाउन र घोडा चढनमा सिपालु थिए । आज पनि बादी समुदायका मानिसहरू घोडा पाल्ने, घोडा सदाउने वा तालिम दिने र घोडा चढ्ने काम गर्दछन् ।

तर पहिले बादीहरूले घोडा पाल्ने, सदाउने काम गर्ने भए पनि चढ्न भने नपाउने कुरा बादी अगुवाहरूले बताएको पाइन्छ । त्यसैले राजा रजौटाहरूले आफ्नो मनोरञ्जनका तथा घोडा सदाउनको निम्ति बादीहरूको एक समूहलाई भारतबाट नेपालमा ल्याइएको मान्न सकिन्छ ।

बादी समुदायका आफ्नै प्रकारका गीत, गजल र कथकहरू थिए । उनीहरूको नाचगान विशेष प्रकारको थियो । निश्चय नै नाचगान गर्ने मानिसहरू स्वभावैले सफा सुग्घर र चिटिक्क परेका हुन्थे । राजा, रजौटाहरूले नाचगान गर्दागर्दै बादी महिलाहरूप्रति नराम्रो नजर लगाउन थाले । राजा, रजौटाहरूले बादीहरूको परिवारलाई वर्ष दिन पुग्नेगरी सबै समानहरू उपलब्ध गराइदिन्थे ।

यसैको प्रलोभवनमा पारेर राजा, रजौटाहरूले बादी महिलाहरूको यौन शोषण गरे । अनि उनीहरूले आफ्ना श्रीमतीहरूको स्याहारेको रूपमा दरवारमा नै राख्न थाले । जब उनीहरूले बच्चा जन्माउन थाले समाजको डरले राजा, रजौटाहरूले बादीहरूलाई सडकमा पुग्न बाध्य बनाए ।

यसरी सडकमा आएपछि उनीहरूले आफ्नो पुर्ख्यौली पेशा नाचगानलाई अगाडि वढाए । उनीहरू माग्दै गाउँमा जान थाले । यो समयमासम्म यौन पेशालाई अँगालेका थिएनन् । उनीहरूको नाच गानलाई सबैले रूचाउन थाले । दान, बक्सीस र मागेका चिज वस्तुबाट उनीहरूको जीवन चल्यो । बादीहरूले यो बेलासम्म नाचगान लाई नै आफ्नो पेशाको रूपमा अगाडि बढाए ।

बादी समुदायहरू फिरन्ते हुने क्रममा घरघरमा जान थालेदेखि नै माग्ने चलनको विकास भएको हो भनिन्छ । यसक्रममा बादी समुदाय घुम्दै नाच्दै एक ठाउँबाट अर्को ठाउमा जान थाले तर उनीहरूलाई यसरी उनीहरूलाई जीवन धान्न मुस्किल भइरहेको थियो ।

यसैको फाइदा लिएर केही विभिन्न व्यक्तिहरूले आर्थिक प्रलोभन दिएर बादी समुदायका छोरीहरूको यौन शोषण गरे । यस्तो कार्यमा लागेका कतिपय महिलाहरूको जीवनस्तर नै परिवर्तन हुन्थ्यो । आर्थिक रूपमा उनीहरूको अवस्था राम्रो हुन्थ्यो । यसैको सिको गरेर अन्य बादी महिलाहरू पनि यस पेशालाई अँगाल्न थालेको देखिन्छ ।

बादी समुदायका अगुवा शंकर बादीका अनुसार, बादी समुदायभित्र, जसले आफ्ना छोरी, बहिनीहरूलाई यौन पेशामा संलग्न गराउँथे, त्यो परिवारलाई आफ्नो घरभित्र र पानी छुन दिंइदैनथ्यो । विशेषगरी तराईका बादीलाई पहाडका बादीले घरभित्र जान दिँदैनथे ।

यसैगरी अर्का अगुवा होरीलाल बादीको भनाई अनुसार, बादीहरूआफ्नो जन्म स्थानमा मात्र नभएर उनीहरू घुम्दै तराईमा झरे । तराईमा पनि उनीहरूले एक जना रैस राख्न थाले । उक्त रैसले ६ महिनासम्म घरका सबै परिवारलाई

पाल्ने गर्दथ्यो । यसरी तराईको रैसले ६ महिना पुग्नेगरी सबै समानहरूको व्यवस्था गर्दथ्यो । त्यस्तै ६ महिना पहाडको जमिन्दारले पुग्ने खानाको व्यवस्था गर्दथ्यो ।

यसरी बादी समुदायको जीवन चलाउने गर्दथे । बादीका महिलाहरू सडकमा नाच्ने र गाउने गर्थे भने पुरूषहरूले माछा मार्ने, मादल बनाउने, टरिया तथा माटाका भाँडाहरू बनाउने गर्दथे । राजा, रजौटा हुँदै गाउँका जमिन्दार, मुखिया, घाडबुढा जिम्वाल सबैले बादी महिलाहरूलाई नाचगानको निम्ति आफ्नो विभिन्न समारोहहरूमा बोलाउन थाले । उनीहरूबाट नै बादी महिलाहरू यौन शोषित हुँदै गए । तराईमा यौन व्यवसाय सञ्चालन गर्न थालेपछि, बादी महिलाहरू पहाडमा जान छोडे । कतिपय स्थायी रूपमा पनि बस्न थाले र, त्यहाँ नै यो पेशा सुरू गर्न थाले ।

यसरी ती बादी महिलाहरूको जीवनशैली देखेर यस समुदायका अरू किसोरीहरूले पनि उनीहरूको जीवनशैलीको सिको गर्न थाले । यसकारण यस पेशाले व्यापकता पाएको देखिन्छ । त्यसपछि यस्तोसम्म अवस्था आयो कि बादी समुदायका आमा-बुबा, दाजुभाइहरूले नै ग्राहक खोजेर ल्याउन थाले । लोग्ने मानिसहरू जुवा, तास, रक्सी खाना थाले । केही ठाउँमा बादी समुदायका युवाहरू चोरी डकैती गर्न थालेको पनि देखियो । बादी समुदायका दिदी बहिनीहरू कसरी अरूलाई आकर्षणमा पार्न सकिन्छ भनी नयाँनयाँ कपडा र मेकअपका समानहरू खोज्न थाले । उनीहरू चिटिक्क परेर घर अगाडि तथा सडक किनारमा बसेर ग्राहकको खोजी गरिरहेको दृश्य देखिन थाल्यो ।

यसले व्यापारको रूप लिइसकेपछि, उनीहरूले कसैलाई पनि बाटोमा हिँड्दा पनि बोलाउन थाले । उनीहरूको आफ्नो पेशालाई झन् व्यापक बनाउन थाले । यो जीवन शैलीबाट पहाडबाट तराईमा झरेका युवतीहरू पनि प्रभावित भए र, उनीहरू तराई वा पहाड जहाँ बसे पनि यो पेशा सुरू गर्न थाले ।

अध्ययनका क्रममा होरीलाल बादीले यौन पेशाको शुरूवात सल्यान जिल्लबाट नै भएको जिकिर गरेका छन् । तर सल्यानमा जर्बजस्ती ठूलावडाको दबाबमा गरिएको थियो भने तराईमा आफ्नो खुसी राजीले यो पेशा गर्न थालिएको थियो । यसरी बादी समुदायमा भएको यौन पेशाको ऐतिहासक पृष्ठभूमिलाई हेर्दा रोग, भोग, अज्ञानता र आर्थिक अभावका कारणका साथै राजा, रजौटा तथा गाउँका भद्र भलादमीहरूको दबाबले गर्दा बाध्य भएर बादी महिलाहरू यस्तो पेशामा संलग्न हुनु परेको देखिन्छ । अहिले समयको परिवर्तनसँगै बादी समुदायमा पनि सामान्य चेतनाको विकास भएको छ । उनीहरूभित्र नै यो पेशालाई हटाएर अन्य कुनै वैकल्पिक पेशा अपनाउनु पर्छ भन्ने कुरामा सचेत भइरहेको अवस्था छ । तर पनि यो पेशामा संलग्न केही महिलाहरूले कमाउन (यौन पेशा गर्न) छोडेको देखिँदैन । यद्यपि बादी समुदायका अगुवाहरू नयाँ पिँढी यस्तो पेशामा संलग्न नहुने आशा गर्छन् ।

**ग. बादी समुदायमा यौन शोषणको वर्तमान अवस्था**

वि.सं. २०५० सालसम्म चरम अवस्थामा रहेको यौन शोषण विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको पहलमा जनचेतनाका कार्यक्रमहरूभए । जसले गर्दा, केही हदसम्म यो पेशा नियन्त्रण हुन पुग्यो । यौन शोषणमा परेका महिलाहरूले वैकल्पिक पेशाको रूपमा अन्य आयआर्जनको कार्यमा संलग्न हुन थाले । त्यसैगरी बादी समुदायको हकका लागि स्थापना भएका विभिन्न गैरसरकारी संस्थाहरूले शिक्षा, स्वास्थ्य, रोजगरी, अधिकारमुखी कार्यक्रमहरू सञ्चालन गरे । यस कार्यले बादी समुदायमा एउटा ठूलो प्रभाव पार्‍यो र यस समुदायमा भएको यौन शोषण नियन्त्रण हुन गयो ।

त्यसैगरी बादीहरूद्वारा विभिन्न समयमा सञ्चालन गरिएका अभियानका कार्यक्रमहरू तथा ४८ दिने सङ्घर्षलगायतले सरकारलाई समुदायका लागि केही गर्न बाध्य बनायो । फलस्वरूप २०६५ साल पौष २३ गते बादी समुदायलाई यौन शोषण मुक्त समुदाय भनेर घोषणा गरियो । समुदायलाई सम्मान व्यक्त

गरियो । तर यौन शोषणका क्रियाकलाप पूर्णरूपमा उन्मूलन हुन सकेको छैन । यो अझै पनि केही परिवारमा लुकीछिपी गर्नेक्रम चलिरहेको छ । तिनीहरूले यस पेशालाई नेपालमा मात्र नभएर भारतसम्म पनि पठाई आफ्ना छोरी, बहिनीहरूलाई यौन शोषणमा लगाएको पाइएको छ । यसरी भारतका विभिन्न सहरमा पठाउनेहरूमा अरू कोही नभई परिवारका सदस्य तथा नातेदार नै बढी सक्रिय भएको देखिन्छ ।

यस सर्वेक्षणको क्रममा करिब ५ प्रतिशत अविवाहित बादी महिलाहरू यौन पेशामा सहभागी भइरहेको देखिएको छ । यस किसिमको यौन पेशा बादी समुदायका व्यक्तिले लुकीछिपी गर्ने गरेको पाइन्छ । यौन पेशा केही बढ्दो क्रममा छ र भारतका विभिन्न सहरहरूमा लक्षित गरी गर्ने गरिएको पाइएको छ ।

**चित्र १५ : तपाईंको परिवारको कुनै सदस्य यौन क्रियाकलापमा संलग्न हुनुहुन्छ ?**



यसरी यौन शोषणमा परेका महिलाहरू अहिले पनि बाध्यात्मक रूपमा यौन क्रियाकलाप गर्ने गरेका छन् । उनीहरूमध्ये ४० प्रतिशतले घरमा, २५ प्रतिशतले होटेलमा, ५ प्रतिशत विभिन्न नेपालका ठूला सहरमा र ३० प्रतिशत महिलाहरू भारतका विभिन्न सहरका होटेल तथा बेश्यालयमा गएर यौन क्रियाकलाप गरिरहेको पाइएको छ ।

**चित्र १६ : यौन क्रियाकलापको लागि कहाँ जानुहुन्छ ?**




नेपाल सरकारले यौन शोषण मुक्त समाज घोषणा गरेको अवस्थामा पनि केही परिवारका केही अविवाहीत महिलाहरू अहिले पनि यौन शोषणमा परी बाध्यकारी यौन पेशा अपनाइरहेका छन् । जो बादी समुदायका साथै सम्पूर्ण नेपाली समाजको लागि चुनौतिको सवाल हो । र, यसरी यो क्रम बढ्दै गएमा बादी समुदाय बाध्यात्मक रूपमा यौन शोषणमा पर्न गई थप कलङ्कित हुने सम्भावना देखिन थालेको छ ।

अध्याय
# ५ रणनीतिक योजना तथा कार्यान्वयन

## ५.१ बादी समुदायको रणनीतिक योजना (२०२०-२०३०)

### १. परिचय

नेपालमा रहेका विभिन्न दलित समुदायअन्तर्गत पनि यस समुदायलाई सबै भन्दा तल्लो स्तरको (अछूत) समुदायको संज्ञा दिइएको छ । नेपालमा बादी समुदायको अनुमानित जनसंख्या लगभग ६५,००० देखि ७०,००० सम्म रहेको अनुमान गरिएको छ । केन्द्रिय तथ्याङ्क विभाग (CBS) ले वि.सं. २०६८ मा लिएको जनगणनाअनुसार बादी समुदायको कुल जनसंख्या ३८,६०३ रहेको देखिन्छ । जातीय भेदभावबाट राष्ट्र र समाजद्वारा कलङ्कित पारिएको बादी समुदायका मानिसहरूले आफ्नो हक, अधिकारलाई सुनिश्चित गर्न र अरू समुदायसरह सम्मानित जीवन यापन गर्न लगातार सङ्घर्ष गर्दै आइरहेका छन् ।

यस्ता समाजमा विद्यमान कुरीति, विसङ्गति र अन्ध विश्वासलाई अन्त्य गर्न बादी समुदायले स्वयम् आफै समुदायमा आधारित आन्दोलन २०६४ को ४८ दिने बादी समुदायको आन्दोलनपश्चात नेपाल सरकार बाध्य भएर बादी समुदायले माग गरेका सम्झौता पत्रमा हस्ताक्षर गरेको थियो । उक्त २ बुँदे सम्झौता पत्रमा जातीय छुवाछूत तथा दुर्व्यवहार अन्त्य गर्ने र बदेनी, पातर, रन्डी, वेश्या र भाँडजस्ता आत्मसम्मानमा ठेस पुऱ्याउने अपशब्दहरूमा रोक लगाउने आदेश जारी गरेको थियो । यदि कदम कदाचित कोहि कसैले उक्त कुराको उल्लङ्घन गरिएको पाइएमा कानुनबमोजिम दण्ड-सजाय दिने निर्णय जारी गऱ्यो । तर वास्तविक रूपमा हेर्ने हो भने नेपाल सरकारले निषेधित

गरेका अपशब्दहरूको प्रयोग अझैं पनि हाम्रो समाजमा यस समुदायप्रति गरिएको पाइन्छ ।

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अनुसार धारा १८ समनताको हक उपधारा १ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनिएको छ । त्यस्तै (उपधारा २) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्मा, वर्ण, जात जाति लिङ्ग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनी उल्लेख छ ।

यसैगरी धारा १९ सञ्चारको हक उपधारा १,२ र ३ मा भएको व्यवस्था आकर्षित हुने देखिन्छ । धारा (२४) (३) अनुसार छुवाछूत तथा जातीय भेदभाव विरूद्धको हक भएको व्यवस्था आकर्षित हुने देखिन्छ । उत्पत्ति जात, जाति वा शारीरिक अवस्था आधारमा कुनै व्यक्ति वा समुदायलाई उच वा निच दर्शाउने जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत वा जातीय उच्चता वा घृणामा आधरित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

यसै धाराको प्रतिकुल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डणीय हुने छन् । त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ । धारा ३८ महिलाको हक उपधारा ३ अनुसार महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य मनोवैज्ञिानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । तर त्यस्तो कार्य कानुनबमोजिम दण्डणीय हुने छ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

नेपाल सरकारले वि.सं. २०६५ सालमा बादी समुदायलाई यौन शोषण मुक्त समाज घोषणा गऱ्यो । तर उक्त समुदायको पुनर्स्थापना गर्नका लागि कुनै

पनि उचित योजना र रणनीति बनाएको छैन । बादी समुदायको समग्र विकासका लागि थुप्रै समुदायमा आधारित सामाजिक संस्थाहरूको स्थापना भएका छन् । तर प्रभावकारी रणनीतिक योजना नभएका कारण यी संस्थाहरूले यस समुदायलाई परिवर्तन, समग्र र दीर्घकालीन विकासमा अहम भूमिका निर्वाह गर्न सकिरहेका छैनन् ।

हामीले गहन अध्ययन गर्ने क्रममा बादी समुदायको समग्र विकास तथा परिवर्तन गर्नका लागि बादी समुदायका विशिष्ट सवाल तथा मुद्दााहरू पहिचान गर्न सर्वप्रथम त बादी समुदायको वास्तविकता पहिचान गर्नका लागि सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक तथा भौगोलिक अवस्थाहरू पत्ता लगाउन अत्यावश्यक रहेको देखिन्छ । त्यसैगरी बादी समुदायका महिलाहरूप्रतिको शोषण, दमन, नकरात्मकरूपले हेर्ने दृष्टिकोणको अन्त्य गर्न र पुनर्स्थापना गरी सिङ्गो समुदायलाई परिवर्तन ल्याउनका लागि स्पष्ट, प्रभावकारी र दीर्घकालीन रणनीतिक योजना बनाउन अपरिहार्य रहेको छ । यस प्रकारको रणनीतिक योजनाले सिङ्गो बादी समुदालाई वकालत तथा पैरवी गर्न, विभिन्न अभियानहरू चलाउन, स्थानीय तथा सङ्घीय सरकारसँग समन्वय तथा सहकार्य गर्न र यस समुदायको हक, अधिकार तथा न्याय सुनिश्चितताका लागि यस १० वर्षे रणनीतिक योजनाले सहायता पुऱ्याउने छ ।

त्यसकारणले बादी समुदायको अवस्था विश्लेषण गरी रणनीतिक योजना तर्जुमा गर्न प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश गरी १० जिल्लाहरू जहाँ बादी समुदायको बसोबास बढी छ, त्यहाँ २०७६ असार महिनामा सर्वेक्षणको कार्य सम्बन्धित जिल्लाकै गणकहरूबाट प्रत्यक्ष अन्तर्वार्ता बिधिबाट सर्वेक्षण गरी सूचना सङ्कलन गरियो । त्यसैगरी बादी समुदायका मुख्य सूचनाकर्ता, अगुवाहरू तथा अन्य बुद्धिजीवी व्यक्तित्वहरूसँग प्रत्यक्ष अन्तर्वार्ता विधिबाट मुख्य सूचना फारम भरी तथ्याङ्क सङ्कलन गरियो ।

त्यसपछि २०७६ साउन महिनामा ४ दिने रणनीतिक योजना तर्जुमा कार्याशाला गोष्ठी नेपालगंज, बाँकेमा सम्पन्न गऱ्यो । जसमा ९ वटा लक्षित जिल्लाका बादी अगुवाहरू र विभिन्न स्थानीय तह तथा सरकारी निकायका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो । उक्त कार्याशाला गोष्ठीमा ४१ जनाको

सहभागिता रहेको थियो । जसमध्ये १० जना विभिन्न जिल्लाहरूबाट स्थानीय तह तथा सरकारी निकायका प्रतिनिधिहरू र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) का प्रतिनिधिहरू र कमिट नेपालका सल्लाहकार लगायतको उक्त कार्यक्रममा उपस्थिति रहेको थियो । उक्त ४ दिने कार्याशाला गोष्ठीमा बादी समुदायका विशिष्ट मुद्दाहरूमा, सबल पक्षहरूमा, अवसरहरूमा, मूल्य र मान्यताहरूमा, यस समुदायको विषयगत क्षेत्र तथा विभिन्न समस्याहरूबारेमा व्यापक रूपमा छलफल गरी यस समुदायको १० वर्षीय (२०२० - २०३०) रणनीतिक योजना तर्जुमा गरिएको छ ।

२. **बादी समुदायको सवाल**हरू

**क. बादी समुदायका विशिष्ट सवालहरू**

१. विद्यालय पढ्न छाड्नेको संख्यामा बढ्दो दर र उच्च शिक्षा तथा प्राविधिक शिक्षामा कमि (केही ब्यक्तिहरूमात्र पढेका)
२. बेरोजगारी
३. गरिबी
४. जमिन तथा जनता आवासको पहुँचमा कमि
५. सीमान्तकृत बादी समुदायको विभिन्न आरक्षण कोटामा कमि
६. सहभागिता तथा समावेशीकरणमा न्यूनता
७. यौन शोषण तथा चेलिबेटी बेचबिखनको जोखिमता
८. जातीय कलङ्क, छुवाछूत तथा भेदभाव कायमै

**ख. बादी समुदायका अन्य सवालहरू**

१. रोजगारीका लागि व्यवसायिक सीप तथा ज्ञानमा कमि
२. राजनैतिक तथा सामाजिक नेतृत्व तथा मानव अधिकार अभियन्तामा कमि
३. समुदायमा दक्ष जनशक्तिको कमि
४. ५८ प्रतिशत बादी मानिसहरू ऐलानी भूमिमा बस्न बाध्य

५. बादी समुदायको परम्परागत सम्मानित पेशाहरूमा कमि तथा निराशापन
६. बादी समुदायमा एच.आई.भी./एड्सको जोखिमता
७. आत्म विश्वासमा कमि
८. हक, अधिकार, न्याय र गौरव जस्ता कुराहरूको जनतचेनामा कमि
९. कानुनी तथा वैज्ञानिक सेवा सुविधाहरू जस्तै जन्म दर्ता, विवाह दर्ता, नागरिकताको पहुँचमा कमि
१०. एकल महिला सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुनु

**३. बादी समुदायका सबल पक्षहरू तथा अवसरहरुको विश्लेषण**

**क. बादी समुदायका सबल पक्षहरू**

- ✦ अन्य समुदाय बादी समुदायप्रति सकारात्मक र सहयोगी भएका छन ।
- ✦ बादी समुदायका साझा सवाल तथा मुद्दाहरूमा सिङ्गो बादी समुदाय नै एकताबद्ध भएको छ ।
- ✦ विगतमा बादी समुदायको कला तथा सीपहरूको सम्मानित इतिहास रहेको छ ।
- ✦ सीप, कला र संस्कृतिप्रति बादी समुदाय गौरब गर्दछ ।
- ✦ सम्पूर्ण बादी समुदाय लान्छना भेदभावविरूद्ध एकजुट भएका छन् ।
- ✦ बादी समुदायका सवाल तथा मुद्दाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराई उक्त समस्याहरूप्रति संवेदनशील भएका छन् ।
- ✦ बादी समुदायका व्यक्तिहरूको जीवन शैलीमा केही हदसम्म परिवर्तन आएको छ ।
- ✦ बादी समुदायमा केही विद्वान तथा शिक्षित व्यक्तित्वहरू रहेका छन् ।
- ✦ बादी समुदायमा केही स्थानीय तथा प्रदेश सरकारका प्रतिनिधिहरू रहेका छन् ।
- ✦ बादी समुदायको व्यवहार, मनोवृत्ति, सोचाइमा सकारात्मक परिवर्तन भएको छ ।

- बादी समुदायमा शिक्षा, स्वास्थ्य र एच्.आई.भी. एड्स जस्ता विषयहरूमा जनचेतना बढ्दै गएको छ ।
- बादी समुदायको नेतृत्व गर्ने बादी अगुवाहरू आत्मविश्वास पैदा भएको छ तथा उनीहरूआत्मनिर्भर भएका छन् ।
- बादी समुदायमा आधारित नेटवर्क तथा संघ/संस्थाहरू समुदायमा स्थापना भएका छन् ।

**ख. बादी समुदायका अवसरहरू**

- नेपाल सरकार र बादी समुदायबीच बालबालिका शैक्षिक छात्रवृत्ति सहयोग, महिला पुनर्स्थापना तथा अपशब्दहरूको प्रयोगमा निषेध जस्ता विषयहरूमा २ बुँदे सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।
- नेपाल सरकारले बादी समुदायका लागि जनता आवास कार्यक्रम ल्याएको छ ।
- नेपाल सरकारले बादी समुदायमलाई यौन शोषण मुक्त समाज भनी २३ पौष, २०६५ मा घोषणा गऱ्यो र साथै जोखिम अवस्थामा रहेका महिलाहरूलाई पुनर्स्थापना गर्ने निर्णय गरेको छ ।
- केही स्थानीय सरकारहरूले बादी बालबालिकाहरूलाई प्रेरणाको स्रोतको रूपमा शैक्षिक छात्रवृत्ति सहयोग प्रदान गरेको छ ।
- वि.सं. २०६२ साल देखि २०७५ सम्म नेपाल सरकारले बादी समुदायसँग गरेका सम्झौता, घोषणा पत्रहरू तथा प्रतिबद्धताहरू ।
- सर्वोच्च अदालतले ३० भाद्र २०६२ मा जारी गरेको परमादेश, जसमा आमाको नामबाट नागरिकता पाउनुपर्छ र १५ फाल्गूण २०७५ मा जातिगत भेदभावविरूद्ध रोक र समाजद्वारा कलङ्कित पारिएका बादी महिलाहरू सम्मानित जीवनयापन गर्न पाउनु पर्छ भन्ने आदेशहरू ।
- बादी समुदायका साझा सवालहरू तथा मद्दाहरूमा राज्यसँग भएका सम्झौता र निर्णयहरूमा पहल हुनु ।
- संसदीय समिति र सरकारी समिति सचिवालय समितिले बादी समुदायका विभिन्न साझा सवालहरू, अधिकारहरू, सामाजिक न्याय, मान-मर्यादा तथा सम्मानमा प्रतिवेदन तयार बनाएको छ ।

- त्यसैगरी नेपालको संविधान २०७२ को धारा ४० मा सामाजिक न्याय अन्तर्गत दलित समुदायको अधिकार, उचित शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा भत्ता, परम्परागत सीपहरूको प्रवर्द्धन, जग्गामा स्वामित्व, जनता घर आवासको अधिकारहरू सुनिश्चित गरेको छ । त्यस्तै धारा ४२ अन्तर्गत सीमान्तकृत तथा अल्पसंख्यक समुदायको सामाजिक न्याय अन्तर्गत हक अधिकार सुनिश्चित गरेको छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरू बादी समुदायका अधिकारहरू, साझा सवालहरू तथा मुद्दाहरूप्रति सकारात्मक दृष्टिकोण राखेका छन् ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संघ/संस्था तथा (एजेन्सी) सङ्गठनहरूसँग सहकार्य तथा सम्बन्ध विस्तारै गर्दै गएको छ ।
- विश्वविद्यालय अनुदान आयोग (UGC) ले बादी समुदायका विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि मेडिकल डाक्टर, इन्जिनियरिङ पढ्न विशेष छात्रवृत्ति कार्यक्रमको प्याकेज तैयार गरेको छ ।
- ५ नं प्रदेश, कर्णाली तथा सुदूरपश्चिम प्रदेशहरूमा बादी समुदायका १९ जना बादी जन प्रतिनिधिहरू मध्ये प्रदेशस्तर संसदमा १ जना, गाउँपालिका उपाध्यक्ष १ जना, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकामा १७ जना निर्वाचित सदस्यहरू रहेका छन् ।
- दिगो विकास लक्ष्य प्राप्तिको लागि कसैलाई पनि पछाडि नछोडौं भन्ने आधारभूत सिद्धान्तका साथै नेपाल सरकारले दिगो विकास लक्ष्यहरु वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३० दस्तावेजीकरण भइसकेको छ ।

## ४. बादी समुदायको दर्शन, ध्येय, उद्देश्यहरुको लक्षित आधार

### क. दर्शन

- समृद्ध तथा सम्मानित बादी समुदाय ।

**ख. ध्येय**

- बादी समुदाय सङ्गठित भई गुणात्मक जीवनका लागि सिर्जनशील रूपले परिचालित हुनेछ ।

**ग. लक्ष्य**

- नेपालमा बादी समुदायको सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने ।

**घ. विकासशील उद्देश्यहरू**

- शिक्षा तथा सीप विकासमा बादी समुदायको बढ्दो पहुँच बढाउने,
- बादी समुदायको नेतृत्व तथा अभियन्तामा वृद्धि गर्ने,
- बादी समुदायहरू विभिन्न तहमा उद्यमशीलता तथा रोजगारीमूलक कार्यहरू गर्न उत्प्रेरित गर्ने,
- बादी समुदायको जमिन तथा घर आवासमा स्वामित्व तथा पहुँच पुऱ्याउने,
- सरकारी तथा गैरसरकारी क्षेत्रमा बादी समुदायको आरक्षण कोटालाई सुनिश्चितता र कार्यान्वयन गर्ने,
- बादी समुदायको सशक्तीकरणमा वृद्धि गर्ने र
- सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा बादी समुदायको सहभागिता तथा समावेशीकरण गर्ने ।

**ङ. बादी समुदायका मूल्य र मान्यताहरू**

- सम्मान
- सकारात्मक विचार
- मेलमिलाप
- पारदर्शिता
- जवाफदेहिता

- समानता
- धैर्यता
- समावेशीकरण

**च. विषयगत क्षेत्रहरू**

- शिक्षा तथा सीप विकास
- उद्यमशीलता विकास
- नेतृत्व विकास
- घर तथा जग्गामा पहुँच
- आरक्षण कोटामा निश्चितता
- सशक्तीकरण
- सहभागिता तथा समावेशीकरण

## ५. रणनीतिक योजनाको लजिकल फ्रेमवर्क

**बादी समुदाय : लजिकल फ्रेमवर्कमा आधारित व्यवस्थित नतिजा (२०२० - २०३०)**

| **दर्शनः** समृद्ध तथा सम्मानित बादी समुदाय । | | | |
|---|---|---|---|
| **ध्येयः** बादी समुदाय सङ्गठित भई गुणात्मक जीवनका लागि सिर्जनशील रूपले परिचालित हुनेछ । | | | |
| **लक्ष्य :** नेपालमा बादी समुदायको सुरक्षा र प्रवर्द्धन । | | | |
| **विकासशील उद्देश्यहरू(बि.उ.) तथा रणनीतिक उद्देश्यहरू (र.उ.)** | **प्रमुख क्रियाकलापहरू** | **प्रमुख सूचकहरू** | **स्रोतहरू (बजेट)** |
| **१. शिक्षा तथा सीप विकासमा बादी समुदायको बढ्दो पहुँच बढाउने ।** | | | |
| (र.उ.) १.१ शैक्षिक छात्रवृत्तिमा पहुँच<br>(र.उ.) १.२ माध्यामिक तथा उच्च शिक्षामा सुनिश्चितता तथा भर्नामा वृद्धि<br>(र.उ.) १.३ प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा पहुँच तथा वृद्धि<br>(र.उ.) १.४ शिक्षा, स्वास्थ्य तथा एच्. आई.भी. एड्समा जनचेतनाको वृद्धि<br>(र.उ.) १.५ जोखिम बादी महिलाको लागि समाजमा आश्रितस्थलको स्थापना | • प्रायोजक तथा प्रायोजनको समान अनुपातमा प्राप्ति तथा वितरण<br>• खाना/पोषण सहयोग<br>• अनिवार्य विद्यालय/ कलेज भर्ना अभियान<br>• बेरोजगार युवाका लागि CTEVT सहयोग<br>• अनौपचारिक शिक्षा कार्यक्रमहरू<br>• प्रसुती/मातृत्व स्याहार सहयोग कार्यक्रमहरू तथा क्लिनिकहरू | • १००% विद्यालय जाने उमेर पुगेकाहरूलाई आधारभूत तथा माध्यामिक तहका विद्यार्थीलाई अनिवार्य भर्ना अभियान २०३० सम्म<br>• २०३० सम्म साक्षरता दर ९५% पुग्ने<br>• ५०% भन्दा बढी २०३० सम्म उच्च शिक्षा पढेका हुनेछन् | • बादी समुदायबाट अनुदान तथा योगदान<br>• स्थानीय, प्रदेश तथा सङ्घीयसरकार<br>• सरकारको वार्षिक बजेट छुट्याइएका विशेष कार्यक्रमहरू<br>• सरकारले (दलित/ बादी) लाई छुट्याइएका लक्षित समुदायका कार्यक्रमहरू<br>• ब्यक्तिगत तथा मिसन संगठनहरूका सहयोग तथा अनुदानहरू |

| | | | |
|---|---|---|---|
| (र.उ.) १.६ बादी समुदायका परिवारहरूमा यौन शोषणको प्रवृत्ति तथा देखासिकिमा रोकथाम | • साधारण, उच्च तथा प्राविधिक शिक्षामा वकालत/पैरवी<br>• एच्.आई.भी.एड्स, परामर्श सेवाहरू तथा स्क्रिनिङ् सेवामा जनचेतना | • २०० जना युवा जनशक्ति स्नातक तह उत्तीर्ण गरी जसमध्ये ५ जना डाक्टर, ५ जना इन्जिनियर हुनेछन्<br>• स्वास्थ्य तथा सरसफाइ मा ७०% ले वृद्धि भएका हुनेछन्<br>• बादी समुदायमा एच्.आई.भी/एड्सको शून्य सहनशीलता तथा पैरवी तथा सङ्गठित आन्दोलनहरूबाट शोषण गर्ने प्रवृत्तिको अन्तय गर्ने | • विभिन्न देशहरूका कुटनीतिक मिसनहरू<br>• एन.जि.ओ/आई.एन.जि.ओ तथा द्विपक्षीय ऐजेन्सीको सहयोग<br>• यु.एन. का ऐजेन्सीहरू |
| **बि.उ.-२ : बादी समुदायको नेतृत्व तथा अभियन्तामा वृद्धि** | | | |
| (र.उ.) २.१ नेतृत्व तालिमहरूमा वृद्धि तथा पहुँच<br>(र.उ.) २.२ बादी समुदायका अगुवाहरूको सार्वजनिक स्थलहरूमा बोल्ने शैलीमा विकास<br>(र.उ.) २.३ सुशासनको ज्ञान, नीतिहरू तथा समुदायको परिचालन कार्य मा वृद्धि | • विभिन्न स्तर तथा तहमा नेतृत्व तालिमहरू<br>• सार्वजनिक स्थलहरूमा बोल्ने सक्ने सीपको दक्षता तालिम<br>• सामुदायिक स्तरमा शिविर/तालिम हरूतथा वकालत/पैरवी | • बादी समुदायका ६०% ले २०३० सम्म नेतृत्व तालिम लिएर प्रयोगमा ल्याएका हुनेछन्<br>• ४०% बादी नेतृत्वकर्ता तथा अगुवाहरूदक्षताका साथ आफ्ना सवालहरू तथा आधिकारहरूप्रति आवाज उठाउन सक्ने भएका हुनेछन् | • बादी समुदायबाट अनुदान तथा योगदान<br>• स्थानीय, प्रदेश तथा सङ्घीयसरकार<br>• सरकारको वार्षिक बजेट छुट्याइएका विशेष कार्यक्रमहरू |

| | | | |
|---|---|---|---|
| (र.उ.) २.४ नेतृत्व गर्ने क्षमता तथा राजनैतिक दलमा पहुँच<br>(र.उ.) २.५ सामुदायिक/सामाजिक नेतृत्व गर्ने अगुवाहरूको स्तर तथा तहमा वृद्धि | • विभिन्न राजनैतिक दलहरूसंग वकालत/पैरवी<br>• विभिन्न राजनैतिक दलहरूतथा स्थानीय स्तरका प्रतिनिधिहरूसंग अन्तरकिरिया कार्यक्रमहरू<br>• शैक्षिक/अवलोकन भ्रमण | • ६०% बादी अगुवाहरूवकालत /पैरवी तालिम २०३० सम्म लिएका हुनेछन्<br>• ४५% अगुवाहरूले नीति नियमहरू तथा सुशासनको ज्ञान तथा शिक्षा प्राप्त गरेका हुनेछन्<br>• २०३० सम्म लगभग २० % थप बादी समुदायका अगुवाहरू तयार हुनेछन् | • सरकारले (दलित/ बादी) लाई छुट्याइएका लक्षित समुदायका कार्यक्रमहरू<br>• ब्यक्तिगत तथा मिसन संगठनहरूका सहयोग तथा अनुदानहरू<br>• विभिन्न देशहरूका कुटनीतिक मिसनहरू<br>• एन.जि.ओ/आई.एन.जि.ओ तथा द्विपक्षीय ऐजेन्सीको सहयोग<br>• यु.एन. का ऐजेन्सीहरू |
| **बि.उ.-३ : बादी समुदायहरु विभिन्न तहमा उद्यमशीलता तथा रोजगारमूलक कार्यहरु गर्न उत्प्रेरित गर्ने ।** | | | |
| (र.उ.) ३.१ कच्चा पदार्थ तथा प्रवर्द्धन प्रक्रियामा पहुँच र सुविधा<br>(र.उ.) ३.२ उद्योग स्थापना तथा उद्यमशीलतामा सहयोग र प्रवर्द्धन<br>(र.उ.) ३.३ परम्परागत सीपमा आधारित पेशाहरूको प्रवर्द्धन<br>(र.उ.) ३.४ ब्याज बिनाको कर्जा तथा ऋण लगानीमा सुनिश्चितता | • कच्चा पदार्थ व्यवस्थापनमा विभिन्न निकायबीच समन्वय<br>• उद्यमशीलता विकास का तालिमहरू र उद्योग स्थापनामा सहयोग<br>• ब्याजबिनाको कर्जाको लागि वकालत तथा पैरवी<br>• परम्परागत पेशाहरूको लागि सहयोग तथा प्रवर्द्धन | • कम्तिमा १० वटा उद्योगको व्यवथित रूपले स्थापना तथा सञ्चालन हुनेछ<br>• कम्तिमा १० वटा परम्परागत सीप तथा कलाहरूमा आधारित उद्योगको स्थापना तथा सञ्चालन हुनेछ<br>• लगभग ५०० जना बेरोजगारले रोजगार पाएका हुनेछन् | • बादी समुदायबाट अनुदान तथा योगदान<br>• स्थानीय, प्रदेश तथा सङ्घीयसरकार<br>• सरकारको वार्षिक बजेट छुट्याइएका विशेष कार्यक्रमहरू<br>• सरकारले (दलित/ बादी) लाई छुट्याइएका लक्षित समुदायका कार्यक्रमहरू |

| | | | |
|---|---|---|---|
| | • विभिन्न उद्यमशील कार्यक्रमका लागि स्थानीय सरकारबाट वार्षिक बजेट छुट्याउनमा पहल | | • ब्यक्तिगत तथा मिसन संगठनहरूका सहयोग तथा अनुदानहरू<br>• विभिन्न देशहरूका कुटनीतिक मिसनहरू<br>• एन.जि.ओ/आई.एन.जि.ओ तथा द्विपक्षीय ऐजेन्सीको सहयोग<br>• यु.एन. का ऐजेन्सीहरू |
| **बि.उ.-४ : बादी समुदायको जमिन तथा घर आवासमा स्वामित्व तथा पहुँच** | | | |
